"अपिहिमाल गाउँपालिकाको अपेक्षा : व्यावसायिक र प्रविधिमैत्री गुणस्तरीय शिक्षा"



# अपिहिमाल गाउँपालिकाको प्रथम दस वर्षीय शिक्षा योजना

## First Ten Year Education Plan of Apihimal Rural Municipality

## (२०८१-२०९१)




अपिहिमाल गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

**अपिहिमाल गाउँपालिकाको प्रथम दस वर्षीय गाउँ शिक्षा योजना (२०८१/०८२ - ०९०/०९१)**


| | |
|---|---|
| **प्रकाशक** | : अपिहिमाल गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय, खण्डेश्वरी, दार्चुला |
| **सर्वाधिकार** | : प्रकाशकमा |
| **प्रकाशन मिति** | : २०८२ |
| **सम्पर्कका लागि** | : गाउँ कार्यपालिकाको कार्यालय<br>खण्डेश्वरी, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल<br>फोन :<br>इमेल: **apihimaldarchula@gmail.com**, **info@apihimalmun.gov.np** |

अपिहिमाल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## गाउँपालिका अध्यक्षको सन्देश



शिक्षा राष्ट्र विकासको मूल आधार हो। गुणस्तरीय शिक्षाको अभावमा व्यक्तिको व्यक्तित्व निर्माण, पारिवारिक सुदृढीकरण तथा समग्र सामाजिक रूपान्तरण कार्य सम्भव हुँदैन। ऐतिहासिक दृष्टिकोणले हेर्दा पनि प्रत्येक कालखण्डमा शिक्षाले समाज विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको स्पष्ट देखिन्छ। वर्तमान विश्वव्यापीकरण र प्रविधिनिर्भर युगमा शिक्षाका आयामहरू निरन्तर फराकिला हुँदै गइरहेका छन्। यस्तो परिवर्तित सन्दर्भमा गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षण कलाको सशक्त र प्रभावकारी प्रयोग अपरिहार्य छ। सरल, स्पष्ट र प्रयोजनीय ढङ्गबाट ज्ञान, सिप, कला तथा अवधारणाहरूको पुस्तान्तरण गर्ने विधि नै शिक्षण कला हो, जसको केन्द्रमा शिक्षक रहन्छन्।

बालबालिकामा अन्तर्निहित सिर्जनात्मक प्रतिभा र अभिव्यक्ति क्षमतालाई प्रस्फुटन गराउने सकारात्मक वातावरण घर, परिवार र विद्यालयमा निर्माण गर्नु हाम्रा सामूहिक दायित्वहरूमा पर्दछ। जीवनयापनलाई सहज बनाउने, आदर्श र नैतिकतापूर्ण जीवनशैली विकास गराउने तथा वैज्ञानिक चेतनासम्पन्न नागरिक निर्माण गर्ने कार्यमा शिक्षा निर्णायक तत्त्व हो। यस अर्थमा, विद्यालय व्यवस्थापनलाई केवल भौतिक पूर्वाधारसँग मात्र होइन, दार्शनिक, सामाजिक र मनोवैज्ञानिक आधारहरूमा समेत आधारित बनाइनु आजको आवश्यकता हो। विद्यालयको भौतिक सुधारलाई मात्र गुणस्तरीय शिक्षाको मापनको आधार मान्नु अपूर्ण दृष्टिकोण हुन्छ।

गुणस्तरीय शिक्षाको मूल मापन भनेको शिक्षकद्वारा कक्षाकोठामा प्रयोग गरिने कुशल शिक्षण कला हो; जसमा बालमनोविज्ञानको प्रयोग, शिक्षण सामग्रीको प्रभावकारी प्रयोग, बालमैत्री सिकाइ पद्धति, कक्षाकोठाको अनुशासन तथा स्वच्छता, शिक्षक र विद्यार्थीको नियमितताजस्ता पक्षहरू विशेष महत्त्वका हुन्छन्। यी सबै पक्षहरूलाई प्रभावकारी बनाउने सन्दर्भमा विद्यालयको भौतिक पूर्वाधारको विकास अपरिहार्य हुन्छ। यद्यपि, पूर्वाधार समृद्ध हुँदा पनि कक्षामा शिक्षण कलाको कुशल प्रयोग नभएमा त्यसको प्रभाव शिक्षण-सिकाइ प्रक्रियामा देखिँदैन; जुन गम्भीर विषय हो। शिक्षासम्बन्धी नीतिनियम, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रणाली, विद्यालय प्रशासन, अनुगमन तथा निरीक्षणजस्ता पक्षहरूले पनि शिक्षण-सिकाइलाई व्यापक रूपमा प्रभाव पार्ने गर्दछ। यस दस वर्षीय शिक्षा योजनाको मूल उद्देश्य शिक्षण कलाको प्रयोग र विकासलाई प्राथमिकता दिनु हो र यस प्रयोजनका लागि विद्यालयको भौतिक सुधार, शिक्षक तालिमको व्यवस्थापन, प्रेरणादायी वातावरण सिर्जना, शिक्षण सामग्रीको सुनिश्चितता, अभिभावक क्षमता विकास, विद्यालय प्रशासनमा सुधार तथा समुदाय परिचालन जस्ता अन्य शैक्षिक पक्षहरूमा समेत योजनाले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

समान गुणस्तरीय शिक्षाका लागि सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउनुका साथै उनीहरूको नियमित उपस्थिति सुनिश्चित गर्दै विद्यालयीय तहहरू पार गराउनु चुनौतीपूर्ण कार्य हो । यस चुनौतीको समाधानका लागि समुदाय परिचालन र अभिभावक सचेतनामा वृद्धि अपरिहार्य छ; जसमा यो योजनाले सघाउने विश्वास लिएको छु । शिक्षाको विकासका लागि आवश्यक सम्पूर्ण आधारहरूलाई समन्वयात्मक तथा एकीकृत दृष्टिकोणबाट नियालेर कार्यान्वयन गर्नु नै यो योजनाको केन्द्रबिन्दु हो । यस्तो बहुआयामिक योजना कार्यान्वयनमा शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक सङ्घ, शिक्षाप्रेमी व्यक्तित्वहरू, समाजसेवी, राजनीतिक दलका पदाधिकारीहरू, सामाजिक सङ्घ-संस्थाका प्रतिनिधिहरू तथा शिक्षा शाखाका राष्ट्रसेवक कर्मचारीहरूको सक्रिय सहयोग आवश्यक हुन्छ । हाम्रो गाउँपालिकाको शैक्षिक विकासका निम्ति यो योजना महत्त्वपूर्ण माध्यम बन्नुका साथै सामाजिक तथा आर्थिक क्षेत्रको उन्नयनमा समेत यसले सकारात्मक प्रभाव पार्ने विश्वास मैले लिएको छु ।

शिक्षा योजना निर्माण गर्ने विषय गहन, बहुआयामिक, दीर्घकालीन र आफैँमा चुनौतीपूर्ण कार्य हो । यस कठिन कार्यमा समर्पित भई कार्य गर्नुभएका ब्यक्तित्वज्यूहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी यस शिक्षा योजना निर्माणका क्रममा अमूल्य सुझाव तथा अभिमत प्रदान गर्ने सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरूप्रति पनि कृतज्ञता प्रकट गर्दछु ।

अन्त्यमा, अपिहिमाल गाउँपालिकाको यस शिक्षा योजना कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरूको निरन्तर साथ, सहयोग, समर्थन र ऐक्यबद्धता रहिरहने कुराको पूर्ण अपेक्षा राख्दछु ।

भक्त सिंह ठेकेरे बोहरा
अध्यक्ष
अपिहिमाल गाउँपालिका

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

## गाउँपालिका उपाध्यक्षको सन्देश



नेपालको संविधानको धारा ३१ ले 'प्रत्येक नागरिकलाई मौलिक हकको रूपमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ' भन्ने व्यवस्था गरेको छ । त्यस्तै संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको उल्लेख गरेको छ । संविधान र कानुनले अङ्गीकार गरेको व्यवस्थालाई आत्मसात गर्दै समाज परिवर्तनको संवाहक तत्त्वका रूपमा रहेको शिक्षालाई समयसापेक्ष, वैज्ञानिक, सिपमूलक तथा रोजगारमूलक बनाउनु आजको आवश्यकता हो । राज्यले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धता, दिगो विकासको लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजना, अपिहिमालको आवधिक पञ्चवर्षीय योजना, विद्यालय शिक्षा क्षेत्र योजना लगायतका मूल नीतिलाई मार्गदर्शक आधारको रूपमा लिई अपिहिमाल गाउँपालिकाले आफ्नो प्रस्तुत दस बर्से शिक्षा योजना तयार गरेको छ ।

उल्लिखित सन्दर्भमा अपिहिमाल गाउँपालिकाको शैक्षिक प्रणालीलाई सहज र व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि सबैभन्दा पहिले विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयभित्र ल्याउनु र विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्नु हाम्रो आवश्यकताको विषय हो । गाउँपालिका क्षेत्रमा अवस्थित प्रत्येक विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि, बालमैत्री एवम् प्रविधिमैत्री शिक्षा, विद्यालयहरूमा सुशासन तथा शिक्षकहरूको क्षमता विकास, भौतिक पूर्वाधारका संरचना निर्माण र शिक्षामा अधिकतम लगानी वृद्धि गर्ने जस्ता कुराहरूलाई अपिहिमाल गाउँपालिकाले आफ्नो प्राथमिकताका विषय मानेर अघि बढ्नु आजको आवश्यकता हो ।

अपिहिमाल गाउँपालिकाको प्रस्तुत शिक्षा योजनालाई पूर्ण रूपमा कार्यान्वयन गरी गाउँपालिकाले लिएका लक्ष्य र उद्देश्यहरू दस वर्षमा पूरा हुनेछन् र अपिहिमाल गाउँपालिका शैक्षिक गन्तव्यको रूपमा विकास हुनेछ । शिक्षा योजना निर्माणको क्रममा जनस्तरबाट प्राप्त सकारात्मक सुझावहरूलाई समेत योजनामा समेट्दै प्रस्तुत शिक्षा योजना सफलतापूर्वक पूर्ण रूपमा कार्यान्वयन हुने पूर्ण विश्वास व्यक्त गर्दछु । यस शिक्षा योजना निर्माणको कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपिहिमाल गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा लगायत सहयोगी अन्य निकाय एवम् व्यक्तिहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

(देवकी देवी बोहरा)<br>
उपाध्यक्ष<br>
अपिहिमाल गाउँपालिका<br>
खण्डेश्वरी, दार्चुला

अपिहिमाल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

## प्रमुख प्रशासकीय अधिकृतको सन्देश



नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गर्दै आधारभूत शिक्षा अनिबार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। साथै आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकारको सूचीमा राखेको छ। यस व्यवस्थाले बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न स्थानीय तहलाई शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा अनुगमनका लागि जिम्मेवार बनाएको छ। नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ११ (ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाका अधिकारहरुको कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकाय सङ्घसंस्था तथा बुद्धिजीवीहरुबाट प्राप्त सुझाव तथा पृष्टपोषण समेतका आधारमा यस गाउँपालिकाको शैक्षिक आवश्यक्ता परिपुर्तिका लागि यो योजना निर्माण गरिएको छ।

शैक्षिक गुणस्तरमा सुधार ल्याउन यस योजनामा शिक्षासंग सम्बन्धित प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ मुख्य प्राथमिकताका क्षेत्रहरु रहेका छन् भने पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास शिक्षा, समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा विपद् न्यूनिकरण तथा उत्थानशिलता, विद्यालय भौतिक पुर्वाधार, विकास विद्यालयमा सूचना तथा सञ्चार प्रविधि जस्ता विषयलाई पनि उत्तिकै प्राथमिकताका साथ राखिएको छ। त्यसैगरी शैक्षिक सुशासन तथा व्यवस्थापनको विषय पनि समावेश गरिएको छ। यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सरोकारवालाहरुको सहयोगको अपेक्षा गरिएको छ।

यस योजनाको निर्माणका लागि विज्ञताको रूपमा सहयोग गर्नु हुने परामर्षदाता, रचनात्मक सुझाव उपलब्ध गराउनु हुने जनप्रतिनीधि, बुद्धिजीवी, शिक्षाप्रेमी, शिक्षक, अभिभावक, विद्यार्थी सबैलाई हार्दिक आभार दिन चाहन्छौ।

धन्यवाद !

(ईन्द्र बहादुर रावल)
प्रमुख प्रशासकीय अधिकृत

## विषयसूची


गाउँपालिका अध्यक्षको सन्देश ........ I

गाउँपालिका उपाध्यक्षको सन्देश ........ III

प्रमुख प्रशासकीय अधिकृतको सन्देश ........ IV

विषयसूची ........ V

तालिका सूची ........ IX

**परिच्छेद - १ : परिचय ........ 1**

**१.१ वर्तमान अवस्था** ........ 1

(क) भौगोलिक अवस्थितिको विश्लेषण ........ 1

(ख) जनसाङ्ख्यिक अवस्था ........ 2

(ग) प्राकृतिक तथा सांस्कृतिक सम्पदा ........ 3

(घ) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण ........ 3

(च) शैक्षिक अवस्थाको विश्लेषण ........ 5

**१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण** ........ 12

(क) मुख्य समस्याहरू ........ 13

ख) शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण ........ 13

**परिच्छेद - २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ 16**

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधारहरू ........ 16

२.१.१ संवैधानिक प्रावधान ........ 17

२.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४ ........ 17

२.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी): ........ 18

२.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७६ ........ 19

२.२ दूरदृष्टि ........ 19

२.३ लक्ष्य ........ 20

२.४ उद्देश्य ........ 20

२.५ रणनीति ........ 20

२.६ कार्यनीति ........ 20

२.७ अपेक्षित उपलब्धि ........ 21

**परिच्छेद – तीन : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू ........ 31**

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 31

३.१.१ वर्तमान अवस्था ........ 31

३.१.२ उद्देश्य ........ 32

३.१.३ रणनीतिहरू ........ 32

३.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 33

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 34

३.२ आधारभूत शिक्षा ........ 36

३.२.१ वर्तमान अवस्था ..... 36
३.२.२ उद्देश्य ..... 37
३.२.३ रणनीतिहरू ..... 37
३.२.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 38
३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 40
३.३ माध्यमिक शिक्षा ..... 43
३.३.१ वर्तमान अवस्था ..... 43
३.३.२ उद्देश्यहरू ..... 44
३.३.३ रणनीतिहरू ..... 44
३.३.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... 45
३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 48
३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा ..... 49
३.४.१ वर्तमान अवस्था ..... 49
३.४.२ उद्देश्यः ..... 49
३.४.३ रणनीतिहरू ..... 49
३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... 50
३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 51
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ..... 53
३.५.१ वर्तमान अवस्था ..... 53
३.५.२ उद्देश्य ..... 54
३.५.३ रणनीतिहरू ..... 54
३.५.४ प्रमुख उपलब्धि तथा नतिजाः ..... 54
३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः ..... 56
**परिच्छेद - ४ : अन्तर्सम्बन्धित विषय तथा क्षेत्र ..... 58**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ..... 58
४.१.१ वर्तमान अवस्थाः ..... 58
४.१.२ उद्देश्य ..... 60
४.१.३ रणनीतिहरू ..... 60
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 61
४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 62
४.२ शिक्षक व्यवस्थापन र विकास ..... 64
४.२.१ वर्तमान अवस्था ..... 64
४.२.२ उद्देश्य ..... 65
४.२.३ रणनीतिहरू ..... 65
४.२.४ प्रमुख उपलब्धि तथा नतिजाः ..... 66
४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 68
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ..... 71

४.५.२ उद्देश्य ..... 72
४.५.३ रणनीति ..... 72
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 74
४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 75
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ..... 76
४.६.१ वर्तमान अवस्थाः ..... 76
४.६.२ उद्देश्य ..... 76
४.६.३ रणनीतिहरू ..... 76
४.६.४ प्रमुख उपलब्धि तथा नतिजाः ..... 77
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ..... 80
४.७.१ वर्तमान अवस्था ..... 80
४.७.३ रणनीतिहरू ..... 81
४.७.४ प्रमुख उपलब्धि तथा नतिजाः ..... 82
४.७.५ नतिजा तथा परिमाणात्मक लक्ष्य ..... 83
४.७.६ मुख्य क्रियाकलाप तथा लक्ष्य ..... 83
**परिच्छेद - पाँच : सुशासन तथा व्यवस्थापन ..... 85**
५.१ परिचय ..... 85
५.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ..... 86
५.२.१ वर्तमान अवस्था ..... 86
५.२.२ उद्देश्य ..... 87
५.२.३ रणनीतिहरू ..... 87
५.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... 89
५.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ..... 91
५.३.१ वर्तमान अवस्था ..... 91
५.३.२ समस्या तथा चुनौतीहरू ..... 92
५.३.३ योजना कार्यान्वयनको प्रबन्ध ..... 93
**परिच्छेद - छ : लगानी र स्रोत व्यवस्थापन ..... 96**
६.१ परिचय ..... 96
६.२ वर्तमान अवस्था ..... 96
६.४ शिक्षाका विभिन्न उपक्षेत्रमा भएको लगानीको अवस्था ..... 102
६.५ उद्देश्यहरू ..... 105
६.६ रणनीतिहरू ..... 105
६.७ लगानी र स्रोत व्यवस्थापन ..... 106

**परिच्छेद - सात : अनुगमन तथा मूल्याङ्कन ..... 112**
७.१ वर्तमान अवस्था ..... 112
७.२ उद्देश्य ..... 114

७.३ रणनीतिहरू .................................................. 114
७.४ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू .................................................. 115
७.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य.................................................. 117
**सन्दर्भ सामग्री.................................................. 120**

# तालिका सूची

तालिका सङ्ख्या १ : शैक्षिक कार्यक्रम तथा शिक्षण संस्था......6
तालिका सङ्ख्या 2 : वडागत विद्यालय विवरण......7
तालिका सङ्ख्या 3 : कक्षागत विद्यार्थी विवरण......7
तालिका सङ्ख्या ४ : अपाङ्गता भएका बालबालिकाको विवरण......8
तालिका सङ्ख्या 5 : सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी विवरण......9
तालिका सङ्ख्या 6 : सामुदायिक विद्यालयहरूको कर्मचारी दरबन्दी विवरण......10
तालिका सङ्ख्या 7 : सामुदायिक विद्यालयतर्फको विद्यालय-विद्यार्थी अनुपात......10
तालिका सङ्ख्या 8 : सामुदायिक विद्यालयतर्फको शिक्षक-विद्यार्थी अनुपात......11
तालिका सङ्ख्या ९ : पहुँचमा लैङ्गिग समानता सूचाङ्क......11
तालिका सङ्ख्या 10 : कार्य सम्पादनका मूख्य सूचक तथा लक्ष्यहरू......21
तालिका सङ्ख्या 11 : कार्य सम्पादनका मूख्य सूचक तथा लक्ष्य......24

# परिच्छेद - १ : परिचय

## १.१ वर्तमान अवस्था

राष्ट्रको विकास, समृद्धि र सुशासनको मूल आधार शिक्षा हो । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी उसलाई रोजगार तथा श्रम बजारमा उपलब्ध रोजगारीका अवसरमा पहुँच अभिवृद्धि गर्दछ । यसबाट मर्यादित एवम् सम्मानजनक जीवन जिउन सहयोग पुग्न जान्छ । मुलुकको आर्थिक एवं सामाजिक रूपान्तरणको मूल आधार शिक्षा भएकाले नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरी राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा शिक्षालाई नेपाली नागरिकका आधारभूत आवश्यकताका रूपमा स्थापित गरेको छ । सबै नेपाली नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउने राज्यको दायित्व रहेको कुरा संविधानले स्पष्ट पारेको छ । नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने, मातृभाषामा शिक्षा पाउने र विद्यालय खोल्न पाउने हकसमेत संविधानले प्रत्याभूत गरेको छ ।

समृद्ध नेपाल, सुखी नेपाली (समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्रसहितको समान अवसरप्राप्त स्वस्थ्य, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक) सहितको समुन्नत राष्ट्र निर्माणमा मानव संशाधनको भूमिका महत्त्वपूर्ण रहन्छ । मानव संशाधन विकासको मूल आधार शिक्षा नै हो । अपिहिमाल गाउँपालिकाले आफ्नो आर्थिक स्रोत र साधनको समुचित परिचालन गरी अवसरहरूको सिर्जना गर्नका लागि शिक्षासम्बन्धी योजना तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयनको महत्त्वपूर्ण भूमिका हुन्छ । अपिहिमाल गाउँपालिकाको दीर्घकालीन सोच "सुन्दर, समृद्ध र विकसित अपिहिमाल" लाई साकार पार्न समेत शिक्षासम्बन्धी दीर्घकालीन योजना अपरिहार्य छ । नेपालको संविधानमा भएका शिक्षासम्बन्धी प्रावधान, नेपाल सरकारको शिक्षा नीति, सुदूरपश्चिम प्रदेशको शिक्षा नीति एवं अपिहिमाल गाउँपालिकाको दीर्घकालीन सोच, अपिहिमाल गाउँपालिकाको शिक्षासम्बन्धी नीतिसमेतलाई सम्बोधन हुने गरी अपिहिमाल गाउँपालिकाले दस बर्से (२०८१/०८२ - २०९०/०९१) शिक्षा क्षेत्रको शिक्षा विकास योजनालाई अगाडि बढाएको छ ।


अपिहिमाल गाउँपालिकाले तयार गरेको यस दस बर्से शिक्षा क्षेत्रको योजनाले सङ्घीय सरकार र प्रदेश सरकारबाट अपिहिमाल गाउँपालिकालाई प्राप्त हुने स्रोत र साधनको समुचित प्रयोग गर्नेछ । योजना अनुसारको कार्यक्रम कार्यान्वयन गर्न अपुग स्रोत र साधन आन्तरिक स्रोतबाट व्यवस्थापन गरी सन् २०३० सम्म दिगो विकासको लक्ष्यबमोजिम समावेशी र समन्यायमा आधारित गुणस्तरीय शिक्षाको पहुँच तथा निरन्तर सिकाइ र सिप विकासका अवसर सबै गाउँबासीमा पुऱ्याउन सहयोग पुग्नेछ ।

### (क) भौगोलिक अवस्थितिको विश्लेषण

अपिहिमालको काखमा रहेको अपिहिमाल गाउँपालिकाले समुद्री सतहबाट लगभग १७०० मि.को उचाइदेखि ७१३२ मि. उचाइसम्मको भूभागलाई ओगटेको यो गाउँपालिका भौगोगिक अवस्थितिका हिसाबले २९.८६ डिग्री उत्तरदेखि ८०.९० डिग्री पूर्वी अक्षांशसम्म फैलिएको छ । यस गाउँपालिकाले नेपालको कूल भूभागको ६१३.९५ वर्गमिटर भूभाग ओगटेको छ । अपिहिमाल गाउँपालिका दार्चुला जिल्लाको जिल्ला उत्तर-पूर्वी भेगमा रहेको छ ।

यस गाउँपालिकाको सिमाना पूर्वमा बझाङ जिल्ला, पश्चिममा व्यास र नौगाड गाउँपालिका, दक्षिणमा मार्मा गाउँपालिका र उत्तरमा व्यास गाउँपालिकासँग जोडिएको छ । यस गाउँपालिकाको कूल क्षेत्रफल ६१३.९५ वर्ग कि.मि. रहेको छ ।

अपिहिमाल गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक रूपले महत्त्वपूर्ण क्षेत्र हो । यो गाउँपालिका मिति २०७३ फागुन १ गते "अपिहिमाल गाउँपालिका" घोषणा गरिएको थियो । यस गाउँपालिकामा खण्डेश्वरी, घुसा, गुल्जर (न.१) र सितोला (१-८) गाउँ विकास समितिहरू समेटेर जम्मा ६ वडा कायम गरिएको छ । यो गाउँपालिका जिल्ला सदरमुकामदेखि २३ कोस टाढा रहेको छ भने अझै पनि सडक यातायातको पहुँच मकरीगाड जलविद्युत आयोजनाका लागि बनाइएको लगभग १० कि.मि. सडकमै सीमित रहेको छ ।




सांस्कृतिक रूपमा मल्देशी चालचलन र सौका समुदायको परम्परा यहाँको मुख्य संस्कृतिको रूपमा रहेको भएता पनि यस गाउँपालिकामा हिन्दू धर्म मान्नेहरूकै बाहुल्यता रहेको छ । करिब १५ दिन लामो सुर्माको जात्रा आफ्नै मूल्यमान्यताअनुसार भक्तजनले धार्मिक आस्थाका साथ मनाउँछन् भने दार्चुला र बझाङको सिमानामा रहेको यो जात्रास्थल सुर्मा सरोवर माललाई देवीको प्रमुख स्थान मानेर उक्त ठाउँमा पूजापाठ गर्ने परम्परा छ । जातजातिको रूपमा यस अपिहिमाल गाउँपालिकामा ठेकरे, धामी, बोहरा, मन्याल, जागरी, कार्की, देउरुखी, रोकाया, अट्याल, लोथ्याल, टमटा, ओइरे, महता, बुढाथोकी, जोशी आदि थर भएका जातजातिहरू बसोवास गर्दछन् ।

### (ख) जनसाङ्ख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार १३५५ घरपरिवारहरूमा ६७९८ जनसङ्ख्या रहेको छ । जसमध्ये पुरुषको जनसङ्ख्या ३३८६ तथा महिलाको जनसङ्ख्या ३४१२ रहेको छ । औसत घरपरिवारको आकार ५.०२ र लैङ्गिक अनुपात ९९.२४ रहेको छ । अपिहिमाल गाउँपालिककाको औसत जनघनत्व ११ जना प्रतिवर्ग कि.मि. रहेको छ । अपिहिमाल गाउँपालिकामा करिब करिब १२५ वटा मुख्य बस्तीहरूमा कूल घरधुरी सङ्ख्या १३५५ रहेको छ ।

गाउँपालिकामा आर्थिक रूपले सक्रिय १५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या कूल जनसङ्ख्याको आधाभन्दा बढी रहेको छ । यस उमेर समूहलाई गाउँपालिकाले योजनाका साथ कृषि तथा पर्यटनजस्ता आर्थिक उत्पादनका क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकिई गाउँपालिकाको विकासमा ठुलो टेवा पुग्ने अवस्था रहेको देखिन्छ । उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सिप र ज्ञान भएको मानव संशाधन विकासमार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई वैज्ञानिक र प्रभावकारी बनाउन सकिन्छ । यसरी पालिकाको समृद्धिका प्रमुख क्षेत्रका रूपमा रहेका पर्यटन, आधुनिक

कृषि तथा पशुपालन, जडिबुटी सङ्कलन तथा बिक्री र सूचना प्रविधिसँग सम्बन्धित विभिन्न विषयमा शैक्षिक संस्थाको विकास गरी जानसाङ्ख्यिक लाभ लिन सकिन्छ।

यस गाउँपालिकामा धामी, बोहरा, रोकाया, मन्याल, ठेकरे, जागरी, अट्याल, देउरुखी, ठगुन्ना, ओइरे, टमटा, महता आदि थर तथा जातजातिका मानिसहरू बसोवास गर्दछन्। जसमध्ये गाउँपालिका सरकारले अट्याल, देउरुखी, तोथ्याल, धामी र ओइरे जातिलाई अल्पसङ्ख्यक जातिको सूचीमा समावेश गरेको छ।

## (ग) प्राकृतिक तथा सांस्कृतिक सम्पदा

सुदूरपश्चिमको हिमाली जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरूपका हिसाबले मिश्रित प्रकृतिको भूबनोट रहेको पाइन्छ। पालिकाको मध्य भाग भएर बग्ने चौलानी नदीको साथमा अग्ला-अग्ला पहाडका चुलीहरू यहाँका धरातलीय स्वरूपका आकर्षणहरू हुन्। पहाडका काखमा बान्की मिलेर बसेका खेतीयोग्य भिराला जमिनहरू पनि देख्न सकिन्छ। तीबाहेक धेरैजसो भूभाग भिरालो र चट्टानी क्षेत्रले ओगटेको छ। अग्ला र भिराला पहाडी श्रृङ्खलाले बनेको यस गाउँपालिकामा भीरपाखा तथा बसोवासयोग्य क्षेत्रसहितको विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ। यहाँ मुख्यतया भिरालो जमिन र प्राय: स्थानमा भिरहरू रहेको स्थिति छ। सामान्यतयाः यस क्षेत्रमा चिम्ट्याइलो खालको माटो र कडा खालको चट्टान रहेको देखिन्छ।

गाउँपालिकाको कूल क्षेत्रफलमध्ये ६.५ प्रतिशत जमिनमात्र खेती गरिएको जमिन रहेको छ भने सबैभन्दा बढी ३४.३१ प्रतिशत जमिन जङ्गलले ओगटेको छ। त्यसैगरी ३१.१७ प्रतिशत घाँसे मैदान, ७.८७ प्रतिशत बुट्यान, ६.६७ प्रतिशत अनुत्पादक क्षेत्र, ०.३ प्रतिशत पानीले ढाकेको क्षेत्र तथा १३.८१ प्रतिशत हिउँले ढाकेको क्षेत्र रहेको छ। गाउँपालिकालाई मूल प्रवाह क्षेत्र बनाएर अविरल बगिरहने चौलानी नदी तथा यसका सहायक खोलाहरू यहाँको मुख्य प्राकृतिक जलसम्पदाहरू हुन्।

## (घ) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

सुदूरपश्चिम प्रदेशको विकट हिमाली क्षेत्र अपिहिमाल गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था विश्लेषण गर्दा यहाँको समाज परम्परा, जातीय संरचना, धर्म तथा धार्मिक विविधता एवम् संस्कारले भरिपूर्ण रहेको पाइन्छ। अपिहिमाल गाउँपालिका मुख्यतः छ वटा वडाहरूमा विभाजित छ र यहाँ विभिन्न जातजाति, धर्म, भाषा र संस्कार भएका समुदायहरूको बसोवास पाइन्छ। सामाजिक संरचना हेर्दा, यहाँको प्रमुख जातीय समूहमा क्षेत्री, ब्राह्मण, दलित लगायतका जातजाति पर्दछन्। यहाँ विशेष गरी क्षेत्री समुदायको बाहुल्यता छ भने दलित समुदायको पनि उल्लेखनीय उपस्थिति रहेको छ। नेपाली समाजमा जातीय संरचनाले अझै गहिरो गरी जरा गाडेको भए तापनि यस गाउँपालिकामा सामाजिक विभेद तथा छुवाछुतजस्ता समस्याहरू धेरै कम भइसकेका छन्।

सामाजिक जीवनशैली परम्परागत कृषि प्रणालीमा आधारित रहेको छ। अधिकांश मानिसहरूको जीविकोपार्जनको मुख्य स्रोत ब्यापार, जडीबुटी सङ्कलन, खेतीपाती, पशुपालन र वैदेशिक रोजगारी हो। यस गाउँपालिकाका युवाहरूको ठूलो हिस्सा बैदेशिक रोजगारीको विभिन्न मुलुक र नेपालकै काठमाडौँ जस्ता शहरी क्षेत्रमा पलायन भएर जाने प्रवृत्ति बढ्दो छ, जसको असर गाउँमा जनशक्ति, सामाजिक सम्बन्ध र सांस्कृतिक निरन्तरतामा देखिन्छ। गाउँमा अधिकांश महिला र वृद्धवृद्धाको जनसङ्ख्याले बसोबास गरेको देखिन्छ, जसका कारण महिलाहरूमा घरमुलीको जिम्मेवारी र निर्णय क्षमतामा विस्तारै वृद्धि हुँदै गएको छ।

अपिहिमाल गाउँपालिकाको सांस्कृतिक पक्षलाई हेर्दा यहाँको संस्कृति हिन्दू धर्ममा आधारित परम्परा, चाडपर्व, रीतिरिवाज तथा सामाजिक र धार्मिक अनुष्ठानहरूमा गहिरो रूपमा आधारित छ। यहाँका प्रमुख चाडपर्वहरूमा दशैं,

तिहार, माघी, गोरु तिहार, कृष्ण जन्माष्टमी, साउने सङ्क्रान्ति, बिसु, क्षेत्ती जात्रा, जनै पूर्णिमा आदि पर्दछन्। यस्ता चाडपर्वले गाउँमा सामाजिक एकता, मेलमिलाप र सहकार्यको भावना बढाउँछन्।

सम्पर्क भाषाको रूपमा नेपाली भाषा नै सञ्चारको प्रमुख माध्यम भाषा भए तापनि अपिहिमाल गाउँपालिकामा दार्चुलेली भाषाको रूपमा क्षेत्तेली र सौका भाषाको प्रयोग समेत यहाँको व्यापक परिवेशमा हुने गरेको छ। स्थानीय संस्कृतिहरूमा मौलिक नाचगान, देउडा, छलिया नाच, चाहे नाच आदिको परम्परा अद्यापि जीवित छ। विवाह, पूजापाठ, मेला-जात्रा र जन्म-मृत्युजस्ता विभिन्न संस्कारका सन्दर्भमा अँगालिने यहाँको मौलिक सांस्कृतिक प्रचलन तथा अभ्यासले यस ठाउँको निजत्वलाई दर्साउँछन्। यद्यपि पछिल्लो समयमा आधुनिकता, वैदेशिक प्रभाव, प्रविधिको पहुँच र सामाजिक परिवर्तनको प्रभावले परम्परागत संस्कार तथा संस्कृतिमा केही ह्रास आउने अवस्था देखिएको छ। यहाँको युवा पुस्तामा परम्परागत नाचगान तथा सांस्कृतिक कार्यक्रमप्रतिको चासो घट्दो क्रममा रहेका कारण सांस्कृतिक पक्ष र सम्पदाको संरक्षण चुनौतीपूर्ण हुँदै गएको छ। साथै, गाउँपालिकाभित्र सामाजिक सेवा, स्वास्थ्य, शिक्षा र रोजगारजस्ता आधारभूत सामाजिक सेवामा पहुँच अझै सन्तोषजनक स्तरमा पुग्न सकेको छैन, जसले सामाजिक संरचनामा असमानता र पछौटेपनलाई झन निम्त्याउने खतरा छ।

अपिहिमाल गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक परम्परा विविधताका दृष्टिले समृद्ध छ तर आधुनिकता र सामाजिक रूपान्तरणका कारण केही चुनौतीहरू पनि देखिँदै छन्। यस्ता चुनौतीहरूको सामना गर्दै सामाजिक समावेशिता, सांस्कृतिक संरक्षण, लैङ्गिक समानता र आधुनिक सामाजिक सेवाको पहुँच विस्तार गर्दै लैजानु अहिलेको आवश्यकता हो। स्थानीय तहले संस्कृति जगेर्ना, सामाजिक एकता प्रवर्द्धन र सेवा प्रवाहमा समन्वयात्मक पहल गरेमा अपिहिमाल गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था थप सबल र सन्तुलित बन्न सक्छ।

## (ङ) आर्थिक अवस्थाको विश्लेषण

अपिहिमाल गाउँपालिकाको आर्थिक अवस्था विश्लेषण गर्दा यहाँको आर्थिक गतिविधि मुख्य रूपमा व्यापार, कृषि र जडिबुटीमा आधारित छ। यस क्षेत्रको भौगोलिक परिस्थितिले गर्दा कृषिजन्य उत्पादन सीमित छ र प्रायः परम्परागत खेतीपातीको अभ्यास हुन्छ। यहाँको मुख्य खेतीयोग्य जमिन पहाडी र हिमाली भू-भागमा फैलिएको हुँदा उत्पादनमा विविधता कम छ। मुख्य फसलहरूमा आलु, जौ, मकै, फापर र स्थानीय तरकारीहरू पर्ने गर्छन् तर आधुनिक कृषि प्रविधि र सिँचाइको अभावले कृषिको उत्पादकत्व कम छ, जसले गर्दा कृषिमा निर्भर कृषक वर्गको आम्दानी स्थिर रहँदैन।

अपिहिमाल गाउँपालिकाको आर्थिक अवस्था सुधारमा यार्सागुम्बा लगायतका जडीबुटी र पर्यटन क्षेत्रले महत्त्वपूर्ण भूमिका खेलेका छन्। यार्सागुम्बा पाइने सिजनमा प्रत्येक वर्ष सयौँ स्थानीय वासिन्दा तथा अन्य क्षेत्रका मानिसहरू उक्त जडीबुटी सङ्कलन कार्यमा संलग्न हुन्छन् र यसबाट उनीहरूलाई लाखौँ रुपियाँ आम्दानी हुने गर्छ। यसबाट रोजगारी, व्यापार तथा अन्य आर्थिक गतिविधिहरूलाई समेत सक्रिय बनाएको छ। यस्तै अपिहिमालको प्राकृतिक सौन्दर्य, धार्मिक स्थलहरू र सांस्कृतिक विविधताले आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गरिरहेको छ, जसले होमस्टे (घरवास), स्थानीय उत्पादन, यातायात र पर्यटक सहयोगी (गाइड) सेवाजस्ता क्षेत्रहरूमा आयको स्रोत थपिदिएको छ। यहाँ पर्यावरणीय असन्तुलन, प्राकृतिक स्रोतको अत्यधिक दोहन, भौतिक पूर्वाधारको अभावजस्ता चुनौतीहरू छन्, जसलाई सम्बोधन गर्दै दीर्घकालीन सोचसहित संरक्षण र प्रवर्द्धन गरिएमा यार्सागुम्बा

लगायतका जडिबुटी र आन्तरिक तथा बाह्य पर्यटनले अपिहिमालको समग्र आर्थिक विकास एवम् समृद्धिमा अझ प्रभावकारी योगदान पुऱ्याउन सक्छन्।

अपिहिमाल गाउँपालिकावासीले गर्ने पशुपालन व्यवसायले पनि गाउँपालिकाको आर्थिक पाटोमा महत्त्वपूर्ण भूमिका खेल्छ। यहाँ गाई, गोरु, भेडा, च्याङ्ग्रा, घोडा, खच्चर, हाँस, कुखुराजस्ता पशुपन्छीको पालनले घरेलु उपयोगका साथै व्यापारिक आय आर्जनमा समेत सहयोग पुगेको देखिन्छ। यद्यपि पशुपन्छी पालनमा पनि आधुनिक प्रविधि र बजार पहुँचको अभावले आर्थिक लाभ सीमित छ। गाउँपालिकामा साना उद्योग र व्यापारिक गतिविधिहरू निकै न्यून छन्, जसले आर्थिक विविधीकरणमा बाधा पुऱ्याएको छ।

अपिहिमाल गाउँपालिकाका युवाहरूको वैदेशिक रोजगारीले गाउँपालिकाको आर्थिक स्थितिमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ। यहाँबाट बिदेसिएर भारत, खाडी मुलुक र अन्य देशहरूमा कार्यरत श्रमिकहरूबाट प्राप्त हुने रकम विप्रेषण (रेमिट्यान्स) गाउँपालिकाको आम्दानीको मुख्य स्रोतहरूमध्ये एक हो। यसले धेरै परिवारहरूलाई आर्थिक रूपमा समृद्ध बनाउन मद्दत पुऱ्याएको भए पनि यो स्रोत अस्थायी र जोखिमपूर्ण पनि हुन सक्छ।

स्थानीय तहको आर्थिक विकासका लागि आधारभूत पूर्वाधार जस्तै सडक, बजार, विद्युत्, शिक्षा र स्वास्थ्य सेवाको सहज पहुँचले अहिलेसम्म पनि मूर्त रूप लिन सकेको छैन। सडक सञ्जालको अभावले उत्पादन बजारसम्म पुऱ्याउन समस्या आउँछ र व्यापारिक गतिविधि सीमित हुन्छ। विद्युत् र सञ्चार प्रविधिको सीमित पहुँचले पनि उत्पादन र व्यवसाय विस्तारमा बाधा पुऱ्याउँछ। यसले गाउँपालिकाभित्रका जनताको जीवनस्तर सुधार्न सकिरहेको छैन।

सामाजिक सुरक्षा कार्यक्रमहरू र सरकारी योजनाहरूले केही हदसम्म गाउँपालिकाका गरिब तथा कमजोर वर्गलाई राहत तथा सहयोग पुऱ्याउँदै आएको छ तर ती कार्यक्रमहरूको पहुँच र प्रभावकारीता अझै सीमित देखिन्छ। वित्तीय समावेशिता, साना व्यवसाय प्रवर्द्धन, कृषि आधुनिकीकरण तथा महिला उद्यमशीलता विकासमा थप लगानी र योजना आवश्यक छ।

समग्रमा, अपिहिमाल गाउँपालिकाको आर्थिक अवस्था मध्यम अवस्थाको रहको द्खिन्छ। परम्परागत कृषिमा निर्भरता, पूर्वाधारको अभाव, सीमित बजार पहुँच, बेरोजगारी र वैदेशिक रोजगारीमा अत्यधिक निर्भरताजस्ता समस्याहरूले आर्थिक विकासमा बाधा पुऱ्याइरहेका छन्। यस क्षेत्रको दिगो विकासका लागि पर्यटकीय पुर्वाधारको विकास, आधुनिक कृषि प्रविधि, पूर्वाधार सुधार, स्थानीय व्यवसाय विकास र रोजगार सृजना तथा आर्थिक विविधीकरण आवश्यक छ। स्थानीय सरकार र समुदायले सहकार्य गरेर समग्र आर्थिक सशक्तीकरणमा जोड दिनुपर्ने अवस्था छ।

## (च) शैक्षिक अवस्थाको विश्लेषण

अपिहिमाल गाउँपालिकाको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा सामुदायिक विद्यालयहरू मात्र सक्रिय रहेका छन् भने यहाँ संस्थागत विद्यालयहरू छैनन्। वि.सं. २०८१ को EMIS को तथ्याङ्कका आधारमा गाउँपालिकामा २२ वटा विद्यालयहरू छन्, जसमा प्रारम्भिक बालविकास कक्षाको सङ्ख्या बढी छ। कक्षा १-८ सम्म अध्ययन गर्ने विद्यार्थी सङ्ख्या १,२६५ रहेको छ भने कक्षा ९-१२ सम्म ३६९ जना छन्। कक्षा ०-१२ सम्म कूल १६३४ विद्यार्थीमध्ये १३१ जना दलित र १० जना अपाङ्गता भएका बालबालिका छन्। अधिकांश तहमा शिक्षक-विद्यार्थी अनुपात सन्तुलित (१:९ देखि १:१०) भए तापनि कक्षा ११-१२ मा १:२२ रहेको छ। विद्यालय-विद्यार्थी अनुपातमा

पनि उच्च माध्यमिक तहमा १:१५६ रहेको देखिन्छ, जुन व्यवस्थापनका दृष्टिले चुनौतीपूर्ण छ। शिक्षक दरबन्दीमा स्थायी शिक्षकको सङ्ख्या कम र पालिका करार तथा राहत शिक्षकको सङ्ख्या उच्च छ। लैङ्गिक समानता सूचकाङ्क बालविकास तहमा ०.७९ मात्र रहेको छ, तर माध्यमिक तहमा १.०१ पुगिसकेको छ। आधारभूत पूर्वाधार, पहुँच, शिक्षण सामग्रीको अभाव, निजी क्षेत्रको न्यून सहभागिता र प्राविधिक शिक्षा सर्वसुलभ नहुँदा गुणस्तरीय शिक्षामा चुनौतीहरू छन्। समग्रमा, दीर्घकालीन योजना, पूर्वाधार सुधार, सामुदायिक सहभागिता र समावेशी शिक्षामार्फत शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक देखिन्छ। यस गाउँपालिकाको समग्र शैक्षिक अवस्थाको विश्लेषण तलका विभिन्न उपशीर्षकहरूमा गरिएको छ।

## शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्था विश्लेषण

यस गाउँपालिकामा वर्तमान अवस्थामा रहेको विद्यालय, विद्यार्थी, विद्यार्थी भर्ना दर, विद्यालय छोड्ने दर, विद्यालय विद्यार्थी अनुपात, विद्यार्थी शिक्षक अनुपात, लैङ्गिक समता सूचाङ्क, प्राविधिक र उच्च शिक्षाको अवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ:

***तालिका न. 1 : शैक्षिक कार्यक्रम तथा शिक्षण संस्था***

| शैक्षिक कार्यक्रम तथा शिक्षण संस्था | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास कक्षा | २२ | ० | २२ | |
| आधारभूत विद्यालय (कक्षा १-३) | ४ | ० | ४ | |
| आधारभूत विद्यालय (कक्षा १-५) | १० | ० | १० | |
| आधारभूत विद्यालय (कक्षा १-८) | ४ | ० | ४ | |
| माध्यमिक विद्यालय (कक्षा १-१०) | ३ | ० | ३ | |
| माध्यमिक विद्यालय (कक्षा १-१२) | १ | ० | १ | |
| गुरूकूल | ० | ० | ० | |
| प्राविधिक धार मा.वि. | १ | ० | १ | |
| नमुना विद्यालयमा सूचीकृत मा.वि. | ० | ० | ० | |
| क्याम्पस | ० | ० | ० | |

स्रोत: शिक्षा शाखा, अपिहिमाल गा.पा., २०८१

उपर्युक्त तालिकाअनुसार शैक्षिक अवस्थाबाट पालिकामा प्रारम्भिक बालविकास शिक्षाको सङ्ख्या सबैभन्दा बढी रहेको अवस्था देखिन्छ। यी कार्यक्रमहरूको व्यवस्थापन तथा गुणस्तर विकासमा थप सुधार हुन सकेमा गुणस्तरीय शिक्षाको आधार निर्माण हुन जाने अवस्था छ। १८ ओटा आधारभूततर्फका विद्यालयहरूमध्ये कक्षा १-३ सञ्चालित विद्यालयहरू ४ रहेका छन् भने सोही तहका कक्षा १-५ सञ्चालन हुने र कक्षा १-८ सञ्चालन हुने विद्यालयहरू क्रमशः १० र ४ ओटा रहेका छन्। त्यसैगरी कक्षा १-१० र कक्षा १-१२ सञ्चालन हुने विद्यालयहरूको सङ्ख्या क्रमशः ३ र १ ओटा रहेका छन्। गाउँपालिकामा १ शिक्षा मन्त्रालय अन्तर्गतको प्राविधिक विद्यालय रहेको छ। सङ्ख्यात्मक रूपमा शैक्षिक संस्थाहरूको अवस्था कमजोर नै देखिन्छ। यी शैक्षिक संस्थाहरूको शिक्षा

सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी तथा गुणस्तरीय बनाउन सकेमा गाउँपालिकाको समग्र विकासका लागि आवश्यक जनशक्ति उत्पादन हुन जाने अवस्था देखिन्छ ।

## वडागत रूपमा विद्यालयहरूको विवरण

### तालिका सङ्ख्या 2 : वडागत विद्यालय विवरण

| वडा सङ्ख्या | सामुदायिक | | | संस्थागत | | | सामुदायिक र संस्थागत जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत | माध्यमिक | जम्मा | आधारभूत | माध्यमिक | जम्मा | आधारभूत | माध्यमिक | जम्मा |
| १ | २ | ० | २ | ० | ० | ० | २ | ० | २ |
| २ | २ | १ | ३ | ० | ० | ० | २ | १ | ३ |
| ३ | ४ | ० | ४ | ० | ० | ० | ४ | ० | ४ |
| ४ | २ | १ | ३ | ० | ० | ० | २ | १ | ३ |
| ५ | २ | १ | ३ | ० | ० | ० | २ | १ | ३ |
| ६ | ६ | १ | ७ | ० | ० | ० | ६ | १ | ७ |
| **जम्मा** | **१८** | **४** | **२२** | **०** | **०** | **०** | **१८** | **४** | **२२** |

स्रोत: शिक्षा शाखा, अपिहिमाल गा.पा., २०८१

माथिको तालिकामा अपिहिमाल गाउँपालिकाको वडा सङ्ख्या १ देखि ६ सम्मका विद्यालयहरूको विवरणअनुसार ती वडामा रहेका सबै विद्यालयहरू सामुदायिक प्रकारका छन्, जबकि संस्थागत विद्यालयको उपस्थिति शून्य छ । सामुदायिक विद्यालयहरूमा १८ वटा आधारभूत र ४ वटा माध्यमिक तहका गरी कूल २२ वटा विद्यालयहरू रहेका छन् । प्रत्येक वडामा आधारभूत तहका विद्यालयहरू छन्, भने वडा सङ्ख्या २, ४, ५ र ६ मा माध्यमिक तहका विद्यालयहरू पनि छन् । विशेष गरी वडा सङ्ख्या ६ मा सबैभन्दा धेरै ७ वटा विद्यालय छन्, जसमा ६ वटा आधारभूत र १ वटा माध्यमिक तहका छन् । यस तथ्याङ्कले के देखाउँछ भने शिक्षाको पहुँच सामुदायिक विद्यालयहरूमार्फत पुऱ्याइएको छ तर संस्थागत विद्यालयहरूको अभावले निजी क्षेत्रको सहभागिता न्यून रहेको बुझिन्छ । साथै, माध्यमिक तहका विद्यालयहरूको सङ्ख्या तुलनात्मक रूपमा कम हुनुले उच्च तहको शिक्षामा पहुँच विस्तार गर्न नीतिगत पहल आवश्यक छ भन्ने सङ्केत गर्दछ ।

## गाउँपालिकाको कक्षागत विद्यार्थी विवरण

### तालिका सङ्ख्या 3 : कक्षागत विद्यार्थी विवरण

| कक्षा | जम्मा | | | | दलित | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | अन्य | जम्मा | छात्र | छात्रा | अन्य | जम्मा |
| **ECD** | ११५ | ९१ | ० | २०६ | २० | ११ | ० | ३१ |
| **१** | ८२ | ८० | ० | १६२ | ९ | १४ | ० | २३ |
| **२** | ८८ | ५४ | ० | १४२ | ६ | ५ | ० | ११ |
| **३** | ५७ | ६० | ० | ११७ | ३ | ८ | ० | ११ |
| **४** | ५९ | ८८ | ० | १४७ | ६ | १० | ० | १६ |
| **५** | ६२ | ७६ | ० | १३८ | ३ | ३ | ० | ६ |
| **६** | ६७ | ५४ | ० | १२१ | ६ | २ | ० | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ५८ | ५१ | ० | १०९ | ४ | ४ | ० | ८ |
| ८ | ५७ | ६६ | ० | १२३ | २ | ३ | ० | ५ |
| **०-८ जम्मा** | **६४५** | **६२०** | **०** | **१२६५** | **५९** | **६०** | **०** | **११९** |
| ९ | ५८ | ७३ | ० | १३१ | ३ | ३ | ० | ६ |
| **१०** | ४१ | ४१ | ० | ८२ | ० | ० | ० | ० |
| **११** | ३९ | २१ | ० | ६० | २ | ० | ० | २ |
| **१२** | ४५ | ५१ | ० | ९६ | १ | ३ | ० | ४ |
| **९-१२ जम्मा** | **१८३** | **१८६** | **०** | **३६९** | **६** | **६** | **०** | **१२** |
| **०-१२ जम्मा** | **८२८** | **८०६** | **०** | **१६३४** | **६५** | **६६** | **०** | **१३१** |

स्रोत: शिक्षा शाखा, अपिहिमाल गा.पा., २०८१

उपर्युक्त तालिकाले विद्यालय तहमा ईसीडी (ECD) कक्षादेखि १२ कक्षासम्मका विद्यार्थीहरूको लिङ्ग र जातीय आधारमा देखिने वितरणलाई दर्साउँछ; जसमा कूल विद्यार्थी सङ्ख्याको साथसाथै दलित समुदायका विद्यार्थीहरूको अवस्था छुट्टै उल्लेख गरिएको छ। कक्षा ECD देखि कक्षा ८ सम्ममा कूल १२६५ जना विद्यार्थी अध्ययनरत छन्, जसमा ६४५ जना छात्र र ६२० जना छात्रा छन्। यसै तहमा दलित समुदायबाट ५९ जना छात्र र ६० जना छात्रा गरी कूल ११९ जना विद्यार्थी छन्। त्यस्तै, कक्षा ९ देखि १२ सम्ममा ३६९ जना विद्यार्थी छन्, जसमा छात्र १८३ र छात्रा १८६ जना रहेका छन्। यसमा दलित समुदायबाट जम्मा १२ जना (छात्र ६, छात्रा ६) विद्यार्थी अध्ययनरत छन्। समग्रमा कक्षा ० (ECD) देखि कक्षा १२ सम्म कूल १६३४ जना विद्यार्थीमध्ये ८२८ जना छात्र र ८०६ जना छात्रा छन्, जसमा दलित समुदायका १३१ जना (छात्र ६५ र छात्रा ६६) विद्यार्थी रहेका छन्। यसले विद्यालयमा छात्र र छात्राको सङ्ख्या सन्तुलित रहेको देखाउँछ तर दलित समुदायको प्रतिनिधित्व अझै तुलनात्मक रूपमा न्यून रहेको पाइन्छ; जुन शिक्षामा समावेशिता तथा पहुँच वृद्धि गर्न थप प्रयास आवश्यक रहेको सङ्केत हो।

**गाउँपालिकामा रहेका अपाङ्गता भएका बालबालिकाहरू**

**तालिका सङ्ख्या 4 : अपाङ्गता भएका बालबालिकाको विवरण**

| कक्षा | अपाङ्गता भएका बालबालिका | | | |
|---|---|---|---|---|
| | छात्र | छात्रा | अन्य | जम्मा |
| ० | - | - | - | - |
| १ | १ | - | - | १ |
| २ | १ | १ | - | २ |
| ३ | - | १ | - | १ |
| ४ | - | १ | - | १ |
| ५ | १ | - | - | १ |
| ६ | - | - | - | - |
| ७ | १ | - | - | १ |
| ८ | - | ३ | - | ३ |
| ०-८ जम्मा | ४ | ६ | | १० |

| | | | | |
|---|---|---|---|---|
| ९ | - | - | - | - |
| १० | - | - | - | - |
| ११ | - | - | - | - |
| १२ | - | - | - | - |
| ९-१२ जम्मा | - | - | - | - |
| ०-१२ जम्मा | ४ | ६ | | १० |

स्रोत: शिक्षा शाखा, अपिहिमाल गा.पा., २०८१

उपर्युक्त तालिकाले अपिहिमाल गाउँपालिकामा रहेका अपाङ्गता भएका बालबालिकाको कक्षागत विवरण प्रष्ट रूपमा प्रस्तुत गरेको छ। तालिका सङ्ख्या ४ अनुसार कक्षा ० देखि कक्षा १२ सम्मका विद्यार्थीहरूको तथ्याङ्क समेटिएको छ; जसमा अपाङ्गता भएका बालबालिकाको सङ्ख्या कक्षाअनुसार फरक देखिन्छ। कक्षा ०, ६, र कक्षा ९ देखि १२ सम्ममा कुनै अपाङ्गता भएका बालबालिका छैनन्। कक्षा १ देखि ८ सम्मको विवरण हेर्दा, कक्षा २ मा छात्र र छात्रा दुवै गरी २ जना, कक्षा ३ र ४ मा एक-एक जना छात्रा, कक्षा ५ र ७ मा एक-एक जना छात्र, र कक्षा ८ मा ३ जना छात्रा रहेका छन्। कूल रूपमा कक्षा ० देखि ८ सम्म ४ जना छात्र र ६ जना छात्रा गरी १० जना अपाङ्गता भएका बालबालिका रहेका छन्। कक्षा ९ देखि १२ सम्म भने यस्ता बालबालिकाको उपस्थिति छैन। यसरी कक्षा ० देखि १२ सम्मको समग्र विवरणमा १० जना अपाङ्गता भएका विद्यार्थीहरू रहेको देखिन्छ।

### गाउँपालिकाको शिक्षक दरबन्दी

**तालिका सङ्ख्या 5 : सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी विवरण**

| **विद्यालय विवरण** | **दरबन्दी** | | | **सङ्घीय अनुदान** | **पालिका करार** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| | **स्थायी** | **राहत** | **करार** | | | |
| बालविकास | | | १२ | ० | १२ | २४ |
| आधारभूत (१-५) | ४३ | ११ | ३ | ० | १८ | ७५ |
| आधारभूत (६-८) | ६ | २ | ० | ४ | २२ | ३४ |
| माध्यमिक (९-१०) | ४ | १ | ४ (प्राविधिक धार) | ८ | ६ | २३ |
| माध्यमिक (११-१२) | दरबन्दी | राहत | प्राविधिक धार | | | ६ |
| | ० | २ | ४ | | | |
| **जम्मा** | **५३** | **१६** | **२३** | **१२** | **५८** | **१६२** |

स्रोत: शिक्षा शाखा, अपिहिमाल गा.पा., २०८१

उपर्युक्त तालिकाले अपिहिमाल गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दीको विस्तृत विवरण प्रस्तुत गरेको छ। शिक्षा शाखा, अपिहिमाल गाउँपालिका २०८१ को विवरणअनुसार, गाउँपालिकामा बालविकासदेखि माध्यमिक तह (कक्षा १२) सम्मका विद्यालयहरूमा स्थायी, राहत, करार तथा सङ्घीय अनुदान र पालिका करारका शिक्षकहरू कार्यरत छन्। बालविकास तहमा कूल २४ जना शिक्षकमध्ये १२ जना सङ्घीय अनुदानबाट र १२ जना पालिका करारबाट नियुक्त छन्। आधारभूत तह (कक्षा १-५) मा ४३ जना स्थायी, ११ जना राहत, ३ जना करार, र १८ जना पालिका करार शिक्षक गरी कूल ७५ जना कार्यरत छन्। त्यस्तै, आधारभूत तह (कक्षा ६-८) मा ६ जना स्थायी, २ जना राहत, ४ जना सङ्घीय अनुदान र २२ जना पालिका करार शिक्षक गरी ३४ जना छन्। माध्यमिक तह (कक्षा ९-१०) मा ४ जना स्थायी, १ जना राहत, ४ जना करार, ८ जना सङ्घीय अनुदान

र ६ जना पालिका करार गरी २३ जना शिक्षक कार्यरत छन् । माध्यमिक तह (कक्षा ११-१२) मा भने २ जना राहत र ४ जना प्राविधिक धारका करार शिक्षक गरी जम्मा ६ जना छन् । समग्रमा, गाउँपालिकाभर ५३ जना स्थायी, १६ जना राहत, २३ जना करार, १२ जना सङ्घीय अनुदान, र ५८ जना पालिका करार शिक्षक गरी कूल १६२ जना शिक्षकको दरबन्दी रहेको देखिन्छ ।

**गाउँपालिकाको विद्यालय कर्मचारी दरबन्दी**

**तालिका सङ्ख्या 6 : सामुदायिक विद्यालयहरूको कर्मचारी दरबन्दी विवरण**

| कर्मचारी विवरण | सङ्घीय अनुदान प्राप्त | पालिका करार | निजी | जम्मा |
|---|---|---|---|---|
| परिचर | २५ | | ० | २५ |
| लेखा सहायक/सहायक कर्मचारी | ४ | ४ | ० | ८ |
| जम्मा | २९ | ४ | ० | ३३ |

स्रोत: शिक्षा शाखा, अपिहिमाल गा.पा., २०८१

उपर्युक्त तालिका सङ्ख्या ६ ले अपिहिमाल गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरूको कर्मचारी दरबन्दीको विवरण प्रस्तुत गर्दछ । शिक्षा शाखा, अपिहिमाल गाउँपालिका २०८१ को तथ्याङ्कअनुसार, गाउँपालिकाभित्रका विद्यालयहरूमा परिचर र लेखा सहायक/सहायक कर्मचारी गरी दुई किसिमका कर्मचारी कार्यरत छन् । तीमध्ये परिचर पदमा सङ्घीय अनुदानबाट २५ जना, पालिका करारबाट कुनै पनि कर्मचारी कार्यरत छैनन् । यस्तै, लेखा सहायक वा सहायक कर्मचारीको हकमा सङ्घीय अनुदानबाट ४ जना र पालिका करारबाट ४ जना गरी कूल ८ जना कार्यरत छन् । निजी स्रोतबाट कुनै कर्मचारी नियुक्त नभएको स्पष्ट देखिन्छ । यसरी सामुदायिक विद्यालयहरूमा कूल २९ जना सङ्घीय अनुदानप्राप्त र ४ जना पालिका करारका कर्मचारीहरू गरी जम्मा ३३ जना कर्मचारी कार्यरत रहेको तथ्य देखिन्छ ।

**विद्यालय-विद्यार्थी अनुपात**

**तालिका सङ्ख्या 7 : सामुदायिक विद्यालयतर्फको विद्यालय-विद्यार्थी अनुपात**

| विद्यालय | विद्यालय सङ्ख्या | विद्यार्थी सङ्ख्या | विद्यालय विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|
| बालविकास | २२ | २०६ | १:९ | |
| आधारभूत (१-३) | २२ | ४२१ | १:१९ | |
| आधारभूत (४-५) | १८ | २८५ | १:१६ | |
| आधारभूत (६-८) | ८ | ३५३ | १:४४ | |
| माध्यमिक (९-१०) | ४ | २१३ | १:५३ | |
| माध्यमिक (११-१२) | १ | १५६ | १:१५६ | |

स्रोत: शिक्षा शाखा, अपिहिमाल गा.पा., २०८१

तालिका सङ्ख्या ७ अनुसार अपिहिमाल गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा विद्यालय-विद्यार्थी अनुपातको विश्लेषण गरिएको छ, जसले विभिन्न शैक्षिक तहहरूमा विद्यार्थी वितरणको अवस्था स्पष्ट पार्दछ । शिक्षा शाखा, अपिहिमाल गाउँपालिका २०८१ का अनुसार, बालविकास तहका २२ वटा विद्यालयमा २०६ जना विद्यार्थीहरू अध्ययनरत छन्, जसअनुसार विद्यालय-विद्यार्थी अनुपात १:९ रहेको छ, जुन तुलनात्मक रूपमा सन्तुलित देखिन्छ । आधारभूत तह (कक्षा १-३) मा २२ विद्यालयमा ४२१ जना विद्यार्थी रहेका छन्, जसअनुसार

अनुपात १:१९ रहेको छ, जुन व्यवस्थापनका दृष्टिले सन्तुलित मान्न सकिन्छ। यसैगरि, यस गाउँपालिकाको आधारभूत तह (कक्षा ४ -५) मा १८ विद्यालयमा २८५ जना विद्यार्थी रहेका छन्, जसअनुसार अनुपात १:१६ रहेको छ, जुन व्यवस्थापनका दृष्टिले अति नै सन्तुलित मान्न सकिन्छ तर आधारभूत तह (कक्षा ६-८) मा केवल ८ विद्यालयमा ३५३ विद्यार्थी अध्ययनरत छन् र विद्यालय-विद्यार्थी अनुपात १:४४ रहेको छ, जुन ब्यवस्थापकीय दृष्टिकोणले औषत मान्न सकिन्छ। माध्यमिक तह (कक्षा ९-१०) मा पनि ४ विद्यालयमा २१३ विद्यार्थी हुँदा १:५३ को अनुपात देखिन्छ। साथै, माध्यमिक तह (कक्षा ११-१२) मा १ मात्र विद्यालयमा १५६ विद्यार्थी अध्ययनरत छन्, जसले १:१५६ को अनुपात दर्शाउँछ, जुन निकै उच्च तथा सुधारको खाँचो भएको अवस्था हो। समग्रमा, विद्यालय-विद्यार्थी अनुपातले माथिल्लो कक्षाहरूमा विद्यालयको सङ्ख्या न्यून भई विद्यार्थी सङ्ख्या तुलनात्मक रूपमा बढी रहेको देखाउँदै, शिक्षा सेवा प्रवाहमा असन्तुलन तथा स्रोतको पुनर्विन्यास आवश्यक रहेको सङ्केत गर्दछ।

## शिक्षक-विद्यार्थी अनुपात

**तालिका सङ्ख्या 8 : सामुदायिक विद्यालयतर्फको शिक्षक-विद्यार्थी अनुपात**

| तह | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|
| बालविकास | २४ | २०६ | १:९ |
| आधारभूत (१-५) | ७५ | ७०६ | १:९ |
| आधारभूत (६-८) | ३४ | ३५३ | १:१० |
| माध्यमिक (९-१०) | २३ | २१३ | १:९ |
| माध्यमिक (११-१२) | ८ | १५६ | १:१९ |

स्रोत: शिक्षा शाखा, अपिहिमाल गा.पा., २०८१

उपर्युक्त विवरणले अपिहिमाल गाउँपालिकाका विभिन्न शैक्षिक तहहरूमा शिक्षक-विद्यार्थी अनुपातलाई स्पष्ट पार्दछ, जसले शिक्षण स्रोतको उपलब्धता र वितरणको अवस्था बुझ्न मद्दत पुऱ्याउँछ। बालविकास तहमा २४ जना शिक्षकले २०६ जना विद्यार्थीलाई पढाइरहेका छन्, जसअनुसार शिक्षक-विद्यार्थी अनुपात १:९ छ, जुन उपयुक्त मानिन्छ। त्यस्तै आधारभूत तह (कक्षा १-५) मा ७५ जना शिक्षकले ७०६ विद्यार्थीलाई शिक्षण प्रदान गरिरहेका छन्, जसको अनुपात पनि १:९ रहेको छ, जुन तुलनात्मक रूपमा सन्तोषजनक हो। आधारभूत तह (कक्षा ६-८) मा ३४ शिक्षक र ३५३ विद्यार्थी रहेको हुँदा शिक्षक-विद्यार्थी अनुपात १:१० रहेको छ, जुन पनि स्वीकार्य सीमाभित्र पर्न आउँछ। माध्यमिक तह (कक्षा ९-१०) मा २३ शिक्षक र २१३ विद्यार्थीबीच १:९ को अनुपात कायम छ, जुन समुचित देखिन्छ। तर, माध्यमिक तह (कक्षा ११-१२) मा ८ शिक्षकले १५६ विद्यार्थीलाई शिक्षण गरिरहेकाले १:१९ को अनुपात देखिन्छ, जुन अन्य तहको तुलनामा बढी भएकोले गुणस्तरीय शिक्षणमा असर पार्ने सम्भावना देखिन्छ। समग्रमा, अधिकांश तहमा शिक्षक-विद्यार्थी अनुपात सन्तुलित रहे तापनि उच्च माध्यमिक तहमा थप शिक्षकरूको व्यवस्था आवश्यक देखिन्छ।

## लैङ्गिग समानता

**तालिका सङ्ख्या 9 : पहुँचमा लैङ्गिग समानता सूचाङ्क**

| तह | लैङ्गिग समानता सूचाङ्क | कैफियत |
|---|---|---|
| बालविकास | ०.७९ | |
| आधारभूत (१-८) | ०.९९ | |
| माध्यमिक (९-१२) | १.०१ | |

स्रोत: शिक्षा शाखा, अपिहिमाल गा.पा., २०८१

तालिका सङ्ख्या ९ ले अपिहिमाल गाउँपालिकाका विभिन्न शैक्षिक तहहरूमा पहुँचका दृष्टिले लैङ्गिक समानता सूचकाङ्क प्रस्तुत गर्दछ, जसबाट शैक्षिक पहुँचमा बालक र बालिकाबीचको अनुपातलाई मापन गर्न सकिन्छ। शिक्षा शाखा, अपिहिमाल गाउँपालिका २०८१ का अनुसार, बालविकास तहमा लैङ्गिक समानता सूचकाङ्क ०.७९ रहेको छ, जुन बालिकाहरूको सहभागिता तुलनात्मक रूपमा कम रहेको सङ्केतक हो। आधारभूत तह (कक्षा १-८) मा सूचकाङ्क ०.९९ रहेको छ, जसले बालक र बालिका दुवैको सहभागिता लगभग बराबर रहेको प्रष्ट देखाउँछ। माध्यमिक तह (कक्षा ९-१२) मा सूचकाङ्क १.०१ रहेको छ, जसले बालिकाहरूको सहभागिता बालकहरूभन्दा थोरै उच्च रहेको सङ्केत गर्दछ। समग्रमा, प्राथमिक तहमा लैङ्गिक असमानता देखिए तापनि माथिल्लो तहमा लैङ्गिक पहुँच सन्तुलन हुँदै गएको स्पष्ट हुन्छ; जुन शैक्षिक समावेशिताको दृष्टिले सकारात्मक प्रगति मान्न सकिन्छ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

अपिहिमाल गाउँपालिकाको शिक्षा क्षेत्रको विश्लेषण गर्दा यस क्षेत्रमा विभिन्न संरचनात्मक, भौगोलिक, सामाजिक तथा व्यवस्थापकीय समस्या र चुनौतीहरू स्पष्ट रूपमा देखिन्छन्। सबैभन्दा पहिला, अपिहिमाल गाउँपालिका सुदूरपश्चिम नेपालको एक विकट हिमाली क्षेत्र हो, जहाँको भौगोलिक बनावट निकै जटिल छ। अपिहिमाल गाउँपालिकाको धेरैजसो भूभाग भिरालो, चट्टानी र हिउँले ढाकिएको क्षेत्र हो, जसले गर्दा यहाँका अधिकांश बस्तीहरूमा शैक्षिक पहुँच पुऱ्याउन कठिन भएको छ। यातायात र पूर्वाधारको विकास नहुँदा विद्यार्थीहरू विद्यालयसम्म पुग्न घण्टौँ हिँड्नु पर्ने अवस्था छ, जसले बालबालिकाको विद्यालयमा नियमित उपस्थिति र सिकाइको गुणस्तरमा प्रत्यक्ष असर पार्दछ।

शिक्षाको संरचनात्मक पक्षलाई हेर्दा, पालिकामा सामुदायिक विद्यालयहरू मात्र छन् भने निजी संस्थागत विद्यालयहरूको पूर्ण रूपमा अभाव रहेको छ। आधारभूत तहसम्मका विद्यालयहरू पर्याप्त देखिए तापनि माध्यमिक तहमा विद्यालयहरूको सङ्ख्या तुलनात्मक रूपमा निकै कम छ, जसले विद्यार्थीलाई उच्च कक्षा पढ्न अन्य ठाउँ जान बाध्य बनाउँछ। विद्यालय-विद्यार्थी अनुपात विशेषतः कक्षा ६-८ र ११-१२ मा अत्यधिक उच्च छ (क्रमशः १:८८ र १:१५६), जुन व्यवस्थापन र गुणस्तर दुवै दृष्टिकोणबाट समस्याजनक हो। शिक्षक-विद्यार्थी अनुपात अधिकांश तहमा सन्तुलित भए तापनि उच्च माध्यमिक तहमा १:२२ को अनुपातले शिक्षण सिकाइको गुणस्तरमा असर पार्ने खतरा देखिन्छ।

सामाजिक पक्षमा हेर्दा, लैङ्गिक समानता सूचकाङ्क बालविकास तहमा ०.७९ मात्र रहेकाले बालिकाहरूको प्रारम्भिक शिक्षा पहुँचमा असमानता देखिन्छ, यद्यपि माध्यमिक तहमा १.०१ रहेको सूचकाङ्कले लैङ्गिक पहुँचमा सुधार भएको सङ्केत दिन्छ। दलित समुदाय तथा अपाङ्गता भएका बालबालिकाको विद्यालयमा सहभागिता अझै न्यून छ, जसले शिक्षा क्षेत्र अझै पूर्ण रूपमा समावेशी हुन नसकेको देखाउँछ। यस्तै, जनसंख्यिक दृष्टिले आर्थिक रूपले सक्रिय जनशक्ति प्रचुर मात्रामा रहे पनि, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको अभावले जनशक्तिलाई उपयोग गर्न सकिने अवस्था छैन।

पालिकामा शिक्षाको प्रवाहमा संलग्न शिक्षक तथा कर्मचारीको दरबन्दी हेर्दा, अधिकांश शिक्षकहरू पालिका करार तथा राहत कोटामा कार्यरत छन्, जुन दीर्घकालीन स्थायित्व र पेशागत प्रतिबद्धता कायम गर्न चुनौतीपूर्ण हुन्छ।

भौतिक पूर्वाधार, प्रविधिमैत्री शिक्षण सामग्री, पुस्तकालय, प्रयोगशाला, शुद्ध पिउने पानी र शौचालयको अभाव जस्ता आधारभूत पूर्वाधारसम्बन्धी समस्याहरू अझै कायम छन् । साथै, विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक र समुदायबीचको समन्वय पनि शिक्षाको गुणस्तरीय सुधारका लागि अपरिहार्य रहे तापनि त्यसमा कमजोरी देखिन्छ ।

समग्रमा भन्नुपर्दा, अपिहिमाल गाउँपालिकाको शिक्षा क्षेत्रमा गुणस्तरीय, समावेशी र पहुँचयुक्त शिक्षा प्रवाहका लागि अझ धेरै संरचनागत सुधार, नीति निर्माण, स्रोत परिचालन र सामुदायिक सहभागितामा आधारित प्रयास आवश्यक छ। यी समस्याहरू समाधान गर्न दीर्घकालीन योजना कार्यान्वयन, शिक्षक तालिम, प्रविधिको प्रयोग, प्राविधिक शिक्षाको विस्तार र विद्यालय पूर्वाधार सुदृढीकरणमा प्राथमिकता दिनु जरुरी छ ।

### (क) मुख्य समस्याहरू

१. सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच, सहभागिता र गुणस्तरको सूनिश्चितता गर्न नसक्नु ।
२. सबै विद्यालयहरूमा उपयुक्त भौतिक पुर्वाधारको विकास हुन नसक्नु ।
३. तहगत र विषयगत रूपमा शिक्षकको दरबन्दी नहुनु ।
४. शैक्षिक क्रियाकलापहरुमा अभिभावकहरुको न्यून सहभागिता हुन नसक्नु ।
५. SIP निर्माण तथा अन्य विद्यालय विकासका कार्यक्रमहरुमा अभिभावक तथा वि.व्य.स. पदाधिकारीहरुको सहभागिता नै नहुनु ।
६. पाठ्यक्रमले तोकिए बमोजिमका सिकाई उपलब्धि हासिल गर्न नसक्नु ।
७. बालमैत्री विद्यालय निर्माण गरि सिकाई बाताबरण निर्माण गर्न नसक्नु ।
८. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।
९. स्थानीय पाठ्यक्रम मात्र निर्माण हुनु तर स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक बन्न नसक्नु ।
१०. अभिभावकहरुलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडन नसक्नु ।
११. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।
१२. वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।
१३. अनुगमन तथा सुपरीवेक्षण प्रणाली प्रभावकारी नहुनु ।
१४. विद्यार्थीहरूले नियमित रूपमा तह पूरा गर्न नसक्नु ।
१५. यार्सागुम्बा टिप्ने समयमा न्यून सङ्ख्यामा विद्यार्थी र शिक्षक विद्यालयमा उपस्थित हुनु ।

## ख) शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

कुनै पनि विषय क्षेत्र तथा कार्यको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीहरूको चिरफार SWOT विश्लेषणमा गरिन्छ । सबल पक्ष र समस्या जहिले पनि संस्थाको आन्तरिक पक्षसँग सम्बन्धित हुन्छन् भने अवसर र चुनौती बाह्य पक्षसँग सम्बन्धित हुन्छन्। योजना कार्यान्वनमा SWOT विश्लेषणको महत्त्वपूर्ण भूमिका हुने भएकोले यहा शिक्षा क्षेत्रको SWOT विश्लेषण गरिएको छ । यो SWOT विश्लेषण अपिहिमाल गाउँपालिकाको समग्र शैक्षिक अवस्थाको सुधारका लागि गरिएको छ । यसका लागि आवश्यक पर्ने तथ्याङ्क र जानकारी अपिहिमाल गाउँपालिका शिक्षा शाखा तथा यस गाउँपालिका अन्तर्गत सञ्चालित विभिन्न विद्यालयबाट प्राप्त गरियो ।

**सबल पक्षहरू**

प्राप्त तथ्याङ्क र जानकारीलाई विश्लेषण गर्दा सम्मबन्धित विषयक्षेत्रका सबल पक्षहरू:

१. विद्यालय शिक्षा स्थानीय निकायको मातहतमा हुनु,
२. प्राय: विद्यालयहरूमा तालिम प्राप्त शिक्षकहरू हुनु,
३. प्राय: भौतिक पूर्वाधार तथा कक्षाकोठाहरू आवश्यक मात्रामा पुग्ने गरी रहनु वा निर्माणाधीन रहनु,
४. शैक्षिक सामग्रीको व्यवस्था हुनु,
५. स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा रहनु,
६. शैक्षिक विकासका लागि सबै पक्ष सकारात्मक हुनु, आदि।

## दुर्बल पक्षहरू

१. विद्यालय छोड्ने दर बढी हुनु,
२. विद्यार्थी उपस्थिति न्यून हुनु,
३. बी.एल.ई र एस.ई.ई. को नतिजा सन्तोषजनक नहुनु,
४. प्रविधिमैत्री सिकाइ नहुनु,
५. सरोकारवालाहरूबाट प्रभावकारी अनुगमन एवं निगरानी नहुनु,
६. शिक्षा विकासका लागि पर्याप्त बजेटको व्यवस्था नगरिनु, आदि।

## अवसरहरू

१. संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु,
२. शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सक्नु ,
३. स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,
४. तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,
५. विगतभन्दा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,
६. गैरसरकारी सङ्घसंस्थाहरूले पनि विभिन्न प्रकारका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु,
७. स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण,
८. जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु,
९. स्थानीय तहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु,
१०. वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरको रूपमा लिनु,
११. बी.एल.ई, एस.ई.ई. र एस.एल.सी. को नतिजा सुधार गर्न सकिनु,
१२. विद्यार्थी सङ्ख्या वृद्धि गर्न सकिने अवस्था रहनु, आदि।

## चुनौतीहरू

१. विपतको उच्च जोखिम,
२. विद्यार्थी विद्यालयमा टिकाउन नसकिने ,
३. अभिभावकको आर्थिक अवस्था कमजोर,
४. लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जातजाति आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन,

५. जनसाङ्खिकीय प्रवृत्ति (विशेषतः जन्म र बसाइँसराइ) का कारणले व्यावहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन,
६. शिक्षाप्रतिको सकारात्मक चेतना अथवा शिक्षाको महत्त्व बुझाइको कमी,
७. विद्यालयहरूमा भौतिक, आर्थिक, शैक्षिक, लगायत व्यवस्थापकीय कमीकमजोरीहरू रहनु,
८. शिक्षाप्रतिको सकारात्मक सोच र व्यवहारको कमी, आदि ।

# परिच्छेद - २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधारहरू

नेपालको संविधान २०७२ लागू भई सङ्घीयता कार्यान्वयनमा आएसँगै सङ्घ, प्रदेश र स्थानीय तहहरूले संविधान तथा कानुनबमोजिम राज्यशक्तिको प्रयोग गर्दै आएका छन् । यी तीनै तहलाई संविधानले निर्देश गरेका शिक्षासम्बन्धी एकल तथा साझा अधिकारहरू कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहले आपसी सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्नु आवश्यक छ । यस्तो संयुक्त प्रयासबाट नै उल्लिखित तीनै तहले शिक्षाको राष्ट्रिय गन्तव्य एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने हुन्छ ।

नेपाललाई सन् २०२२ सम्म विकासोन्मुख र सन् २०३० सम्म मध्यम आय भएको देशको रूपमा रूपान्तरण गरी "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्नु आजको राष्ट्रिय दायित्व हो । यसका लागि शिक्षाको क्षेत्रमा हालसम्म गरिएका प्रयास, उपलब्धि तथा पहिचान गरिएका समस्या र चुनौतीहरूको समीक्षा गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तीनवटै तहको शिक्षा योजनालाई एकरूपता दिने उद्देश्यले दस बर्से शिक्षा योजना निर्माण कार्य ती तहहरूका सरकारमार्फत अगाडि बढाएको छ ।

विगतमा पञ्चवर्षीय तथा त्रिवर्षीय योजनाका अतिरिक्त सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (प्रथम र दोस्रो), सबैका लागि शिक्षा (EFA) कार्यक्रम, विद्यालय क्षेत्र सुधार योजना (SESP) र विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) लागू भएका थिए । यी योजना तथा कार्यक्रमहरूकै परिणामस्वरूप नेपालको साक्षरता दरमा वृद्धि, सिपयुक्त जनशक्तिको उत्पादन, रोजगारी सिर्जना, विकास र आर्थिक समृद्धिजस्ता पक्षमा उल्लेखनीय गति आएको देखिन्छ । यी उपलब्धिहरूको संरक्षण गर्नुका साथै नेपालको संविधानको धारा ३१ मा व्यवस्था गरिएको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ज) अन्तर्गत स्थानीय तहका शिक्षासम्बन्धी अधिकार, साथै सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर्सम्बन्ध ऐन, २०७७ को दफा १३ मा उल्लिखित योजना तर्जुमासम्बन्धी व्यवस्था र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ लाई आधार मानी अपिहिमाल गाउँपालिकाद्वारा आफ्नो दस बर्से शिक्षा योजना (२०८१-२०९१) तयार पारिएको हो ।

अपिहिमाल गाउँपालिकाको प्रस्तुत शिक्षा योजनाले भावी पुस्ताको आकाङ्क्षा र आवश्यकतालाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र कुशल नागरिक उत्पादनमा योगदान पुर्‍याउने विश्वास लिइएको छ । केन्द्रीकृत योजनाबाट स्थानीय आवश्यकता सम्बोधन गर्न नसकिएकाले स्थानीय तहमा आवश्यकता अनुरूप योजना निर्माण गर्ने र तिनै आधारमा सङ्घीय शिक्षा योजना तयार गर्न यसले टेवा पुर्‍याउनेछ । विगतका उपलब्धिहरूको संरक्षण गर्दै, शिक्षालाई समयानुकूल, प्रतिस्पर्धी, नवप्रवर्तनमुखी, जीवन मूल्यमा आधारित र राष्ट्रप्रेमी नागरिक उत्पादनतर्फ उन्मुख गराउन यो योजना आवश्यक, उपयुक्त र औचित्यपूर्ण हुने विश्वास लिइएको छ । प्रस्तुत योजनाको निर्माणका लागि निम्नलिखित आधारहरूलाई अवलम्बन गरिएको छ ।

## २.१.१ संवैधानिक प्रावधान

**धारा ३१**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।

३. अपाङ्गता भएका र आर्थिकरूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

४. दृष्टिविहीन नागरिकलाई ब्रेल लिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

धारा ५१ राज्यका नीति: (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,

४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५ धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २.३.७ र ९. धारा ४० को दलितको हकसम्बन्धी उपधारा २ धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ।

## २.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४

दफा ११ (२) ज (स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार)

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन,

५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन,

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

८. विद्यालयको नामकरण,

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियम,

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन,

**दफा २४ योजना बनाई कार्यान्वयन गर्ने:**

१. गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्नेछ।

२. योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

३. योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

४. योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ।

५. अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ।

### २.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी):

(क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ।

- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्नेछ ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तहमार्फत कार्यान्वयन हुने गरी गर्न सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ ।

## २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७६

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तहमार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ ।

२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नु पर्नेछ ।

३. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने ।

४. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने

५. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था

६. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा

७. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने

८. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था

९. दफा १४ अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने ।

१०.साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार (क) सामुदायिक सिकाइ केन्द्र (ख) आधारभूत प्रौढ शिक्षा (ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम (नियम ३)

११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधासहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ । (नियम ४)

१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुने: (क) विद्यार्थी भर्ना शुल्क, (ख) मासिक पढाइ शुल्क, (ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम (नियम ५)

१३. छात्रवृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, साङ्केतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि) । (नियम ६)

१४. जनआन्दोलन, सशस्त्र सङ्घर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेसनरी बापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गरिनेछ ।

## २.२ दूरदृष्टि

*"अपिहिमाल गाउँपालिकाको अपेक्षा : व्यावसायिक र प्रविधिमैत्री गुणस्तरीय शिक्षा"*

## २.३ लक्ष्य

"गुणस्तरीय शिक्षामार्फत व्यावसायिक, दक्ष, सिर्जनशील, उत्पादनशील र प्रतिस्पर्धी जनशक्तिको विकास गर्ने।"

## २.४ उद्देश्य

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्नु,
३. पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धि हासिल गर्नु,
४. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार ल्याउनु,
५. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
६. विषयगत र कक्षागत रूपमा शिक्षकको दरबन्दी व्यवस्थापन गर्नु,
७. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
८. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
९. आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।

## २.५ रणनीति

१. पाठ्यक्रमलाई परिमार्जन गरी वातावरण संरक्षण, जलवायु परिवर्तन जस्ता विषय समावेश गरी समयानुकूल बनाउने।
२. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने,
३. शिक्षकहरूको क्षमता विकास गर्ने।
४. सबैका लागि आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गर्नका लागि नि:शुल्क पाठ्यपुस्तक, दिवा खाजा र स्यानिटरी प्याड वितरण गर्ने।
५. समतामूलक र समावेशी शिक्षाका लागि तथ्याङ्क सङ्कलन गर्ने,
६. प्रोत्साहनमूलक तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,
७. संरचनागत व्यवस्था, समन्वय तथा सहकार्य, समुदाय परिचालन, बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप, सामग्री र भौतिक संरचना, विपत् व्यवस्थापन जस्ता विषयहरूलाई समुचित व्यवस्थापन गर्दै लैजाने,
८. तह एवम् विषयगतरूपमा शिक्षकहरूको दरबन्दी व्यवस्थापन गर्ने,
९. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
१०. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरू सुनिश्चित गर्ने।

## २.६ कार्यनीति

१. नक्साङ्कनका आधारमा विद्यालय र बालविकास केन्द्रको स्थापना गरिनेछ।
२. प्रारम्भिक बाल विकास केन्द्रहरूलाई थप सुदृढ गरी विद्यार्थी भर्ना तथा टिकाई राख्नलाई जनप्रतिनिधिहरूको समेत सहभागितामा विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
३. विभिन्न कारणले विद्यालयबाहिर रहेका प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरूका लागि समुदाय स्तरमै बालविकास सहजकर्ता शिक्षकको व्यवस्था गरिनेछ।

४. सहजकर्ताहरूका लागि विभिन्न प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
५. विद्यालय तथा समुदायमा सञ्चालित बालविकास केन्द्रहरूको क्षमता विकासका लागि तालिम तथा बाल विकास केन्द्र सबलीकरण कार्यक्रममार्फत बालमैत्री वातावरण सिर्जना गरिनेछ ।
६. विद्यालय नक्साङ्कनका आधारमा आवश्यकताअनुसार विद्यालय स्थापना तथा समायोजन गरिनेछ ।
७. विद्यार्थी सङ्ख्या, विद्यालयको तह तथा अध्यापन गराइने विषय समेतका आधारमा विषयगत तहगत शिक्षक दरबन्दी पूनर्वितरण तथा थप ब्यवस्थापन गरिनेछ ।
८. विद्यालयमा लगानीको वातावरण तयार गरी सरकारी, गैरसरकारी सङ्घसंस्था र सरोकारवाला सबैको सहभागितामा शैक्षिक विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
९. वि.व्य.स. र शिक्षक अभिभावक सङ्घको क्षमता अभिवृद्धि गरी विद्यार्थीको शैक्षिक गुणस्तर विकासमा जवाफदेही बनाइनेछ ।
१०. गाउँपालिकाभित्रका विद्यालयहरूमा गरिएका असल अभ्यासहरूको अनुभव आदानप्रदान गर्न विद्यालयहरूमा अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।
११. स्थानीय उपजमा आधारित दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गरी कक्षा ८ सम्म विस्तार गरिनेछ।
१२. विद्यालय तहमा अध्ययनरत विद्यार्थीका लागि सह तथा अतिरिक्त कृयाकलाप सञ्चालन गरिनेछ ।
१३. माध्यमिक विद्यालयहरूमा आधुनिक प्रविधियुक्त गणित प्रयोगशाला, विज्ञान प्रयोगशाला, भाषा प्रयोगशाला, ICT Lab, र पुस्तकालय व्यवस्थापन गरिनेछ ।
१४. प्राविधिक तथा व्यावसायिक शिक्षामा निशुल्क पहुँचका लागि विभिन्न अनुदान तथा छात्रवृत्ति उपलब्ध गराइनेछ ।
१५. आवश्यकतानुसार प्राविधिक विद्यालयहरू सञ्चालन गरिनेछ ।
१६. युवाहरूलाई लक्षित गरी विभिन्न छोटो अवधिका व्यावसायिक तथा सिपमूलक तालिमका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## २.७ अपेक्षित उपलब्धि

यस योजना अवधिका मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्यहरु देहाय वमोजिम निर्धारण गरी उक्त लक्ष्यहरू योजना अवधिमा पूरा हुने अपेक्षा गरिएको छ ।

**मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्यहरू**

**तालिका सङ्ख्या *10* : कार्य सम्पादनका मूख्य सूचक तथा लक्ष्यहरू**

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८१ | लक्ष्य | | | | | १० बर्से लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | |
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| क | कूल भर्ना दर | ६६.२ | ७० | ७५ | ८० | ८५ | ९० | ९५ |
| ख | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| घ | कक्षा १ का नव प्रवेशीमध्ये प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त बालबालिका प्रतिशत | ९३.० | ९४ | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| ङ | बालविकास मा खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.७९ | ०.८४ | ०.८८ | ०.९२ | ०.९६ | ०.९८ | १ |
| २ | **आधारभूत शिक्षा** | | | | | | | |
| क | कक्षा १ मा कूल  प्रवेश दर | १०७.७ | १०६.५ | १०५.५ | १०४.७ | १०३.५ | १०२.७ | १०० |
| ख | कक्षा १ मा खुद प्रवेश दर | ९५.४ | ९६.४ | ९७.४ | ९८.४ | ९९.४ | १०० | १०० |
| ग | कक्षा १–५ मा कूल  भर्ना दर | ११९.५ | ११५.५ | ११२.५ | १०९.५ | १०५.५ | १०३.५ | १०० |
| घ | कक्षा १–५ मा खुद भर्ना दर | ९६.९ | ९७.४ | ९८.४ | ९९.४ | १०० | १०० | १०० |
| ङ | कक्षा १–८ मा कूल  भर्ना दर | १११.५ | १०८.५ | १०५.५ | १०४.७ | १०३.५ | १०२.७ | १०० |
| च | कक्षा १–८ मा खुद भर्ना दर | ९५.६ | ९६.४ | ९७.४ | ९८.४ | ९९.४ | १०० | १०० |
| छ | कक्षा १–८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.९९ | ०.८४ | ०.८८ | ०.९२ | ०.९६ | ०.९८ | १०० |
| ज | कक्षा ८ मा टिकाउ दर | ७५.२ | ८२.० | ८६.२ | ८९.५ | ९३.२ | ९७.५ | १०० |
| झ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ७६.५ | ८३.५ | ८६.२ | ८९.५ | ९४.२ | ९७.५ | १०० |
| ३ | **माध्यमिक शिक्षा** | | | | | | | |
| क | कक्षा ९–१० को कूल  भर्ना दर | ८८.० | ९० | ९२ | ९४ | ९६ | ९८ | १०० |
| ख | कक्षा ९–१० को खुद भर्ना दर | ८१.८ | ८५ | ८८ | ९४ | ९६ | ९८ | १०० |
| ग | कक्षा ९–१२ को कूल  भर्ना  दर | ७१.४ | ७३ | ७६ | ८० | ८६ | ९० | ९४ |
| घ | कक्षा ९–१२ को खुद भर्ना दर | ५९.४ | ६५ | ७० | ७३ | ७५ | ७८ | ८० |
| ङ | कक्षा ११–१२ को कूल  भर्ना दर | ५५.३ | ५७ | ६० | ६२ | ६५ | ६९ | ७० |
| च | कक्षा ११–१२ को खुद भर्ना दर | ३७.६ | ४० | ४२ | ४५ | ४८ | ५० | ५२ |
| छ | कक्षा १० सम्मको टिकाउ दर | ७५.२ | ८२.० | ८६.२ | ८९.५ | ९३.२ | ९७.५ | १०० |
| ज | कक्षा १२ सम्मको टिकाउ दर | ७५.२ | ८२.० | ८६.२ | ८९.५ | ९३.२ | ९७.५ | १०० |
| झ | कक्षा १–१२ मा खुद भर्ना दरको आधारमा लैङ्गिक समता सूचाङ्क | १.०१ | १ | १ | १ | १ | १ | १ |
| ४ | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | | | | |
| क | ६ वर्ष माथिको साक्षरता दर | ८०.९ | ८३ | ८५ | ८८ | ९३ | ९६ | ९८ |
| ५ | **प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गरेका विद्यालय प्रतिशत** | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ख | आधारभूत तह | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ |
| ग | माध्यमिक तह | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ६ | शिक्षा क्षेत्रको बजेट प्रतिशत | ३१ | ३१.५ | ३२ | ३२.५ | ३३ | ३३.५ | ३४ |

योजना अवधिको अन्तमा प्रस्तुत योजना पूर्ण रूपमा कार्यान्वयनमा आई देहाय अनुसारका उपलब्धिहरू प्राप्त हुनेछन् ।

१. सबै बालबालिकाहरू गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षासहित कक्षा एकमा भर्ना भएका हुनेछन् ।
२. गुणस्तरीय आधारभूत शिक्षाको पहुँच सुनिश्चित भएको हुनेछ ।
३. माध्यमिक शिक्षाको पहूँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि भएको हुनेछ ।
४. कार्यमूलक साक्षरताको अभिवृद्धि भई निरन्तर शिक्षाको अवसर उपलब्ध भएको हुनेछ ।
५. सूचना तथा प्राविधिक शिक्षण सिकाई क्रियाकलाप, विद्यालय संचालन तथा व्यवस्थापनको अभिन्न अङ्गको रूपमा स्थापित भएको हुनेछ ।
६. आपतकालिन परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्तगर्ने अधिकार सुनिश्चित भएको हुनेछ ।
७. सबै विद्यार्थीहरूले भौतिक तथा शैक्षिक रूपमा सुरक्षित विद्यालयमा पढन पाउने अवसर प्राप्त गरेका हुनेछन् ।
८. प्राविधिक तथा व्यवसायिक शिक्षाको सुनिश्चिताको आधार तयार एवं सञ्चालन भएको हुनेछ ।
९. सक्षम, समर्पित र मर्यादित शिक्षकहरूद्वारा विद्यार्थीको सिकाइमा सुधार आएको हुनेछ ।
१०. बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार आई सिकाइ स्तर अभिवृद्धि भएको हुनेछ ।
१२. आवश्यकताअनुसार विद्यालयहरू तथा बालविकास केन्द्रहरू विस्तार एवं मर्ज भएका हुनेछन्।
१३. विद्यालयहरूलाई उपयोगिताको आधारमा विषयान्तर (एक विद्यालय एक मुख्य विषय) गरिएको हुनेछ।
१४. संस्कृत, योग तथा आयुर्वेदिक महाविद्यालय सञ्चालन भएको हुनेछ ।
१५. यस गाउँपालिकामा कार्यरत सम्पूर्ण शिक्षकहरूको सेवा, सुविधा तथा प्रोत्साहन तुलनात्मक रूपमा राम्रो गरिएको हुनेछ।
१६. बालविकास, सिकाइ केन्द्र एवम् विद्यालयमा भौतिक विकास तथा शैक्षिक सामग्रीहरूको राम्रो एवम् अपाङ्गमैत्री व्यवस्था भएको हुनेछ।
१७. आधुनिक सूचना तथा प्रविधिको ज्ञान एवं प्रयोगमा वृद्धिको साथै उन्नतता कायम (Digitalisetion) भएको हुनेछ।
१८. नमुना विद्यालय स्थापना गर्ने आधार तयार भई सञ्चालनमा ल्याउने क्रम सुरु गरिनेछ।
१९. विद्यालयमा रेडक्रस तथा स्काउटको गठन, सञ्चालन तथा नियमितता गरिएको हुनेछ।
२०. विद्यालयहरूमा रहेका निजी प्रकृतिका शिक्षकहरूलाई गाउँपालिका शिक्षकमा रूपान्तरण गरिएको हुनेछ।
२१. प्रत्येक विद्यालयमा विषयगत शिक्षकको व्यवस्था सुनिश्चित गरिएको हुनेछ।
२२. भयरहित, बालमैत्री, सुरक्षित, सफा एवं सुन्दर विद्यालय वातावरण निर्माण भएको हुनेछ।
२३. नियमित खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रम, प्रदर्शनी कार्यक्रम, शिक्षक शैक्षिक भ्रमण/ विद्यार्थी शैक्षिक भ्रमण, विभिन्न परियोजना कार्य लगायतका कार्यक्रम भएको हुनेछ।
२४. विद्यालयहरुमा क्रमशः यातायातका साधनहरु(स्कुल बस)को सुविधा विस्तार गर्ने कार्यको सुरुवात गरिएको हुनेछ ।

२५. गाउँपालिकामा सञ्चालित सम्पूर्ण विद्यालयहरूमा तहगत र विषयगत शिक्षकहरूको पूर्ण व्यवस्था गरिएको हुनेछ।

२६. विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रमलाई नियमित र प्रभावकारी बनाइनेछ।

दस बर्से शिक्षा योजनाको कार्यान्वयनपश्चात् आधारभूत तहको खुद भर्नादर १०० प्रतिशत पुर्‍याउने, कूल भर्ना दर १०० प्रतिशतमा झार्ने, विद्यार्थी टिकाउ दर १०० प्रतिशत पुर्‍याउने, लैङ्गिक समता सूचक १ पुर्‍याउने, विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या शून्यमा झार्ने, कक्षा दोहोर्‍याउने दर शून्यमा झार्ने, पन्ध्र वर्षभन्दा माथिको साक्षरता दर ९७ प्रतिशत पुर्‍याउने, शैक्षिक उपलब्धि स्कोरलाई ९९ प्रतिशत पुर्‍याउने र अपिहिमाल गाउँपालिकाले आफ्नो वार्षिक कूल बजेटको शिक्षामा ३५ प्रतिशत लगानी गरेको हुनेछ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

नेपालको शिक्षा प्रणालीका प्रमुख सूचकहरू (प्रारम्भिक शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, साक्षरता, प्राविधिक शिक्षा, शिक्षक अनुपात, बजेट आदि) को आधारमा तयार पारिएको अपिहिमाल गाउँपालिकाको दस वर्षीय लक्ष्यसहितको विवरणलाई सङ्क्षिप्त पृष्ठभूमिको रूपमा प्रस्तुत गरिएको छ।

**तालिका सङ्ख्या 1 : कार्य सम्पादनका मूख्य सूचक तथा लक्ष्य**

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दस बर्से लक्ष्य (१०) |
|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | स्थानीय | ६६.२ | ७० | ७५ | ८० | ९० | ९५ |
| | | प्रदेश | ९८.९ | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | | ९४.० | ९९.० | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका(%) | स्थानीय | ९३.० | ९४ | ९५ | ९६ | ९७ | ९८ |
| | | प्रदेश | ८१.३ | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | | ८५.० | ९५.० | |
| आधारभूत शिक्षा (कक्षा १-८) | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९५.४ | ९६.४ | ९७.४ | ९८.४ | ९९.४ | १०० |
| | | प्रदेश | ९६.० | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | | ९९.० | १०० | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १०७.७ | १०६.७ | १०५.७ | १०४.७ | १०३.७ | १०० |
| | | प्रदेश | ११५.० | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | | १०७.० | १०५.० | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | स्थानीय | ९६.९ | ९७.४ | ९८.४ | ९९.४ | १०० | १०० |
| | | प्रदेश | ९५.७ | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | | ९९.५ | १०० | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | स्थानीय | ११९.५ | ११५.५ | ११२.५ | १०९.५ | १०५.५ | १०० |
| | | प्रदेश | १२७.३ | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूल प्रवेश दर (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | | १०७ | १०५.० | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | ८८.३ | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (%) | स्थानीय | ७६.५ | ८३.५ | ८६.२ | ८९.५ | ९४.२ | १०० |
| | | प्रदेश | | | | | | |

| क्र.सं | सूचक | | सूचकको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दस बर्से लक्ष्य (१०) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | ८५.८ | ९३.१ | | ९५.५ | ९९.५ | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २२.२ | २०.० | | १५.० | १०.० | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०६ | | | | १.०१ | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | | स्थानीय | ९५.६ | ९६.४ | ९७.४ | ९८.४ | ९९.४ | १०० |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९.० | | | १०० | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | १११.५ | १०८.५ | १०५.५ | १०४.७ | १०३.५ | १०० |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | | स्थानीय | ७५.२ | ८२.० | ८६.२ | ८९.५ | ९३.२ | १०० |
| | | | प्रदेश | ८६.७ | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | | ९५.० | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | | ९५.० | |
| २.१५ | आधारभूत तह (कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | | स्थानीय | ७५.२ | | | | | |
| | | | प्रदेश | ०.९९ | १ | १.०१ | १.०१ | १.०१ | १.०१ |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोहीबमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | २.५८ | | | | | |
| | | | प्रदेश | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोहीबमोजिम पछि राखिने | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

| क्र.सं | सूचक | | सूचकको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दस बर्से लक्ष्य (१०) |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | | ६०.० | ७०.० | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | | ६०.० | ७०.० | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | | ७२ | ७५ | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | | ६५.० | ७०.० | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | | ६०.० | ७०.० | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | | ०.५ | ० | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | | १.० | ० | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षकमध्ये महिला शिक्षकको सङ्ख्या(%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | | ५०.० | ५०.० | |
| माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ५९.४ | ६५ | ७० | ७३ | ७६ | ८० |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४७.६ | | | ६५.० | | |
| ३.२ | | | स्थानीय | ७१.४ | ७३ | ७६ | ८० | ८६ | ९४ |

| क्र.सं | सूचक | सूचकको तहको | | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दस बर्से लक्ष्य (१०) |
|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ७१.४ | | | | ९९.० | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | | १.०२ | १ | १ | १ | १ | १ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १.०० | | १.०० | १.०० | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | | २७.० | ३३.० | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या(%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | | १५.० | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | | ३०.० | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दस बर्से लक्ष्य (१०) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | | |
| ४.१ | साक्षरता दर (५ वर्षभन्दा माथि) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | | ९५.० | | |
| ४.२ | साक्षरता दर (६ वर्षभन्दा माथि) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | | ९५.० | १०० | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | | ९९.० | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (पाँच वर्षभन्दा माथि) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | | ०.८० | |
| प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | | ५०.० | ७५.० | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| १. | सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | | ३०:१ | ३०:१ | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | | ३०:१ | ३०:१ | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दस बर्से लक्ष्य (१०) |
|---|---|---|---|---|---|---|---|---|
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | | ३०:१ | ३०:१ | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | | ३०:१ | ३०:१ | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | | ३०:१ | ३०:१ | |
| शिक्षामा लगानी | | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ३१ | ३१.५ | ३२ | ३२.५ | ३३ | ३५ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | | १७.० | २०.० | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | | २४ | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | | १७ | | |

# परिच्छेद – तीन : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

अपिहिमाल गाउँपालिकामा हाल जम्मा २२ बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । सबै बालविकास केन्द्रहरू विद्यालयमा आधारित भई सञ्चालित रहेका छन् । गाउँपालिकामा ३ वटा सामुदायिक सिकाइ केन्द्रहरू रहेका छन् । यस गाउँपालिका अन्तर्गत हाल बालविकास शिक्षाको खुद भर्नादर ६१.९ प्रतिशत रहेको छ । सामुदायिक विद्यालयहरुमा १ वर्षको प्रारम्भिक बालविकास शिक्षाको कार्यक्रम सञ्चालनमा छ । यी सबै शैक्षिक संस्थाहरूमा कूल २०६ जना बालबालिकाहरू अध्ययनरत छन् । यस गाउँपालिकाको प्रारम्भिक बालविकास शिक्षाको कूल भर्नादर ६६.२ र खुद भर्नादर ६१.९ रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहितको भर्नादर ९३.० रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा लैङ्गिक समता सूचक ०.७९ रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा कार्यरत शिक्षकहरू २४ जना रहेका छन् । प्रारम्भिक बालविकास शिक्षामा कार्यरत शिक्षकहरू सबै एस.एल.सी. वा एस.ई.ई. भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेका रहेका छन् तर न्यूनतम तालिमबाट भने कोही कोही बन्चित रहेका छन् । यस तहमा शिक्षण गर्ने शिक्षकहरूको सरकारले दिइराखेको सेवा सुविधा न्यून रहेको छ । वर्तमान यस अवस्थालाई विश्लेषण गर्दा प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरू देखिन्छन्:

- विकट भूभाग, पहाडी/हिमाली क्षेत्रका कारण विद्यालय वा बालविकास केन्द्रसम्म पुग्न कठिन ।
- बालबालिकालाई दैनिक लामो दूरी हिँड्नुपर्ने बाध्यता ।
- विद्यालय/बालविकास केन्द्रको भवनको अभाव वा जीर्ण अवस्था ।
- सुरक्षित पिउने पानी, शौचालय, खेलकुद सामग्री तथा सिकाइका उपकरणको कमी ।
- योग्य, प्रशिक्षित र स्थायी शिक्षकको अभाव ।
- नियमित शिक्षक उपस्थित नहुँदा पठनपाठनमा निरन्तरता नआउनु ।
- पाठ्यपुस्तक तथा अन्य सिकाइ सामग्रीको कमी ।
- प्रविधिको प्रयोग नगन्य (जस्तै: डिजिटल सामग्री, अडियो/भिडियो सामग्री नहुनु) ।
- अभिभावकको कमजोर आर्थिक अवस्था ।
- बालबालिकालाई विद्यालय पठाउनेभन्दा काममा लगाउने प्रवृत्ति ।
- स्थानीय परम्परा वा धार्मिक मान्यताले विद्यालय जाने संस्कारमा अवरोध पुऱ्याउनु ।
- बालविकासको महत्त्वबारे जानकारीको कमी ।
- शिक्षा प्रणालीप्रति विश्वासको कमी ।
- सरकारी नीति तथा कार्यक्रम दुर्गम क्षेत्रसम्म कार्यान्वयनमा कमजोरी ।

- अनुगमन तथा मूल्याङ्कनको कमी।
- बाढी, पहिरो, हिमपातजस्ता प्रकोपले विद्यालय नियमित सञ्चालनमा कठिनाइ।
- मौसमी असरले बालबालिकाको उपस्थिति प्रभावित।

### ३.१.२ उद्देश्य

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास शिक्षामा पहुँच बढाउनु।

२. आवश्यक शिक्षण सामग्रीको व्यवस्थापन गरी प्रारम्भिक बालविकास शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु।

३. अपाङ्गता भएका बालबालिकाका लागि विशेष प्रकारको बालविकास केन्द्र स्थापना गर्ने,

४. सङ्ख्यात्मक रूपमा न्यून तर विकट तथा दुर्गम ग्रामीण क्षेत्रमा रहेका बालबालिकाका लागि सहज एवम् पहुँचयोग्य स्थानमा बालविकास केन्द्र स्थापना र सञ्चालन गर्ने,

५. प्रारम्भिक बालविकास केन्द्रहरूमा अध्ययनरत बालबालिकाहरूको स्वास्थ्य परीक्षणका लागि आवश्यक व्यवस्थापन गर्ने,

६. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु।

### ३.१.३ रणनीतिहरू

प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिने छन्:

१. चार वर्ष उमेरका सबै बालबालिकाहरूलाई बालविकास/पूर्वप्राथमिक कक्षामा भर्ना गराउने।

२. विद्यालयमा आधारित बालविकास केन्द्रहरूको वैज्ञानिक नक्साङ्कन गर्ने।

३. सहजकर्ताको स्थायित्वका लागि स्थानीय निकाय तथा अन्य सङ्घसंस्थाबाट प्राप्त स्रोत परिचालन गरी पारिश्रमिकमा बृद्धि गर्ने, साथै बालविकास केन्द्र व्यवस्थापन समितिलाई सक्रिय बनाई आय आर्जनका कार्यक्रम सुरु गरी छुट्टै बालविकास कोषको स्थापना गर्न बालविकास केन्द्रहरूलाई प्रोत्साहित गर्ने।

४. खुला शिक्षाको माध्यमबाट न्यूनतम योग्यता नपुगेका सहयोगी कार्यकर्तालाई माथिल्लो शिक्षा हासिल गर्नको लागि प्रोत्साहित गर्ने र क्षमता अभिवृद्धि गर्नको लागि तालिम तथा नमुना बालविकास केन्द्रको अवलोकन भ्रमणको व्यवस्था मिलाउने।

५. समुदायमा आधारित भएर संचालनमा रहेका बालविकास केन्द्रलाई समुदायबाट बालमैत्री सुविधाजनक कक्षाकोठा निर्माण गर्न आवश्यक पहल गर्ने। विद्यालयमा सञ्चालनमा रहेका बालविकास केन्द्रलाई सुविधाजनक कक्षाकोठा उपलब्ध गराई कक्षा सञ्चालन गर्न पहल गर्ने र अव स्थापना हुने बालविकास केन्द्रको लागि कक्षा कोठा भए नभएको अध्ययन गरेर मात्र कक्षा कोठा भएकालाई मात्र उपलब्ध गराउने।

६. बालविकास केन्द्रमा भर्ना गर्दा जन्मदर्तालाई अनिवार्य गर्ने।

७. गाउँपालिका भित्रका सबै बालविकास केन्द्रहरूमा आवश्यक पूर्वाधारसहित बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्ने।

८. आन्तरिक तथा वाह्य अनुगमन प्रणालीलाई प्रभावकारी वनाउन मातृ विद्यालयका प्रधानाध्यापकलाई जिम्मेबार बनाउने।

९. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र समुदायलाई जिम्मेबार बनाउने।

## ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरू १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुनेछ।

२. प्रारम्भिक बालविकास तहको कूल भर्नादर १०० पुगेको हुनेछ।

३. प्रारम्भिक बालविकास तहमा कार्यरत सहजकर्ताहरुको न्यूनतम योग्यता सत प्रतिशत पुगेको हुनेछ।

४. कक्षा १ मा नयाँ प्रवेश गर्ने प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त गर्ने बालवालिका १०० प्रतिशत पुगेको हुनेछ।

५. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भई कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरू प्रारम्भिक बालविकासको अनुभवसहितका हुनेछन् ।

६. सबै बालविकास केन्द्रहरू अनुगमन सूचकहरूका आधारमा सिकाइमैत्री र बालमैत्री भएका हुनेछन्।

### ३.१.४ योजनाको कार्यान्यनबाट हासिल हुने परिमाणात्मक लक्ष्य

| क.स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास मा कूल भर्ना सङ्ख्या | ६६.२ | ७० | ७४ | ७८ | ८२ | ८८ |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रहरू | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी प्रतिशत | ९३.० | ९५ | ९७ | ९९ | १०० | १०० |
| ४ | न्यूनतम शैक्षिक योग्यता र तालिम प्राप्त बालविकास सहजकर्ता सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ५ | प्रारम्भिक बालविकास शिक्षा पाठ्यक्रम कार्यान्वयनको अवस्था प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ६ | प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा रहेका विद्यार्थी प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० | १०० |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास केन्द्रहरूको नक्साङ्कन र प्रारम्भिक बालविकास पुनर्वितरण | सङ्ख्या | ० | १ | ० | ० | ० | १ | १ | |
| २ | बालविकास केन्द्रहरुको सबलीकरण तथा सुधार | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | ९ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | बालमैत्री बसाइ व्यवस्थापन (पिफर्म, कार्पेट, कुशन तथा सिकाइ कुना अनुसारका प्याक र सामग्री) | सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |
| ५ | प्रारम्भिक बालविकास पाठ्यक्रम प्रबोधीकरण | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ६ | प्रारम्भिक बालविकास सहजकर्ता क्षमता विकास | सङ्ख्या | ० | २४ | २४ | २४ | २४ | २४ | २४ | |
| ७ | खेल, मनोरञ्जन तथा प्रविधिमैत्री सामग्री व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ८ | बालवालिकाको स्वास्थ्य जाँच (खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने) | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ९ | विद्यालयद्वारा अभिभावक शिक्षा तथा सचेतना | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| १० | बालवालिकाहरुको अभिलेख व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| ११ | प्रारम्भिक बालविकास शिक्षक प्रोहत्साहन (स्थानीय तह) | सङ्ख्या | ० | ३ | ४ | ५ | ६ | १८ | २४ | |

## ३.२ आधारभूत शिक्षा

नेपालको संविधान २०७२ र विद्यालय शिक्षा ऐन २०७३ अनुसार नेपालमा विद्यालय शिक्षा प्रणालीलाई व्यवस्थापन गरिएको छ । नेपालमा विद्यालय शिक्षालाई आधारभूत शिक्षा (कक्षा १-८) र माध्यमिक शिक्षा (कक्षा ९-१२) गरी दुई भागमा वर्गीकरण गरिएको छ । साविकको प्राथमिक तह कक्षा १-५ र निम्नमाध्यमिक तह कक्षा ६-८ लाई समायोजन गरी बनाइएको आधारभूत तह कक्षा १-८ का लागि ५ वर्षदेखि १२ वर्षसम्मको उमेर समूह निर्धारण गरिएको छ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवन र सामाजिक समायोजन तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधारशिला खडा गर्दछ । यसले व्यक्तिलाई निरन्तर सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधान २०७२ ले प्रत्येक व्यक्तिको आधारभूत शिक्षामा सहज पहुँच हुने र यो तहको शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क हुने व्यवस्था गरेको छ । छ । नेपालमा आधारभूत शिक्षा भन्नाले कक्षा १ देखि ८ सम्मको शिक्षालाई बुझाउँछ । नेपाल सरकारद्वारा निःशुल्क र अनिवार्य घोषणा गरिएको यो शिक्षाले सबै बालबालिकालाई समान अवसर प्रदान गर्ने उद्देश्य राख्दछ । एकातर्फ निर्दिष्ट सिकाइलाई मात्र स्तरीय मान्ने र अर्कोतर्फ कागजी काम कार्वाहीलाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति रहेको वर्तमान अवस्थामा व्यावहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोजअनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव, नैतिक आचरण र जिम्मेवारी, मौलिक रूपमा उपयोग गर्न सक्ने गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्ने उद्देश्यमा केन्द्रित रही यस खण्डमा आधारभूत शिक्षाको कक्षा १ देखि ८ सम्म आगामी १० वर्ष भित्रका विभिन्न क्रियाकलापहरू समावेश गरिएको छ ।

### ३.२.१ वर्तमान अवस्था

अपिहिमाल गाउँपालिकामा शैक्षिक सत्र २०८१ मा आधारभूत तह (कक्षा १-८) को शिक्षा प्रदान गर्न १-८ सम्मका कक्षा सञ्चालित सामुदायिक विद्यालयको सङ्ख्या ४ रहेको छ । जनसङ्ख्याको असमान वितरण र गाउँपालिकाको सामाजिक, आर्थिक तथा भौगोलिक अवस्थाका कारण विद्यालयहरूमा विद्यार्थीको वितरण पनि असमान खालको रहेको छ । यहाँका विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ भने दिवा खाजा कार्यक्रमलाई सिकाइ तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ । आधारभूत तहमा विद्यालय छोड्ने र दोहोर्‍याउने दरलाई कम गर्नु आवश्यक छ । राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रमले कक्षा १ देखि ३ का विद्यार्थीहरूको पठन सिपमा सहयोग गरेको पाइएको छ । भौगोलिक कठिनाइ र छरिएर रहेको मानवीय बसोबासका कारण आधारभूत शिक्षामा पहुँचका लागि बालबालिकाहरूले दैनिक कठिन परिश्रम गर्नु परे तापनि गम्भीर खाले अपाङ्गता भएका १० जना बालबालिकाबाहेक अधिकांश बालबालिकाहरूको आधारभूत शिक्षामा पहुँच रहेको छ । यस तहमा शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १:९ र कक्षा ६-८ मा १:१० रहेको छ । आधारभूत तह (कक्षा १-५) मा ४३ जना स्थायी, ११ जना राहत, ३ जना करार र १८ जना पालिका करार शिक्षक गरी कूल ७५ जना कार्यरत छन् । त्यस्तै आधारभूत तह (कक्षा ६-८) मा ६ जना स्थायी, २ जना राहत, ४ जना सङ्घीय अनुदान र २२ जना पालिका करार शिक्षक गरी जम्मा ३४ जना शिक्षक कार्यरत छन् । यसका साथै दरबन्दी भएका विद्यालयहरूमा पनि विषयगत दरबन्दी उपलब्धताको अवस्था अपर्याप्त

रहेको छ। यस परिप्रेक्षमा पाठ्यक्रमको सफल कार्यान्वयनको लागि अध्यापन गर्ने सबै शिक्षकको क्षमता अभिवृद्धि गर्नु अति आवश्यक छ। शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरूलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ।

### ३.२.२ उद्देश्य

यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

क. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
ख. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्नु,
ग. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु,
घ. सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्नु,
ङ. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
च. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउनु,
छ. विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु,
ज. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु र सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु।

### ३.२.३ रणनीतिहरू

क. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने,
ख. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,
ग. प्रारम्भिक कक्षा पढाइसम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने,
घ. विद्यालयबाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाइने,
ङ. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,
च. शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति कार्यसम्पादन करार गरी जवाफदेही बनाउने,
छ. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,
ज. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
झ. शिक्षण सिकाइका नवीनतम विधि अवलम्बन गर्ने, शिक्षण एवम् सिकाइका कार्य प्रक्रियाहरूमा आधुनिक प्रविधिको उपयोगका लागि शिक्षकलाई आवश्यक सिप र क्षमता विकास गर्ने,
ञ. प्रारम्भिक कक्षाहरूमा कक्षा शिक्षणलाई प्रबर्द्धन गर्ने,
ट. शिक्षकका लागि आवश्यक तालिमको तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
ठ. मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने,
ड. कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने,
ढ. शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास गरी उत्प्रेरित गर्ने,
ण. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,

त. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने,

थ. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,

द. विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,

ध. दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,

न. अन्तर्सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,

ऩ. शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,

प. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,

फ. अभिभावकहरूलाई आफ्ना बालबालिका अनिवार्य रूपमा विद्यालयमा भर्ना गर्न आवश्यक नीति अवलम्बन गर्ने,

ब. विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने,

भ. विद्यार्थी र विद्यालयको सिकाइ उपलब्धिमा अभिभावकको सहभागिता सुनिश्चित गर्ने,

म. आवश्यकतानुसार विपन्न, दलित, अपाङ्ग, सहिद परिवार, द्वन्द्वपीडित तथा सुविधावन्चित आदिवासी, जनजाति विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

अनिवार्य तथा निशुल्क शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित भई गुणस्तरमा वृद्धि हुने ।

**प्रमुख नतिजा:**

क. सबै बालबालिकाको आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता भएको हुनेछ,

ख. सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेको हुनेछ,

ग. आधारभूत तहका विद्यालयहरूको न्यूनतम मापदण्ड पूरा भएको हुनेछ,

घ. शिक्षकले शिक्षण सिकाइमा बिताउने समयावधिमा सुधार भएको हुनेछ,

ङ. आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भएको हुनेछ,

च. बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुनेछ,

छ. पौष्टिकयुक्त दिवाखाजाको प्रबन्धबाट बालबालिकाको पोषण तथा स्वास्थ्यको अवस्थामा सुधार भएको हुनेछ,

ज. बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछ,

झ. आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार भएको हुनेछ,

ञ. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ,

ट. सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग पुगेको हुनेछ,

ठ. शैक्षिक जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह हुने तथा शैक्षिक सुशासन कायम भएको हुनेछ ।

## योजनाको कार्यान्यनबाट हासिल हुने परिमाणात्मक लक्ष्य

| क.स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत शिक्षाको पहुँच पुगेका बालबालिकाको सङ्ख्या | १२६५ | १३०० | १३५० | १४०० | १४५० | १५०० |
| २. | विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या | १५ (CBS 2078) | १० | ५ | ० | ० | ० |
| ३. | न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएका विद्यालय सङ्ख्या | १८ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| ४. | आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भएका विद्यालयको सङ्ख्या | १८ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| ५. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड पूरा गरेका विद्यालयको सङ्ख्या | १८ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| ६. | शिक्षकको क्षमता विकाससम्बन्धी तालिम प्राप्त शिक्षकको सङ्ख्या | १०९ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| ७. | विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध | १८ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |

## ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन | पटक | ० | १ | ० | ० | ० | १ | १ | |
| २ | विद्यालयबाहिर रहेका बालबालिका पहिचान | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागि अनुदान | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| ५ | सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| ६ | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो निर्माण | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| ७ | गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| ८ | कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन व्यवस्थापन तथा प्रमाणीकरण | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| ९ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| १० | आधारभूत कक्षा १-३ का बालबालिकाहरूका लागि पठन सिप विकास | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| ११ | आधारभूत कक्षा १-३ का बालबालिकाहरूको गणितीय सिप विकास तथा लेखन सिप विकास अभ्यास | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| १२ | कक्षा १-३ मा छापायुक्त र बालमैत्री कक्षाकोठाको व्यवस्था | सङ्ख्या | | ४ | ४ | ४ | ४ | ४ | ४ | |
| १३ | कक्षा १-३ मा अध्ययनरत बालबालिकाहरूका लागि पढाइ तथा गणितका सामग्री वितरण | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| १४ | शुक्रवार विद्यालयमा तथा त्रैमासिक वा अर्धवार्षिक रूपमा गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | | २ | २ | ३ | ३ | १० | २७ | |
| १५ | सिकाइ उपलब्धि कम भएका विद्यार्थीका लागि उपचारात्मक कक्षा | सङ्ख्या | ० | २ | ३ | ४ | ५ | १४ | १९ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | विद्यालयमा विद्यार्थी नियमितताको लागि अभिभावक फलोअप वार्षिक | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| १७ | विपन्न तथा दलित समुदाय विद्यार्थी सहयोग तथा छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| १८ | कक्षा थप तथा समायोजन | पटक | ० | ० | १ | ० | ० | १ | २ | |

## ३.३ माध्यमिक शिक्षा

माध्यमिक शिक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षा हो। यस शिक्षाले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य र मान्यतासम्बन्धी ज्ञान, सिप तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने शिक्षा ऐनमा उल्लेख छ । कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रमको नीति अवलम्बन गर्ने गरिएको छ। मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन गर्न सक्ने, विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने, दैनिक जीवनमा भाषिक एवं सञ्चारका साथै गणितीय सिपको प्रयोग गर्न सक्ने, श्रमप्रति सम्मान गर्दै कामको संसारमा प्रवेश गर्न सक्ने, प्राकृतिक एवं सामाजिक घटनाको विश्लेषण गर्दै सकारात्मक व्यवहार प्रदर्शन गर्ने जस्ता सक्षमताहरू यस तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तोकिएका छन् । नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ।

### ३.३.१ वर्तमान अवस्था

अपिहिमाल गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा कक्षा ० -१२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरू १ वटा र ०-१० सम्म सञ्चालित विद्यालय ३ वटा रहेका छन् । माध्यमिक तह (९-१२ ) को लैङ्गिक समता सूचकाङ्क १.०१ रहेको छ । यस तहमा शैक्षिक सत्र २०८१ मा जम्मा ३६९ जना विद्यार्थीहरू सामुदायिक विद्यालयहरूमा अध्ययनरत छन् । अपिहिमाल गाउँपालिकाको खण्डेश्वरीमा एउटा प्राविधिक धारको माध्यमिक विद्यालय रहेको छ। विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोऱ्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरूको कार्यक्षमता वृद्धि गर्नु आवश्यक छ । शिक्षण सिकाइका विधिहरूमा सुधारका लागि सम्पूर्ण शिक्षकहरूलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ । संविधानले माध्यमिक शिक्षा निःशुल्क हुने भनेर भनेको भए तापनि हाल माध्यमिक तहको शिक्षा पूर्ण रूपमा निःशुल्क गर्न सकिएको छैन । शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्रधानाध्यापकको लागि नेतृत्व विकाससम्बन्धी तालिमहरू पर्याप्त मात्रामा सञ्चालन गर्न सकिएको छैन । विभिन्न ढङ्गले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन । सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै लागु गर्नुपर्ने आवश्कता छ । राम्रो नेतृत्व भएको प्रधानाध्यापकको विद्यालय व्यवस्थापन प्रभावकारी हुने भएकोले प्रधानाध्यापकहरूको नेतृत्व विकाससम्बन्धी तालिमहरू सञ्चालन गर्नु अति आवश्यक छ। माध्यमिक तहमा विषयगत शिक्षक तथा दरबन्दी पर्याप्त छैनन् । उल्लिखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरू देखिन्छन् ।

- ✔ निःशुल्क माध्यमिक तहसम्मको शिक्षालाई पूर्ण रूपमा कार्यन्वयनमा ल्याउने ।
- ✔ माध्यमिक शिक्षाको पहुँचबाहिर रहेका विपन्न र दलित, अल्पसङ्ख्यक तथा अपाङ्गता/फरक क्षमताका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने ।
- ✔ माध्यमिक तहमा खुद भर्ना दर बढाउने ।

- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।
- सिकाइको गुणस्तर सुधार गरी सिकारुको सिकाइ उपलब्धिमा सुधार ल्याउने।
- शिक्षकको पेशागत वृत्ति विकासलाई पारदर्शी र नतिजामा आधारित बनाई व्यवस्थित गर्ने।
- विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्ने।
- भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई बालमैत्री बनाउने।
- संस्थागत क्षमता विकास।

### ३.३.२ उद्देश्यहरू

यस योजनाले माध्यमिक शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।
- माध्यमिक शिक्षामा खुद भर्नादर तथा टिकाउ दर बढाउनु।
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।
- माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकालाई दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइका लागि तयार बनाउनु।
- राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण र प्राविधिक शिक्षा बिचको गतिशीलता र सुनिश्चितता गर्नु।
- निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्नु।
- विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु।
- उच्च शिक्षा अध्ययनका लागि योग्य तथा आत्मपहिचान सहितको जनशक्ति उत्पादन गर्नु।

### ३.३.३ रणनीतिहरू

माध्यमिक शिक्षासम्बन्धी उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछ:

- सङ्घीय मापदण्डअनुसार स्थानीय तहले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कन गरी बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरिनेछ।
- माध्यमिक तहमा खुद भर्नादर तथा टिकाउ दर बढाउनका लागि वैकल्पिक माध्यमको प्रयोग तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकताअनुसार आवासीय विद्यालयहरूको विस्तार गरिनेछ।
- आर्थिक समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरूका लागि आर्थिक सहयोगको व्यवस्था गरिनेछ।

- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिलाई विस्तार गर्दै शिक्षण सिकाइमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको उपयोग पहुँचलाई बढाइनेछ ।
- सबै विद्यालयमा न्यूनतम सक्षमताको अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई मर्यादित र बालमैत्री बनाइनेछ ।
- विद्यार्थीको मनोबल बढाउन विद्यार्थी मनोपरामर्श कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरूमा विद्यार्थी सङ्ख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकारसमक्ष पहल गर्ने र सो कार्य पूरा नहुन्जेलसम्मका लागि गाउँपालिकाले योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा स्वयंसेवक शिक्षक छनोट तथा परिचालन गरिनेछ।
- राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण र प्राविधिक तथा व्यावसायिक शिक्षाबिच गतिशीलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित हुने गरी क्षितिजीय तथा लम्बीय योग्यता विकास गरिनेछ ।
- माध्यमिक विद्यालयहरूमा शैक्षिक गुणस्तरमा आधारित अतिरिक्त कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- सम्पूर्ण माध्यमिक विद्यालयमा इ-पुस्तकालय, विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गरिनेछ।
- माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय व्यवस्थापन तथा विकासप्रति प्र.अ.लाई उत्तरदायी बनाइनेछ।
- प्राविधिक शिक्षामा सबैको पहुँच विस्तार गर्न विद्यालयको नक्साङ्कनका आधारमा प्राविधिक धारका कार्यक्रम सञ्चालन गरिनेछ।
- निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परिक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने र सुधारका क्षेत्र पहिचान गरिनेछ ।
- विद्यालय शिक्षादेखि नै विज्ञान , प्रविधि, ईन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाई अन्तर्सम्बन्धित गर्दै लगिनेछ।
- शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनर्संरचित गरिनेछ।

## ३.३.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क. उपलब्धि

- नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चितता भएको हुनेछ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ।

### ख. नतिजाहरू

- सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित हुने।
- खुद भर्ना दर र टिकाउ दर वृद्धि हुने।
- प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालयको सङ्ख्यामा वृद्धि भएको हुने।

- माध्यमिक तहमा विषयगत शिक्षक व्यवस्थापन भएको हुने ।
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
- विद्यालयहरूमा सुरक्षित र बालमैत्री, समतामुखी भौतिक पूर्वाधार विकास गरिएको हुने ।
- माध्यमिक तहमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने गरी कार्यसम्पादन करार (TOR) लागु भएको हुने ।
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भइ सिकाइलाई सहयोग हुने ।
- गाउँपालिकाभित्रका सबै माध्यमिक विद्यालयहरूमा आवश्यकताअनुसार विद्यालय भवन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर ल्याब, शुद्ध खानेपानी, शौचालयका साथै अन्य आवश्यक पूर्वाधारको व्यवस्था भएको हुने ।
- शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

## योजनाको कार्यान्वयनबाट हासिल हुने परिमाणात्मक लक्ष्य

| क.स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | २०८६ /८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह ९-१० मा भर्ना भएका विद्यार्थी सङ्ख्या | १९५ | २०० | २१० | २१५ | २२० | २५० |
| २ | माध्यमिक तह ११ -१२ मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ३६९ | ३७५ | ३९० | ४०० | ४५० | ५०० |
| ३ | प्राविधिक धारमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ११२ | १२० | १४० | १४० | १४० | १४० |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ५ | माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाको न्यूनतम सिकाइ उपलब्धि प्रतिशत | २३ | २३ | २३ | २३ | २३ | २३ |
| ६ | समयमै पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्रीको उपलब्धताको अवस्था प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ७ | विषयगत तालिमप्राप्त शिक्षकको सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | २३ |
| ८ | प्रकोप, विपद् तथा सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील विद्यालय सङ्ख्या | | | १० | १२ | १४ | २० |

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १. | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | ० | ० | १ | १ | |
| २. | मापदण्डअनुसार शिक्षक व्यवस्थापन | पटक | ० | १ | ० | ० | ० | १ | १ | |
| ३. | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ४. | विद्यालयबाहिर रहेका बालबालिका पहिचान | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ५. | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ६. | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागि अनुदान | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ७. | सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ८. | विपन्न तथा दलित समुदाय विद्यार्थी सहयोग तथा छात्रवृत्ति | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ९. | कक्षा ९-१२ प्राविधिक धारमा अध्ययनरत विद्यार्थीका लागि प्रोत्साहन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| १०. | गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ११. | अभिभावक शिक्षा | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| १२. | विज्ञान सामग्री व्यवस्थापन | सङ्ख्या | ० | ४ | ४ | ४ | ४ | १६ | ३६ | |
| १३. | आवासीय विद्यालय र सो सुविधा दिन सकिने विद्यालय सङ्ख्या | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | १० | |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा

विशेष क्षेत्रसम्बन्धी विशिष्ट ज्ञान, सिप प्राप्त हुने शिक्षा नै व्यावसायिक तथा प्राविधिक शिक्षा हो । यो उत्पादनमुखी, रोजगारमुखी र गरी खानको लागि सिकारूलाई स्वावलम्बी र आत्मनिर्भर भई जीवनोपयोगी सिपमूलक बनाउने शिक्षा हो । औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ मा स्थापित प्राविधिक तालिम शिक्षालयबाट भएको हो । हाल प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (CTEVT) ले प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरू सघन रूपमा सञ्चालन गरिरहेको छ । व्यावसायिक तथा प्राविधिक शिक्षा भविष्यको जीवनसँग सम्बद्ध भई कामको लागि सिकाइ (Learning to do) प्राप्त हुने शिक्षा हो । व्यावसायिक कार्यकुशलता अभिवृद्धि गर्दै शैक्षिक उत्पादनलाई व्यावहारिक, जीवनोपयोगी र श्रम बजारसँग सम्बन्धित बनाउने शिक्षा नै व्यावसायिक तथा प्राविधिक शिक्षा हो। व्यावसायिक तथा प्राविधिक शिक्षाले व्यक्तिलाई "बोली खाने भन्दा गरी खाने" बनाउँदछ। शिक्षालाई विकासको आधार भन्ने हो भने व्यावसायिक तथा प्राविधिक शिक्षा विकासको मूल आधार हो। यो शिक्षा व्यक्तिको आवश्यकता, चाहना, उपलब्ध स्रोतसाधन र आर्थिक क्षमताको आधारमा प्रदान गर्नु पर्दछ । त्यसैले सिपयुक्त नेपाल, समृद्ध जनता र व्यावसायिक तथा प्रविधिमुखी शिक्षामा विशेष जोड दिनु आजको प्रमुख आवश्यकता हो ।

### ३.४.१ वर्तमान अवस्था

नेपालको सुदूरपश्चिम प्रदेश दार्चुला जिल्ला अन्तर्गत अपिहिमाल गाउँपालिका कृषि, पशुपालन तथा व्यापारको क्षेत्रमा उपयुक्त मानिन्छ । विगत केही समयदेखि नै खण्डेश्वरी मा.वि.मा कृषि अन्तर्गत प्राविधिक धारको माध्यमिक विद्यालय सञ्चालनमा रहेको छ । यस प्राविधिक धारको शिक्षाबाट स्थानीय स्तरमा उपलब्ध स्रोत साधानमा आधारित व्यावसायिक सिप र उद्यमशीलतामा आधारित आयआर्जनमा संलग्न भई आत्मनिर्भर एवम् स्वावलम्बी बन्न सकिन्छ । प्राविधिक तथा व्यावसायिक विद्यालयको सम्पूर्ण विकासका लागि आमसरोकारवाला, स्थानीय, प्रदेश र सङ्घीय सरकारसमेतको उच्च अपनत्व विकास हुन जरुरी छ ।

### ३.४.२ उद्देश्य:

यस योजनाले प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार गर्ने ।
२. अपिहिमाल गाउँपालिका क्षेत्रको विकासका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति उत्पादन गर्ने ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षालाई गुणस्तरीय तथा प्रभावकारी बनाउने ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्न चाहने विद्यार्थीहरूलाई प्राविधिक शिक्षा अध्ययनको अवसर प्रदान गर्ने ।

### ३.४.३ रणनीतिहरू

प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछ ।

१. गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरूमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्थाको लागि पहल गर्ने ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई "पढ्दै कमाउँदै" को अवधारणाअनुरूप गाउँपालिकाभित्रै रोजगारीको अवसर प्रदान गर्ने।

३. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षामा समान अवसर प्रदान गर्न छात्रवृत्ति प्रदान गर्ने ।

## ३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क. उपलब्धि

१. गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरूमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्था भएको हुनेछ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या बढेको हुनेछ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षकहरूको क्षमता अभिवृद्धि भएको हुनेछ।

### ख. नतिजा

१. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्न चाहनेको लागि पहुँच पुगेको हुने।

२. प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच विस्तार गर्न छात्रवृत्तिको व्यवस्था भएको हुने।

**नतिजा तथा परिणात्मक लक्ष्य:**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| २. | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | ११२ | १२० | १४० | १४० | १४० | १४० |
| ३. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरी रोजगारीमा जोडिएका विद्यार्थी सङ्ख्या | १ | ५ | १० | १५ | २० | २५ |
| ४. | स्थानीय स्तरमा पहिचान भई प्रमाणीकरण तथा प्रबर्द्धन भएका परम्परागत सिपहरूको सङ्ख्या | | ३ | ५ | ७ | ९ | ११ |

## ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफित |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १. | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| २. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्ने विद्यालय | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | २ | |
| ३. | छात्रवृत्तिका अवसर | सङ्ख्या | | १२ | १५ | २० | २५ | ७२ | १७२ | |
| ४. | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना, सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरू प्रयोगात्मक अभ्यास सहयोग | पटक | | २ | ४ | ६ | ८ | २० | ५० | |
| ६. | प्राविधिक शिक्षा तथा व्यवासायिक तालिमसम्बन्धी जानकारी | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ७. | पढ्दै कमाउँदै कार्यक्रम बजेट | रु हजार | | १०० | १५० | २०० | २०० | ६५० | १६५० | |
| ८. | छोटो अवधिका सिपमूलक व्यावसायिक तालिम सञ्चालन | पटक | | १ | १ | २ | २ | ६ | १२ | |
| ९. | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा स्वरोजगारी सिर्जना | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| १०. | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोगसम्बन्धी कार्यक्रम | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| १२. | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| १३. | उद्यमशीलता तालिम लिएकाहरूका लागि व्यावसायिक योजना निर्माण कार्यक्रम बजेट | रु हजारमा | | २०० | २५० | ३०० | ३५० | ११०० | २५०० | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि विभिन्न लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानीलाई जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्वन गरेको सिद्धान्त, दिगो विकासको लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । 'सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर‘ दिगो विकासको मूल मर्म भएकोले अपिहिमाल गाउँपालिकाको शिक्षा क्षेत्रको योजना २०८१–०९१ ले विगतको साक्षरताका कार्यक्रमबाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु पर्दछ । विशेष गरी शिक्षाको औपचारिक संरचनाबाहिर ठूलो सङ्ख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागि कार्यमूलक साक्षरता, आयआर्जन, समूह साझेदारी Digital Literacy लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । औपचारिक र अनौपचारिक शिक्षाका बीचमा Cross Ventilator को व्यवस्था गरी शिक्षा प्राप्तिलाई लचकदार व्यक्तिको आवश्यकता र अनुकूलतामा आधारित बनाउँदै लैजानुपर्ने देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७८ जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

### ३.५.१ वर्तमान अवस्था

अपिहिमाल गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार एक हजार तीन सय पचपन्न घरधुरी र जनसङ्ख्या ६,७९८ रहेको छ । यस पालिकामा ३ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रको स्थलगत अनुगमन, निरीक्षण भई परिचालन गरिएको छ । केन्द्रीय तथ्याङ्क विभागको २०७८ सालको जनगणनाअनुसार अपिहिमाल गाउँपालिकाको साक्षरता दर ८०.९ प्रतिशत रहेको छ; जसमा महिला साक्षरता दर ७२.८ प्रतिशत र पुरूषको साक्षरता दर ८९.३ प्रतिशत रहेको छ । २०७२ साल पुस १५ गते दार्चुला जिल्ला नेपालको तेइसौँ साक्षर जिल्ला घोषणा भइसकेको छ ।

साक्षर जिल्ला घोषणा भइसके तापनि २०७८ को जनगणनाले अझै १७ प्रतिशत मानिसहरू निरक्षर रहेको तथ्याङ्क सार्वजनिक गरेको छ भने निरक्षरहरूमा पनि महिला निरक्षरताको अवस्था अझै २५ प्रतिशत रहेको देखिन्छ । साक्षर भइरहेका व्यक्तिहरूका लागि पनि निरन्तर सिकाइ र साक्षरोत्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने अवस्था देखिएको छ । साथै साक्षरता शिक्षाका माध्यमबाट निरन्तर सिकाइ, जीवनोपयोगी सिप र तालिम प्रदान गर्नु आवश्यक देखिन्छ ।

### ३.५.२ उद्देश्य

क. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,

ख. औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षाका बिच अन्तर्सम्बन्ध स्थापित गर्नु,

ग. आजीवन सिकाइ संस्कृतिसापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु ।

### ३.५.३ रणनीतिहरू

क. मौलिक एवम् परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्द्धन, आधुनिकीकरण एवम हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

ख. सामुदायिक सिकाइ केन्द्रहरू (हाल ३ वटा सामुदायिक अध्ययन केन्द्र रहेको) को पुनर्संरचना तथा पुनर्वितरण गर्ने,

ग. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैरसरकारी सङ्घ संस्थाहरू, नागरिक समाज,सञ्चार माध्यम र अभिभावक परिचालन गरी साक्षरता तथा निरन्तर सिकाइ/साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने,

घ. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधताअनुरूपका सामग्रीको प्रयोग गर्ने,

ङ. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय,वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने,

च. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित निरन्तर सिकाइको थलोका रूपमा विकास गर्ने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुनेछन् ।

**प्रमुख नतिजाः**

क. पालिकावासी सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त भएको हुनेछ ।

ख. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन भएको हुनेछ।

ग. सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन भएको हुनेछ।

घ. सामुदायिक सिकाइ केन्द्र जीवनपर्यन्त सिकाइको केन्द्रका रूपमा विकास भएको हुनेछ।

ङ. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एव प्रमाणीकरण गरी समकक्षता प्रदान हुनेछ।

च. अनौपचारिक तथा जीवनपर्यन्त सिकाइसम्बन्धी तथ्याङ्क अद्यावधिक भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्षभन्दा माथि) * % | ८०.९* | ८०.९* | 84.9 | 89.0 | 93.0 | 97.1 |
| २. | भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्षभन्दा माथिका महिला) * % | ७२.८* | ७२.८* | 76.4 | 80.1 | 83.7 | 87.4 |
| ३. | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ३ | ३ | 3 | 3 | 3 | 4 |
| ४. | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | 0 | 0 | 0 | 0 |
| ५. | ५ वर्षभन्दा माथिका महिलाको साक्षरता प्रतिशत | ७२.८* | ७२.८* | 76.4 | 80.1 | 83.7 | 87.4 |
| ६. | ५ वर्षभन्दा माथिको पुरुषको साक्षरता प्रतिशत | ८९.३* | ८९.३* | 94 | 98 | 100 | 100 |
| ७. | औपचारिक शिक्षाबाट लाभान्वित नागरिकहरूको सङ्ख्या | ४८८१* | ४८८१* | 5125 | 5369 | 5613 | 5857 |

* राष्ट्रिय जनगणना २०७८

## ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र. स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफित |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १. | निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | ० | १ | ० | ० | ० | १ | २ | |
| २. | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ३. | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ४. | घरधुरी सर्वेक्षण र साक्षरता तथ्याङ्क सङ्कलन | पटक | | १ | ० | ० | ० | १ | २ | |
| ५. | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता अभिवृद्धि तालिम/ अनुदान | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | प्रौढ शिक्षा तथा निरन्तर सिकाइ कक्षा सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ७. | प्रौढ शिक्षामा सिप विकास र आय आर्जनका कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ८. | कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन | पटक | २ | १ | १ | १ | १ | ४ | ९ | |
| ९. | सिकाइ केन्द्र मार्फत व्यावसायिक तालिम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| १०. | सामुदायिक सूचना केन्द्रको स्थापना र सञ्चालन | सङ्ख्या | १ | १ | ० | ० | १ | २ | ३ | |

# परिच्छेद - ४ : अन्तर्सम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्थाः

शिक्षा पद्धतिलाई मार्ग निर्देशन गर्ने मुख्य आधार पाठ्यक्रम हो । यसले अपेक्षित ज्ञान, सिप अभिवृत्ति हासिल गर्न र गराउन विद्यार्थीलाई मद्दत गर्दछ । कुन कक्षा र कुन तहमा के सिकाउने, केकस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गरेको र विद्यार्थीले सिकेको वा नसिकेका कुरा सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्दछ । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षाको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकूल समायोजन हुन, सक्रिय र सुसूचित नागरिक जीवन व्यतित गर्न, रोजगारी प्राप्त गर्न, पेसा तथा व्यवसाय छनोट तथा सञ्चालन गर्न र विभिन्न आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्दछ । यसका साथै पाठ्यक्रमले सामाजिक मूल्यमान्यता तथा व्यवहारलाई सान्दर्भीकरणसहित आत्मसात गर्न, आफ्नो पहिचानप्रति गौरव भाव राख्दै विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न, आफ्नो र अरूको अधिकार र कर्तव्यप्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु गरी शैक्षिक सत्र वि.सं. २०८० बाट विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयनमा रहेको छ । विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको अवधारणाबमोजिम अन्तर्सम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनुपर्ने व्यवस्था छ । त्यसैगरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ । पाठ्यक्रममा सामाजिक तथा नागरिक शिक्षा दिने, विद्यालय तह पूरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक

विषयहरू समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ। विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषणगरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ।

प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षणसिकाइ तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ।विद्यार्थी मूल्याङ्कनमा सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास सुरु गरिएको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्राप्त गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रूपमा प्रयोग गर्ने र परीक्षा लगायत मूल्याङ्कनका साधन तथा विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ। त्यस्तै कक्षा ८, १० र ११ /१२ को अन्तमा सञ्चालन हुने सार्वजनिक परीक्षालाई थप विकेन्द्रित गर्दै व्यवस्थित, वैध र विश्वसनीय बनाउनुपर्नेछ। विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउनु आवश्यक भएको छ।

विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा स्थापित गर्न नसकिनु गुणस्तर सुधारको प्रमुख समस्याको रूपमा रहिआएको छ। निरन्तर विद्यार्थी मूल्याङ्कन गरी कक्षोन्नति गर्ने नीति विद्यार्थीलाई कुनै पनि हालतमा अनुत्तीर्ण गर्न नहुने भन्ने बुझाइले यथार्थ धरातलमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले सार्थकता पाएको छैन। त्रैमासिक, अर्धवार्षिक र वार्षिक लिखित परीक्षाजस्ता औपचारिक मूल्याङ्कनका प्रक्रियाहरूमा क्रमशः सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्ककन मूल्याङ्कन पद्धति अनुसार नतिजा प्रकाशन गर्ने परिपाटिको सुरुवात भई परीक्षण र मूल्याङ्कनमा सुधारको प्रयास नभएको होइन। यसो हुँदाहुँदै पनि मूल्याङ्नलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा अवलम्बन गरी सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गर्दै सिकाइ सुधार गर्ने कार्य तथा परीक्षण लगायत मूल्याङ्कनका अन्य साधन र विधिहरूलाई समेत प्रभावकारी बनाउने कार्यमा सुधारको खाँचो रहेको छ। कक्षा ८, १० र १२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, वैध र विश्वसनीय बनाउन आवश्यक छ। विद्यालयमा आधारित मूल्याङ्कनको नतिजा विश्लेषण र प्रबोधीकरणको कार्यलाई सुदृढ, व्यवस्थित र अनिवार्य गर्न सकिएको छैन; जसले गर्दा मूल्याङ्कनको प्रक्रिया केवल औपचारिकतामा मात्र सीमित छ। कोभिड – १९ को प्रभावले सिकाइमा भएको अवरोधले शिक्षण सिकाइ तथा मूल्याङ्कनमा अन्य वैकल्पिक विधि र माध्यम आवश्यक देखिएको विषयलाई सङ्केत गरेको छ। यस सन्दर्भमा डिजिटल सिकाइ सामग्रीको विकास तथा पहुँच बढाउनु आवश्यक देखिएको छ। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन आवश्यक छ।

## अपिहिमाल गाउँपालिकाको स्थानीय पाठ्यक्रम

स्थानीय विज्ञहरूको सहकार्यबाट स्थानीय स्रोत साधनको उपयोग गरी स्थानीय स्तरमै कार्यान्वयन गर्न तयार पारिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यही मान्यतालाई अनुशरण गरी अपिहिमाल गाउँपालिकाले कक्षा १-८ मा कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम तयार पारेको छ । स्थानीय पाठ्यक्रमले समग्र अपिहिमाल गाउँपालिकाको संस्कृति, चालचलन, रहनसहन, वेशभूषा, जीवनशैली, जडिबुटी, भूगोल, ऐतिहासिक धार्मिक, पुरातात्त्विक सम्पदाहरूको पहिचान गरी तिनको संरक्षण र विकासमा टेवा पुर्याउनेछ ।

स्थानीय पाठ्यक्रमको ऐतिहासिक सन्दर्भलाई नियाल्दा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ मा कक्षा १-३ सम्म एउटा विषय स्थानीय भाषामा पठनपाठन गर्न सकिने व्यवस्था गरिएको पाइन्छ भने प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र २०६५ ले प्राथमिक तह कक्षा १-५ मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरेको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ मा स्थानीय पाठ्यक्रमको विषय र विषयवस्तु छनौटको सम्पूर्ण जिम्मा स्थानीय तहमा नै दिने कुरा उल्लेख गरिएको छ । यसैगरी स्थानीय पाठ्यक्रम प्रारूप, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५, आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६, पन्ध्रौं योजनाको अवधारणा पत्र २०७६/०७७-२०७९/०८० मा पनि स्थानीय पाठ्यक्रमको बारेमा विविध विषयहरू उल्लेख गरिएकाले तिनै विषयसामग्रीलाई आधार बनाएर पाठ्यक्रम विकासका सम्पूर्ण सिद्धान्तको उपयोग गरी अपिहिमाल गाउँपालिकाले आफ्नो स्थानीय पाठ्यक्रम तयार पारी शैक्षिक सत्र २०७८ देखि आधारभूत तहका सबै कक्षामा एकसाथ कार्यान्वयनमा लैजान लागेको छ ।

### ४.१.२ उद्देश्य

क. पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
ख. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
ग. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
घ. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेशअनुसार सिकारुमा ज्ञान, सिप र व्यवहारको विकासमा सहजीकरण गर्नु,
ङ. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
च. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

### ४.१.३ रणनीतिहरू

क. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,
ख. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीबारे सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने,

ग. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,
घ. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
ङ. शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्धताको व्यवस्था गर्ने,
च. शिक्षकको पेसागत सक्षमता विकास गर्ने,
छ. सहभागितामूलक, अन्तर्क्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,
ज. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने,
झ. विद्यालमा आधारित सहयोग पद्धति विकास गर्ने,
ञ. पाठ्यक्रम, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन पद्धतिका बिच सहसम्बन्ध कायम गर्ने,
ट. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने,
ठ. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
ड. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
ढ. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।

## ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएका, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुनेछन् ।

**प्रमुख नतिजाः**

क. पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुनेछ,
ख. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध भएको हुनेछ,
ग. सिकाइ क्रियाकलाप दैनिक जीवनसँग सम्बन्धित भएको हुनेछ,
घ. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेशअनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुनेछ,
ङ. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धति लागु हुनेछ,
च. पाठ्यक्रममा आधारित शिक्षण सिकाइ मूल्याङ्कन पद्धतिको विकास भएको हुनेछ,
छ. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन भएका विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| २. | एकीकृत पाठ्यक्रम लागू गरेका विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ३. | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ४. | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | २ | ४ | ६ | ८ | १० |
| ५. | निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई अवलम्बन गर्ने विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ६. | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | २ | ४ | ६ | ८ | १० |
| ७. | स्थानीय पाठ्यपुस्तक छपाइ तथा विद्यालय वितरण | २२ (१-३) | २२ (१-५) | २२ (१-८) | २२ (१-८) | २२ (१-८) | २२ (१-८) |
| ८. | डिजिटल सिकाइ सामग्रीको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ७ | १० | १३ | १६ | १९ | २२ |
| ९. | पाठ्यक्रम कार्यान्वयनसम्बन्धी तालिम प्राप्त शिक्षकको सङ्ख्या | १६२ | १६२ | १६२ | १६२ | १६२ | १६२ |

## ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | मुख्य क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ बर्से) | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १. | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| २. | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ४. | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यसअनुरूप निर्मित पाठ्यक्रमको कार्यान्वयन, अनुगमन र निरीक्षण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ५. | कक्षागत र विषयगत शिक्षक निर्देशिका उपयोगको अनुगमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६. | स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधीकरण | पटक | | - | १ | - | | १ | २ | |
| ७. | पाठ्यक्रम तथा पाठ्य सामग्रीसम्बन्धी अभिमुखीकरण तालिम | पटक | १ | १ | १ | १ | १ | ४ | १० | |
| ८. | स्थानीय पाठ्यक्रम कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ९. | अभिभावक शिक्षाको पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | १ | - | - | - | - | १ | २ | |
| १०. | आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन, नतिजा प्रकाशन र विश्लेषण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११. | परीक्षण तथा मूल्याङ्कनसम्बन्धी नमुना विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२. | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १३. | आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १४. | स्थानीय पठन सामग्री तथा अन्य शैक्षणिक सामग्री निर्माण र प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १५. | सबै बालबालिकाका लागि पाठ्यसामग्री तथा सन्दर्भ सामग्रीको उपलब्धता | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

गुणस्तरीय शिक्षाका लागि शिक्षकको भूमिका ज्यादै महत्त्वपूर्ण हुन्छ। शिक्षक पेसागत रूपमा योग्य तथा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्द्धन गर्नका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ।

वर्तमान अवस्थामा शिक्षक तयार पार्ने कामहरू विभिन्न विश्वविद्यालय तथा विद्यालयहरूले गरिरहेका छन्। शिक्षक अध्यापन अनुमति पत्रको वितरण, परीक्षा सञ्चालन, शिक्षक पदपूर्तिको लागि परीक्षा सञ्चालन तथा नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ। यसै गरी अस्थायी, करार तथा राहत शिक्षकको रिक्त दरबन्दीमा शिक्षक छनोट गरी नियुक्त गर्ने, शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्ने काम स्थानीय तहहरूले गर्दै आएका छन्। शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने काम शिक्षा तथा मावन स्रोत विकास केन्द्रले तथा शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन्। यति हुँदाहुँदै पनि शिक्षक तयारी कार्यलाई आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन। सरकारका विभिन्न निकाय र विद्यालय तथा विश्वविद्यालय बिचमा शिक्षक तयारी गर्ने क्रममा प्रभावकारी समन्वय र सहकार्य हुन सकिरहेको छैन। नेपालमा हाल कार्यरत शिक्षकहरू स्थायी, अस्थायी, राहत अनुदान, स्वयंसेवक, गाउँपालिका अनुदान, निजी स्रोत आदि विभिन्न तवरबाट नियुक्त छन्। विभिन्न तरिकाबाट नियुक्त भएका शिक्षकहरूको सेवाका सर्त र सुविधाहरू पनि असमान छन्। शिक्षकको कार्यसम्पादन मूल्याङ्कन पनि शिक्षक बढुवाका लागि मात्र उपयोग भएको तर विद्यार्थीको सिकाइ उपलब्धिसँग यसलाई जोड्न सकिएको छैन।

पेसागत रूपमा दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकहरूलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेसागत विकासका विभिन्न तौरतरिकाहरू छन्। तालिम, कार्यशाला, सेमिनार, सम्मेलन, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन, भ्रमण आदिबाट शिक्षकमा पेसागत विकास सम्भव छ। शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठा व्यवस्थापन र शिक्षण सिकाइमा सुधार ल्याउन नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालनमा आए। सरकारले विभिन्न कार्यक्रममार्फत् शिक्षकहरूका लागि विभिन्न खालका तालिमहरू सञ्चालन गरेको छ। त्यसैगरी स्थानीय सरकारहरूले पनि आवश्यकताअनुसार विद्यालय शिक्षकहरूको क्षमता विकासमा सहयोग गर्दै आएको छ।

शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको पाटोमा यस अपिहिमाल गाउँपालिकाले विभिन्न प्रयासहरू गर्दै आएको छ। यस क्रममा आ.व. २०७५/०७६ देखि प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा ५८ जना शिक्षक

गाउँपालिकाको अनुदानबाट व्यवस्थापन गरेको छ। यसैगरी प्रारम्भिक बाल शिक्षालाई पूर्व विद्यालय तहमा शिशु कक्षा थपेपछि तथा कक्षा १ मा बाल कक्षाको अनुभवसहित भर्ना हुने व्यवस्था मिलाउन एवं सामुदायिक विद्यालयप्रति आकर्षण बढाउन बाल शिक्षा सहजकर्ताको लागि प्रोत्साहन कार्यको व्यवस्था गरिएको छ। यस गाउँपालिकामा २२ वटा शिशु विकास केन्द्रहरू सञ्चालनमा छन्। प्रारम्भिक बाल शिक्षालाई बालमैत्री बनाउन शिशु विकास केन्द्र सबलीकरणका कार्यहरू निरन्तर रूपमा अगाडि बढिरहेको छ।

यस अपिहिमाल गाउँपालिकामा हाल शिक्षक विद्यार्थी अनुपात १:९ रहेको छ। यस्तो अनुपात आधारभूत तह (कक्षा १-५) मा सबैभन्दा कम १९ र माध्यमिक तह (कक्षा १-१२) मा सबैभन्दा बढी ६५ रहेको छ। अपिहिमाल गाउँपालिकामा बालविकास केन्द्रमा १२, प्राथमिक तहमा दरबन्दीतर्फ ४६ र राहततर्फ ११ जना, निम्नमाध्यमिक तहमा दरबन्दीतर्फ ६ जना, राहत दरबन्दीमा २ जना, माध्यमिक तहमा ४ जना दरबन्दीमा, १ जना राहत दरबन्दीमा र ४ जना प्राविधिक धारतर्फ करार रूपमा शिक्षक सङ्ख्या रहेको छ। माध्यमिक तह ११–१२ मा २ जना राहत दरबन्दीका शिक्षकको व्यवस्था रहेको छ। यसैगरी प्राविधिक धारतर्फ ४ जना करार शिक्षकको व्यवस्था गरिएको छ। यसैगरी सङ्घीय अनुदान र पालिकाबाट समेत करार शिक्षक नियुक्त गरिएका छन्। विद्यालयमा कार्यरत सबै प्रकारका जनशक्तिहरूको लागि निरन्तर पेसागत विकास र उन्नयनका लागि क्षमता विकासका कार्यक्रमहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सरकार, विभिन्न सङ्घसंस्था लगायत स्थानीय सरकारबाट पनि सञ्चालन हुँदै आएका छन्। शिक्षकहरूलाई सूचना प्रविधि, विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन लगायतका विषयहरूमा थप क्षमता विकासको आवश्यकता आकलन गरिएको छ र सोहीअनुसार गाउँपालिकाको कार्यालय, शिक्षा शाखाबाट सबै तहका प्रधानाध्यापक तथा विद्यालय कर्मचारीहरूलाई तालिम प्रदान गर्रिँदै आएको छ।

## ४.२.२ उद्देश्य

१. सिकाइ सुधारका लागि आवश्यक शिक्षकको व्यवस्थापन गर्नु,

२. पालिका स्तरबाट हुने शिक्षक नियुक्तिलाई थप प्रभावकारी तथा सुदृढ बनाउनु,

३. विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहयोगका लागि स्थानीय तहमा एक प्रणालीको विकास तथा कार्यान्वयन गर्नु,

४. विद्यार्थी सिकाइ प्रक्रियामा सहजीकरण गर्न शिक्षकको योग्यता तथा पेसागत सक्षमताको अभिवृद्धि गर्नु,

५. योग्य र सक्षम शिक्षक उपलब्ध गराउन शिक्षक दरबन्दी मिलानलाई अद्यावधिक गर्नु,

६. आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नु।

## ४.२.३ रणनीतिहरू

१. शिक्षकको पेसागत विकासका सम्बन्धमा स्थानीय सरकार, शिक्षा शाखा तथा स्थानीय स्तरका नेतृत्व गर्ने विद्यालयहरूलाई उत्तरदायी बनाउने,

२. विज्ञान, गणित तथा अङ्ग्रेजीजस्ता शिक्षक अभाव भएका विषयका शिक्षक आपूर्तिका लागि शिक्षक तयारीका कार्यक्रम तथा उच्च शिक्षामा विद्यार्थी छात्रवृत्ति कार्यक्रम सञ्चालनमा ल्याउने,

३. शिक्षक विद्यार्थीको अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण तथा थप गर्ने,

४. विद्यालयहरूमा रिक्त हुने शिक्षक दरबन्दीलाई चाँडै पदपूर्ति गर्ने व्यवस्था मिलाइने,

५. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विज्ञ शिक्षकको सहभागितामा शिक्षक पेसालाई निरन्तर सहयोग उपलब्ध गराइने,

६. स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकताअनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मनिटरिङको पद्धति विकास गर्ने,

७. शिक्षकको उपस्थिति, नियमितिता र कार्य सम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,

८. प्रधानाध्यापक तथा शिक्षकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गराइने,

९. शिक्षक नियुक्ति, सरुवा, तालिम तथा पेसागत विकासमा सहभागी गराउँदा एवम् शिक्षकले १५ दिन भन्दा लामो विदामा बस्दा विद्यार्थीको सिकाइमा कम अवरोध हुने पद्धति विकास गर्ने,

१०. शिक्षामा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा स्वीकार गर्दै शिक्षणलाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने र IEMIS को सुदृढीकरण गर्ने,

११. विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापनका लागि आवश्यक सहयोग गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने,

१२. शिक्षित बेरोजगार युवाहरूलाइ विद्यालयको आवश्यकता अनुसार छोटो अवधिका लागि स्वयंसेवक शिक्षकका रुपमा परिचालन गर्ने।

## ४.२.४ प्रमुख उपलब्धि तथा नतिजाः

### उपलब्धिः

सक्षम र स्वअभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने।

### प्रमुख नतिजाः

क. शिक्षण पेसा थप प्रतिस्पर्धी तथा सम्मानित भएको हुनेछ।
ख. शिक्षाकको पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त भएको हुनेछ।
ग. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिकाहरू र कार्य सम्पादनमा सुधार भएको हुनेछ।

घ. शिक्षक, विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण हुने तथा शिक्षकको आपूर्ति नियमित रूपमा भएको हुनेछ।

ङ. लिडर विद्यालयस्तरीय तथा क्लस्टर स्तरीय विषयगत शिक्षक सहयोग समितिमार्फत् शिक्षकले पेसागत सहयोग प्राप्त गरी बालबालिकाको सिकाइ उपलब्धि वृद्धि भएको हुनेछ।

## नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| २. | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३. | माध्यमिक तह (९-१२) मा कार्यरत न्यूनत्तम योग्यता तथा तालिम प्राप्त शिक्षक(%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४. | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ५० | ६० | ७० | ८० | ९० | १०० |
| ५. | मापदण्ड अनुसार शिक्षक दरबन्दी व्यवस्थापन भएको विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ६. | आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात (कक्षा ०-८) | १:९ | १:१२ | १:१५ | १:१८ | १:२० | १:२० |
| ७. | माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात | १:१२ | १:१२ | १:१३ | १:१४ | १:१५ | १:१६ |
| ८. | विद्यालयमा शिक्षक उपस्थित हुने औसत दिन | १९७ | २०५ | २१० | २१५ | २२० | २२० |

## ४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | मुख्य क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ बर्से) | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १. | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| २. | शिक्षकले प्रति विषयगत रूपमा शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि | मिनेट | ४५ | ५० | ५५ | ६० | ६० | ६० | ६० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ४. | अस्थायी, करार तथा निजी स्रोतमा नियुक्त हुने शिक्षक व्यवस्थापनका लागि मापदण्ड र निर्देशिका निर्माण | सङ्ख्या | ० | १ | ० | ० | ० | १ | १ | |
| ५. | नवप्रवेशी स्थायी, करार शिक्षकहरूलाई तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| ६. | असल अभ्यास आदान प्रदानका लागि अन्तरविद्यालय अवलोकन भ्रमण | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ७. | कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा | शिक्षक | ० | ३ | ५ | ७ | ८ | २३ | ४५ | |
| ८. | प्रधानाध्यपक नेतृत्व विकास तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ९. | शिक्षकमार्फत कार्यमूलक अनुसन्धान प्रति शिक्षक | सङ्ख्या | | १ | १ | १ | १ | १ | १ | |
| १०. | सहपाठी कक्षा अवलोकन | पटक | आंशिक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११. | विद्यालय सुपरीवेक्षण र पेसागत सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२. | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न नतिजा विश्लेषण | वार्षिक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३. | शिक्षकको शैक्षिक विकासका लागि इ-सञ्जाल बनाउने | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| १४. | शिक्षक सहायताका लागि विज्ञ समूह परिचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५. | शिक्षण सिकाइ समूह/घुम्ती शिक्षक बैठक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६. | प्रधानाध्यापक बैठक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १७. | शिक्षक पेसागत विकास तालिम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १८. | शिक्षक पुनर्ताजगी तालिम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९. | शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन वार्षिक | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| २०. | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन एवम् उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | विद्यालय | ० | ४ | ८ | १२ | १६ | १६ | २२ | विद्यालयस्तर |
| २१. | शिक्षकसँग कार्यसम्पादन करार गरी प्रधानाध्यापकबाट नियमित रूपमा शिक्षकको कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने । | वार्षिक पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२. | प्रत्येक विद्यालयबाट कम्तीमा एक जना शिक्षकलाई सूचना प्रविधिको आधारभूत सिप विकास तालिम सञ्चालन गर्ने | सङ्ख्या | २२ | २६ | ३० | ३५ | ४० | १३१ | २०० | प्रत्येक वर्ष |
| २३. | आवश्यकता र उपलब्धताका आधारमा विद्यालय शिक्षाका विभिन विषयमा सहजीकरणका लागि विदेशी स्वयंसेवक शिक्षक परिचालन | विद्यालय | १ | १ | २ | ३ | ३ | ४ | ६ | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

विद्यालय सुरक्षा विपत् न्यूनीकरण र उत्थानशीलता भनेको विद्यालयको संरचना, वातावरण र समुदायलाई विपत्बाट जोगाउने र कुनै विपत्को सामना गर्दा पुनर्निर्माण गर्न सक्षम बनाउने तयारी र उपायहरूको एक प्रक्रिया हो । विपत् न्यूनीकरण (Disaster Risk Reduction) प्रक्रिया विद्यालयलाई कुनै प्रकारको विपत् जस्तै भूकम्प, बाढी, आगलागी, चक्रवात आदिबाट सुरक्षित राख्नका लागि तयारी र सुरक्षा उपायहरू गर्नमा केन्द्रित हुन्छ । विपत् न्यूनीकरणका लागि विद्यालयले विभिन्न सुरक्षा उपायहरू अपनाउँने गर्दछन् । जस्तै: भूकम्पको तयारी, विपत्को तालिम र अभ्यास, सुरक्षा उपकरणको व्यवस्था आदि । नेपालका विद्यालयमा विपत् न्यूनीकरणका उदाहरणहरू नेपाल सरकारको "विपत् सुरक्षा र विपत्को तयारी प्रक्षिक्षण," भूकम्प प्रतिरोधी भवन निर्माण : २०१५ को भूकम्पपछि नेपालका विद्यालयहरूमा भूकम्प प्रतिरोधी भवन निर्माणको महत्त्व बढेको छ । यसमा सुदूरपश्चिम प्रदेशका विभिन्न विद्यालयहरू भूकम्प प्रतिरोधी भवन बनाउनका लागि प्रोत्साहित गरिएका छन् ।

**उत्थानशीलता (**Resilience**)**

उत्थानशीलता भनेको कुनै विपत्को समयमा विद्यालय र विद्यार्थीहरूको मानसिक र शारीरिक सुरक्षा सुनिश्चित गर्नका लागि तयारी र रणनीतिहरूको सेट हो। यसले विद्यालयलाई एक यस्तो समुदाय बनाउँछ, जसले विपत्को सामना गर्दा कम क्षति र झट्कासँगै छिटो पुनर्निर्माण गर्न सक्छ । नेपालका विद्यालयमा उत्थानशीलता कार्यक्रमका उदाहरणहरू "सहज पहुँच" कार्यक्रम, मानसिक स्वास्थ्यसम्बन्धी प्रशिक्षण, "हाम्रो विद्यालय, हाम्रो सुरक्षा" र "संवेदनशीलता बढाउने कार्यक्रम" समावेश छन् ।

### ४.५.१ वर्तमान अवस्था

विद्यालय सुरक्षा, विपत् न्यूनीकरण र उत्थानशीलता एक महत्त्वपूर्ण विषय हुन्, जसले विद्यार्थीहरूको सुरक्षा र कल्याणलाई सुनिश्चित गर्न मद्दत पुर्याउँछन् । यी तीनवटै पक्षमा ध्यान दिनाले विद्यालयलाई सुरक्षित र सकारात्मक वातावरण प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । अपिहिमाल गाउँपालिकामा विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलताको अवस्था बालमैत्री र विपत् उत्थानशील विद्यालय वातावरण र कक्षाकोठा तथा सबैका लागि सुरक्षित वातावरणको निर्माण गर्नु पर्ने रहेको देखिन्छ । विनाशकारी भूकम्पबाट प्रभावित विद्यालय तथा बालबालिकाको सङ्ख्या र व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने अवस्थामा रहेका छन् । कोभिड १९ जस्ता महामारीबाट प्रभावित विद्यालय तथा बालबालिकाको सङ्ख्या र व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कामहरू सकारात्मक रूपमा अगाडि बढेको देखिन्छ ।

## ४.५.२ उद्देश्य

१. सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरी पूर्व सावधानी र तयारीको वातावरण निर्माण गर्नु।

२. सम्भावित सङ्कटको सामना गर्न अर्थात् उत्थानशील प्रणाली स्थापित गर्नका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्न आवश्यक सहयोग गर्नु ।

३. सङ्कटको प्रतिकार्यको गाउँपालिकास्तरीय संयन्त्र बनाउनु ।

४. गाउँपालिकास्तरीय अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना केन्द्रको विकास गर्नु।

५. विद्यालयलाई शान्ति क्षेत्र र हिंसामुक्त क्षेत्रको रूपमा स्थापित गरी बालबालिकाले सुरक्षित र भयरहित वातावरणमा सिक्ने अवसर सिर्जना गर्नु।

६. कठिन र असहज परिस्थितिका कारण अलमलको जीवन बाँचिरहेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यबाट शिक्षामा उनीहरूको सहभागितालाई सक्रिय र अर्थपूर्ण बनाउनु।

७. विद्यार्थीमा भएका मनोसामाजिक समस्याहरू शिक्षकबाट पहिचान गरी उनीहरूलाई नियमित मनोविमर्श प्रदान गर्नका लागि उपयुक्त वातावरण निर्माण गर्नु।

८. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारलाई सनिश्चित गर्नु।

## ४.५.३ रणनीति

**उल्लिखित उद्दे श्य हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीति**

१. गाउँपालिकास्तरीय शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा सङ्कटासन्नताको मूल्याङकन तथा विश्लेषण गर्ने ।

२. सङ्कटासन्नताको मूल्याङकनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना निर्माण गर्ने तथा कार्यान्वयन गर्ने।

३. विपत् तथा सङ्कटमा व्यवस्थापनसँग सम्बन्धित मापदण्ड तयार गरी कार्यान्वयन गर्ने।

४. शिक्षा नीतिमा सुरक्षित विद्यालयका विषयहरूलाई समावेश गर्न र सुरक्षित विद्यालय रणनीति तयार गरी कार्यान्वयन गर्ने।

५. सबै विद्यालयहरूमा विपत्को अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधी, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने।

६. विद्यालयको पूर्वाधार निर्माण गर्दा हरेक प्रकारका जोखिम, दुर्घटना, प्रकोप र महामारीबाट सुरक्षित रहने गरी निर्माण गर्ने कार्यलाई उच्च्च प्राथमिकतामा राख्ने गरी कानुन बनाई कार्यान्वयन गर्ने।

७. विद्यालयहरूमा बालबालिकाको लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइका अवसर सिर्जना गर्नका लागि सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरी सुरक्षित र संरक्षित रहेको सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने।

८. विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रूपमा विकास गर्न विद्यालयहरूसँग समन्वय गर्ने।

९. विद्यालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकसजस्ता आपतकालीन सामग्री व्यवस्थापन गर्नका लागि विद्यालयहरूलाई सहयोग गर्ने।

१०. विद्यालयमा सुरक्षित विद्यालय र विपत् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम व्यावहारिक ज्ञान दिई विपत्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालयसम्बन्धी अनुकरण र अभ्यासका क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्न सहजीकरण गर्ने।

११. सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपत् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्यसम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नका लागि समन्वय तथा सहजीकरण गर्ने।

१२. मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपत् उत्थानशील बनाउने, शिक्षण सिकाइ प्रक्रिया र विद्यार्थीको व्यवहारमा सुधार गरी विद्यालयलाई सम्पूर्ण रूपमा सुरक्षित बनाउन सहयोग र सहजीकरण गर्ने।

१३. विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसारहित एवम् भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्नका लागि सहयोग र सहकार्य गर्ने।

१४. सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी व्यवस्थापन सिकाइ केन्द्रका रूपमा समेत विकास गर्ने।

१५. विपत्का समयमा विद्यालय र शिक्षालय स्थानान्तरण गर्नका लागि स्थानीय तहको समन्वयमा सुरक्षित स्थानको पहिचान गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापनसहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्ने।

१६. विपत् व्यवस्थापन र सङ्कट कालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सफल अभ्यासहरूलाई स्थानीयकरण गर्ने ।

१७. विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत सङ्घ, संगठन तथा विद्यार्थी क्लबहरू र अन्य सामुदायिक क्षेत्रबिच समन्वय तथा सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाउने।

१८. घरायसी वातावरण र विद्यालयको वातावरण बालमैत्री नहुनुका साथै अन्य विविध कारणले शिक्षा लगायत जीवनका विभिन्न क्रियाकलापहरू अघि बढाउने माध्यमबाट उनीहरूको जीवनलाई अर्थपूर्ण तरिकाबाट अघि बढाउन सहयोग गर्ने।

१९. उनीहरूको शिक्षा लगायत समग्र जीवनमा प्रतिकूल असर परिरहेको कुरालाई मध्यनजर राखी गाउँपालिकामा आवश्यक पर्ने संरचना र जनशक्तिको व्यवस्थापन गरी कार्यान्वयन गर्ने।

२०. विद्यालयमा अध्ययनरत वालवालिकाहरूमा देखिएको समस्यालाई मनोसामाजिक परामर्श सेवाबाट समस्या समाधान गर्नको लागि एक विद्यालय एक मनोसामाजिक मनोविमर्शकर्ताको व्यवस्था गर्ने।

## ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरी बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित हुने र समता र समावेशीतामा सुधार हुनेछ।

२. भूकम्पको जोखिम भएका क्षेत्रहरूमा विद्यालयको भवन निर्माणका लागि विशेष ध्यान दिइनेछ। विद्यालयलाई भूकम्प प्रतिरोधी बनाउनका लागि इञ्जिनियरहरूद्वारा डिजाइन गरी निर्माण प्रक्रियालाई सुदृढ पार्ने काम गरिनेछ र विद्यालय भवन निर्माणसम्बन्धी मापदण्डलाई लागू गरिनेछ।

३. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।

४. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ।

## प्रमुख नतिजा

१. सामान्य अवस्था र आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने।

२. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने।

३. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने ।

४. महामारी र सङ्कटको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह गरी सिकाइको निरन्तरता हुने।

५. युद्ध, सामाजिक द्वन्द्व, हिंशा र बसाइसराइँको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता हुने।

६. विद्यालयमा शिक्षक विद्यार्थी सुरक्षित र भयरहित वातावरणमा रमाएर सिक्ने सिकाउने वातावरणको सिर्जना हुने।

७. मनोसामाजिक परामर्श सेवा प्राप्त गरी समस्यामा परिरहेका बालबालिकाहरूको शिक्षामा सहभागिता अर्थपूर्ण हुने।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | सू चक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | १ | २ | ३ | ४ | ४ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ३ | ८ | १० | १५ | २० |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय | ० | १ | २ | ३ | ४ | ४ |

## ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरवलोकन तथा निर्माण | पटक | १ | | | | | १ | १ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | विपत् पूर्वतयारी, प्रतिकार्य, पनुर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्थाः

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षानीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

अपिहिमाल गाउँपालिकाको वर्तमान अवस्था मूल्याङ्कन गर्दा अझै पनि झण्डै १० प्रतिशत जति विद्यालयमा शिक्षक तथा विद्यार्थीका लागि पर्याप्त फर्निचरको उपलब्धता छैन । बालमैत्री धारा, छात्रछात्राका लागि अलग्गै शौचालय, अपाङ्गमैत्री विद्यालय पूर्वाधार तथा विद्यालय खेल मैदान र घेर पर्खालको अभाव छ । विद्यालयमा यस्ता भौतिक पूर्वाधारहरूको अभावकै कारण विद्यार्थीको भर्ना तथा टिकाउ दर  कम रहेको पाइन्छ ।

### ४.६.२ उद्देश्य

क. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

ख. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मतसम्भार तथा प्रबलीकरण गर्नु ।

### ४.६.३ रणनीतिहरू

क. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रका आधारमा मापदण्ड विकास तथा कार्यान्वयन गर्ने ।

ख. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकैपटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।

ग. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने।

घ. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार प्रबलीकरण तथा पुनर्निर्माण एवम् मर्मतसम्भारका कार्य गर्ने।

ङ. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।

## ४.६.४ प्रमुख उपलब्धि तथा नतिजाः

### उपलब्धिः

सबै विद्यालयमा पर्याप्त रूपमा बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भौतिक संरचना निर्माण हुने।

### प्रमुख नतिजाः

१. गाउँपालिकाभित्रका सबै विद्यालयहरूमा सुविधासम्पन्न बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भौतिक पूर्वाधार विकास भएको हुनेछ।

२. विद्यालयहरूमा बनेका संरचनाहरूको संरक्षण, संवर्द्धन एवम् नियमित मर्मतसम्भार र सबलीकरण पद्धतिको विकास भएको हुनेछ।

## नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | भूकम्प प्रतिरोधी विद्यालय | ११ | १३ | १५ | १७ | १९ | २२ |
| २. | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ४ | १० | ५ | ७ | ८ | ५ |
| ३. | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ० | २ | ३ | ४ | ५ | ६ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ० | १ | २ | १ | ३ | ४ |
| ५ | बाढी, पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | २ | १ | २ | ० | ० | २ |

## ४.६.५ मुख्य क्रियाकलापहरू

| क्र.स. | मुख्य क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ बर्से) | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | सङ्ख्या | २ | ५ | २ | ३ | २ | १२ | १५ | |
| २ | विद्यालयको सबलीकरण | सङ्ख्या | १ | १ | १ | १ | १ | ४ | २२ | |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मतसम्भार र फर्निचर व्यवस्थापन समेत | सङ्ख्या | ४ | ४ | ५ | ४ | २ | १५ | २२ | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय, पानी तथा सरसफाइको प्रबन्ध | सङ्ख्या | १२ | १२ | २ | २ | २ | १८ | २२ | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | १० | |
| ६ | अपाङ्गमैत्री संरचना निर्माण | सङ्ख्या | ४ | २ | २ | २ | २ | ८ | १० | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजु सूची भर्ने। | सङ्ख्या | ० | ४ | ३ | ३ | ३ | १० | २० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय भवन निर्माण | सङ्ख्या | २ | ५ | २ | ३ | २ | १२ | १५ | |
| ९ | विद्यालय भवन मर्मत सम्भार तथा सबलीकरण | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ९ | ७ | |
| १० | फर्निचर व्यवस्थापन | सङ्ख्या | ४ | ५ | ३ | २ | १ | ११ | १३ | |
| ११ | छात्रा र छात्रका लागि अलग्गै शौचालय व्यवस्थापन | सङ्ख्या | १४ | २ | २ | २ | २ | ६ | २२ | |
| १२ | बालमैत्री धारा निर्माण | सङ्ख्या | २२ | ० | ० | ० | ० | ० | २२ | |
| १३ | अपाङ्गमैत्री संरचना निर्माण | सङ्ख्या | २ | ५ | २ | ३ | २ | १२ | १५ | |
| १४ | दिवा खाजाका लागि भान्सा निर्माण तथा व्यवस्थापन | सङ्ख्या | ४ | ४ | ३ | ४ | २ | १३ | २२ | |
| १५ | विद्यालय घेर पर्खाल निर्माण (हरित घेर पर्खाल सहित) | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | १० | |
| १६ | खेलमैदान निर्माण तथा व्यवस्थापन | सङ्ख्या | ० | १ | १ | ० | ० | २ | ४ | |
| १७ | एक विद्यालय एक उद्यान निर्माण | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | ८ | |
| १८ | पुस्तकालय, विज्ञान प्रयोगशाला निर्माण तथा मर्मत | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | ८ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारका कुनै पनि विषयका सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइका साधनका रूपमा पयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउन र शिक्षाका व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरुयोजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियो स्प्यासियल, जिआइएस शिक्षा प्रदान गर्ने, शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने कुरा उल्लेख गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटीसहित सूचना प्रविधिको संरचनाको विकास तथा प्रयोग गर्न, शिक्षक तथा शिक्षा क्षेत्रका अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न; सबै सात केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठयक्रममा समावेश गर्ने, अन्तर्क्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षा प्रणालीभित्रको महत्त्वपूर्ण अवयवको रूपमा रहन गएको छ। कक्षाकोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुवात भएको पाइन्छ। युगानुकूल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेका मुलुकको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना र प्रविधिमा कम पहुँच हुने मुलुकहरूको बीचमा ठूलो खाडल रहेको आभाष हुन्छ। यही असमानतालाई मध्यनजर गर्दै नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सिर्जना गरेको खाडललाई कम गर्दै लैजाने प्रयासको थालनी गरेको छ। शैक्षिक संस्था तथा शिक्षकले प्रविधिको प्रयोगमार्फत आफ्ना पठनपाठनका कार्यहरू गर्नुपर्ने भएको छ। रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा तथा

इमेल इन्टरनेट जस्तो सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू शिक्षण सामग्रीका रूपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त एवम् प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ । आधारभूत शिक्षा (कक्षा ६–८) को पाठ्यक्रम २०७७ मा विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधिमा ३० कार्य घण्टाको समय निर्धारण गरिएको छ । माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ ।

अपिहिमाल गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा नियमित रुपमा IEMIS व्यवस्थापन तथा अद्यावधीकरण कार्य निरन्तर रूपमा सञ्चालित छ । अपिहिमाल गाउँपालिकामा ६ वटा विद्यालयहरूमा प्रोजेक्टर र कुनै पनि विद्यालयमा स्मार्ट बोर्डको माध्यमबाट शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरिएको छैन । सबै सामुदायिक विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको थियो । अघिल्ला आर्थिक वर्षहरूमा ७ वटा आधारभूत तथा माध्यमिक विद्यालयमा ICT Lab र सबै आधारभूत विद्यालयमा ल्यापटपको व्यवस्था गरिएको छ ।

## ४.७.२ उद्देश्य

क. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,
ख. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्याउनु,
ग. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ।

## ४.७.३ रणनीतिहरू

क. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
ख. सबै शिक्षकहरूको क्षमता विकास गर्ने,
ग. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने,
घ. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
ङ. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने,
च. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,
छ. सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Centre को स्थापना गर्ने,
ज. IEMIS लाई थप व्यवस्थित गर्ने,
झ. विद्यालयका कक्षाकोठाहरू प्रविधि तथा सूचनामैत्री बनाइने ।

## ४.७.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुने।

**प्रमुख नतिजाः**

क. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुगेको हुनेछ।
ख. विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच पुगेको हुनेछ।
ग. सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिएको हुनेछ।
घ. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुनेछ।
ङ. सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार भएको हुनेछ।
च. सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ भएको हुनेछ।
छ. सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार भएको हुनेछ।
ज. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भएको हुनेछ।

## ४.७.५ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १५ | ५ | २ | ० | ० | ० |
| २. | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १० | २ | २ | २ | २ | २ |
| ३. | मुख्य विषयमा डिजिटल पाठ्यसामाग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ७ | ३ | ३ | ३ | ३ | ३ |
| ४. | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १० | ४ | २ | २ | २ | २ |
| ५. | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | १५ | ३ | २ | २ | ० | ० |

## ४.७.६ मुख्य क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | मुख्य कृयाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ बर्से) | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १. | विद्यालयमा ICT संरचना विस्तार गरी इ-लाइब्रेरी स्थापना | विद्यालय | ० | ० | १ | १ | १ | ३ | ४ | |
| २. | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | १५ | ५ | २ | | | ७ | २२ | |
| ३. | प्रत्येक विद्यालयमा अन्तर्क्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | ० | ० | १ | १ | १ | ३ | ४ | |
| ४. | शिक्षकहरूको ICT प्रयोगसम्बन्धी क्षमता विकास | जना | २२ | २२ | २२ | २२ | २२ | ८८ | १०९ | |
| ५. | IEMIS व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६. | सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ४ | ९ | |
| ७. | विद्यालयमा ई-हाजिरी व्यवस्थापन | विद्यालय | ० | ० | २ | १ | १ | ४ | १२ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | सबै विद्यालयका फोकल शिक्षकका लागि IEMIS व्यवस्थापन तालिम | जना | २२ | २२ | २२ | २२ | २२ | ८८ | १०९ | |
| ९. | डिजिटल शैक्षिक सामग्री वितरण | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १२ | २२ | |
| १०. | प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन | कक्षाकोठा | ३ | ३ | ३ | ३ | ३ | १२ | २२ | |
| ११. | विद्यालय सुशासन र व्यवस्थापनमा ICT को प्रयोग | विद्यालय | ४ | १ | १ | १ | १ | ४ | २२ | |

# परिच्छेद - पाँच : सुशासन तथा व्यवस्थापन

## ५.१ परिचय

शिक्षा क्षेत्रको समुचित विकासका लागि सुशासन र यसको सुव्यवस्थित व्यवस्थापन आवश्यक हुन्छ । राम्रो व्यवस्थापनले नै शिक्षण संस्थाहरूको क्षमतामा विकास भई सुशासन कायम हुने र शैक्षिक संस्थाहरूको क्षमतामा सुधार हुने गर्दछ । जब शैक्षिक संस्थाहरूको कार्य क्षमतामा सुधार हुन्छ तब आशातित सिकाइ उपलब्धि प्राप्त हुन सक्छ । अपिहिमाल गाउँपालिका शैक्षिक सुधारको साथै सिकाइ उपलब्धिमा उच्चतम स्तर हासिल गराउने चाहनाअनुरूप शैक्षिक संस्थाहरूलाई व्यवस्थित गर्ने र तिनको क्षमता विकास गराउने विषयतर्फ प्रयासरत छ । त्यसका निम्ति गाउँपालिकाले शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधारको विकास, शिक्षकहरूको लागि तालिमको व्यवस्था, विद्यालय निरीक्षण एवं पृष्ठपोषण, नि:शुल्क दिवा खाजामा निरन्तरता, छात्रवृत्तिको पर्याप्त व्यवस्था, विद्यालयमा शौचालय, खानेपानी, शिक्षण सामग्री, खेलकुदका सामग्री एवम् खेलकुदका कार्यक्रमहरूको व्यवस्था, विद्यालय घेरपर्खाल निर्माण, वृक्षारोपण, विभिन्न खाले चेतनामूलक कार्यक्रमहरू सञ्चालन, सबै विद्यालयहरूमा किशोरीहरूसँग उपमेयर कार्यक्रम, विविध विधामा प्रतियोगात्मक तथा अन्तर्क्रियात्मक अन्य कार्यक्रमहरू पनि सञ्चालन गरिरहेको छ । आफ्नो कार्यक्षेत्र अन्तर्गतका विद्यालयहरूमा तहगत प्रधानाध्यापकको व्यवस्था, शिक्षा समितिको गठन, गाउँपालिका शिक्षा कार्यविधिको निर्माण, स्थानीय पाठ्यक्रम निर्माण र व्यवस्थापनजस्ता कार्यहरू सफलतापूर्वक सम्पन्न गर्नु शिक्षामा सुशासन र व्यवस्थापनका निम्ति सफल कडीहरू हुन् । त्यसैमा आधारित भएर अपिहिमाल गाउँपालिकाको प्रस्तुत १० बर्से शिक्षा योजना निर्माण गरिएको छ । यसका लागि स्थानीय तहले राष्ट्रिय स्तरका कार्यक्रमहरूसँग पनि तादात्म्यता कायम गरी अघि बढ्नुपर्ने भएकाले राष्ट्रिय नीतिलाई पनि आत्मसात गर्दै आएको छ ।

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँछ । यसमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रबन्धअन्तर्गत योजनाको प्रभावकारी अर्थात् कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापनसम्बन्धी उल्लिखित तीन पक्षहरूको उचित व्यस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधानअनुसारको सङ्घीय संरचनामा विभिन्न तहका सरकारको दायित्त्व, तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने नीतिगत व्यवस्था रहेको छ । यस सन्दर्भमा संविधानमा सङ्घीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई

साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनुका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्वजस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ।

## ५.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

नेपालको वर्तमान शिक्षा संरचनालाई सङ्घीय स्वरूपका तीनै तहले प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तरता प्रदान गर्न र तात्कालिक समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सङ्गठनात्मक स्वरूपमा केही परिवर्तन गर्ने गरी व्यवस्थापन गरिएको छ। बदलिँदो विश्वपरिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञानविज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ।

प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले यसमा योजनामा आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी विद्यालय क्षेत्रको यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

अपिहिमाल गाउँपालिकाले पनि संस्थागत संरचना र क्षमता विकासको क्षेत्रमा केही काम गरेको छ। विद्यालयका भौतिक संरचनाहरू, शैक्षिक सुधारका कामहरू, परीक्षा प्रणालीमा सुधारका अभ्यासहरू, शिक्षक विद्यार्थी अनुपात मिलाउने लगायतका कामहरू त्यसैको सिलसिलामा गरिएका सफल प्रयासहरू थिए। विगतका वर्षहरूभन्दा १/२ वर्ष यता आएर शिक्षा प्रदायक संस्थाहरूको संस्थागत संरचना र क्षमता विकासको क्षेत्रमा पहलकदमी केही बढाइएको अवस्था छ।

### ५.२.१ वर्तमान अवस्था

नेपालमा हाल सङ्घीय तहमा एक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षासम्बन्धी मापदण्ड र स्तर निर्धारण, सङ्घीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त शैक्षिक निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सङ्घीय, प्रादेशिक र स्थानीय तहमा आवश्यक सबै ऐन तथा नियमावलीहरूको समयसान्दर्भिक निर्माण तथा परिमार्जन कार्य अपूर्ण भएकोले कार्यान्यनमा जटिलता सिर्जना भएको छ। विशेष गरी सङ्घीय शिक्षा ऐन जारी हुन नसकेको कारणले गर्दा प्रदेश र स्थानीय कानुनहरूको विकास हुनमा बाधा सिर्जना भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू सरोकारवालाहरूको स्तरबाट आइरहेका छन् ।

सरकारका विभिन्न तहहरूबिच सहजीकरण र समन्वयनका पक्षमा सुधार गर्नु पर्ने आवश्यकता महसुस भएको छ भने नतिजाप्रतिको जवाफदेहितामा सुधार गर्नु पर्नेछ। समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लय र गतिमा तर आआफ्ना भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नु पर्ने देखिन्छ। अपिहिमाल गाउँपालिकामा पनि वर्तमान कानुनले (स्थानीय स्वायत्त शासन ऐन २०७४) ले दिएका कर्तव्य, दायित्व र अधिकारभित्र परेका २३ वटा कामहरूमा केही मात्र भए पनि अभ्यासहरूको सुरुवात भइराखेको अवस्था छ।

## ५.२.२ उद्देश्य

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य सङ्घीय संरचनाबमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापनलाई प्रवर्द्धन गर्नु रहेको छ। यस योजनामा सुशासन प्रवर्धनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन्:

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सह-अस्तित्व र सहकार्य, सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहको अन्तर्सम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्ने,
२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थीको उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र सङ्घीय तहमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्ने,
३. कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रतिको जवाफदेही र समता एवम् समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्ने,
४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने,
५. खासगरी अपिहिमालको सिकाइ उपलब्धि स्तर उकास्ने र जीवनोपयोगी बनाउने, आदि।

## ५.२.३ रणनीतिहरू

१. सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार तथा दायित्व लगायतका पक्षहरूमा स्पष्टता कायम गर्न, आवश्यक कानुनी प्रबन्ध गरिनेछ।
२. सङ्घ, प्रदेश र स्थानीय तहको अन्तर्सम्बन्धलाई प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषदको संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्थाका साथै कार्यान्वयन समिति पनि गठन गरिनेछ।
३. शिक्षक तालिम केन्द्रहरूलाई विस्तार तथा सुदृढ गरिनेछ।
४. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिनेछ।
५. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि सङ्घ, प्रदेश, स्थानीय तह तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिनेछ।

६. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता सुधार गरिनेछ।
७. प्रत्येक ५/५ वर्षमा विद्यालय प्र.अ.हरूलाई आवश्कता र औचित्यका आधारमा स्तानान्तरण गरिने वातावरण सिर्जना गरिनेछ।
८. स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिनेछ।

अपिहिमाल गाउँपालिकाले पनि राष्ट्रिय रणनीतिलाई पछ्याउँदै आफ्नो अधिकार क्षेत्रभित्र रहेर र स्थानीय परिवेश सुहाँउँदो रणनीति बनाई अगाडि बढ्नेछ।

## ५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

### क) उपलब्धि

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुनेछ। यसका साथसाथै तपसिल बमोजिमका उपलब्धिहरू प्राप्त हुनेछन्:

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ,
३. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ,
४. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुनेछ।

### ख) प्रमुख नतिजाहरू

१. तीनै तहका सरकार, विद्यालयलगायत शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने।
२. तीनै तहका सरकार, विद्यालयलगायत शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने।
३. शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमता सुधार हुने।
४. शिक्षा सेवाको प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने।

| क्र.स. | सूचक | आधार वर्ष २०८१ | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ | २०८६/ ०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | २ | १ | १ | १ | १ | १ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ० | २ | २ | २ | २ | २ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |

## ५.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| सि.न. | प्रमुख क्रियाकलाप | एकाइ | **भौतिक लक्ष्य ५ वर्ष** | | | | | | भौतिक लक्ष १० वर्ष | जिम्मेवार पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | **जम्मा** | | |
| १. | प्रयोगशाला व्यवस्थापनमा सहयोग | विद्यालय | ५ | १ | १ | १ | १ | ४ | १४ | सङ्घ र प्रदेशको समन्वय र सहकार्यमा |
| २. | सामुदायिक विद्यालयमा बहुप्राविधिक शिक्षालय स्थापना | विद्यालय | ० | ० | ० | १ | ० | १ | १ | सङ्घ र प्रदेशको समन्वय र सहकार्यमा |
| ३. | पालिकामा प्राविधिक एकाइ स्थापना | ओटा | १ | ० | ० | ० | ० | १ | १ | सङ्घ र प्रदेशको समन्वय र सहकार्यमा |
| ४ . | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | सङ्ख्या | ३ | २ | २ | २ | २ | ८ | १४ | सङ्घ र प्रदेशको समन्वय र सहकार्यमा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी गाउँ स्तरीय नीतिको तर्जुमा | पटक | ० | ० | १ | ० | ० | १ | १ | प्रदेश सरकार र गाउँपालिका |
| ६. | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपलाई खोज, प्रमाणीकरण र उपयोग गर्ने | जना | ० | ० | १० | १५ | २० | ४५ | १०० | सङ्घ र प्रदेशको समन्वय र सहकार्यमा |
| ७. | युवाहरूलाई खोज र नवप्रर्वतनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | ९ | प्रदेश सरकार र गाउँपालिका |
| ८. | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग कार्यक्रम | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | ९ | प्रदेश सरकार र गाउँपालिका |
| ९. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन तथा नियम | पटक | ४ | ६ | ८ | १० | १२ | १२ | १२ | गाउँपालिका |
| १०. | सामुदायिक विद्यायमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | ओटा | १ | ० | ० | ० | ० | १ | १ | प्रदेश सरकार र गाउँपालिका |

## ५.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.३.१ वर्तमान अवस्था

योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि कार्यान्वयनको उपयुक्त प्रबन्ध आवश्यक हुन्छ । योजना कार्यान्वयन प्रबन्ध अन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति ,कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्त्व पर्दछन् । यस परिच्छेदको अघिल्लो खण्डमा यस शिक्षा योजनाका लागि आवश्यक सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू उल्लेख गरिसकिएकोले कार्यान्वयन प्रबन्धको महत्त्वपूर्ण पक्षका रूपमा यसलाई लिई यस खण्डमा कार्यान्वयनको प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ । योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको ८ वर्ष बितिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ । यति हुँदाहुँदै पनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप पूर्ण रूपमा रुपान्तरण गर्ने कार्य पूरा भएको छैन । त्यसैले एकातिर यो सङ्क्रमणलाई सहज रूपान्तरण गर्न सहयोग गर्ने गरी कार्यान्वयन प्रबन्ध गर्नु पर्नेछ भने अर्कोतिर योजना कार्यान्वयनका विशिष्ट कार्यहरू सम्पादनमा लागि आवश्यक संरचना तथा प्रबन्ध पनि आवश्यक हुन सक्दछन् । यस योजनाको कार्यान्वयन संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणलीलाई प्रभाव पार्ने भएकाले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु कार्यान्वयन प्रबन्ध तयार गर्दा विचार पुर्याउनु पर्ने अर्को पक्ष  हो । उल्लिखित सन्दर्भमा यस खण्डमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनको प्रबन्ध उल्लेख गरिएको छ । कार्यान्वयन प्रबन्धको समग्र पक्षअन्तर्गत यस परिच्छेदको अघिल्लो खण्डमा उल्लिखित सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू पनि समावेश हुने भएकाले त्यसलाई समेत आधार मानेर कार्यान्वयन प्रबन्ध उल्लेख गरिएको छ । यस योजनाको अनुगमन तथा मूल्याङ्कनका विस्तृत रणनीति तथा क्रियाकलापहरू आगामी खण्डमा समावेश गरिएकाले यस खण्डमा कार्यान्वयन प्रबन्ध र जिम्मेवारी मात्र समावेश गरी सङ्घ, प्रदेश र स्थानीय तह तथा विद्यालयअन्तर्गत कार्यन्वयनको जिम्मेवारी तथा प्रक्रियालाई निर्देश गरिएको छ ।

नेपालमा सङ्घीय प्रणालीअनुसार सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचना तयार भएको र तीनै तहका सरकार क्रियाशील भई केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण भएको पाइन्छ तथापि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप रूपान्तरण गर्न थप कार्य गर्नु आवश्यक देखिन्छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रूपान्तरण गर्नु पर्नेछ । सङ्घमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरूसँग समन्वय तथा सहकार्य गर्दछ । त्यसैगरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरूको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । मन्त्रालय अन्तर्गत समग्र विद्यालय क्षेत्रका कार्यक्रमको रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक सूचनाको व्यवस्थापन, शिक्षक तालिमका पाठ्यांश (कोर्स)हरूको विकास तथा शिक्षा सेवाका कर्मचारीको क्षमता विकास गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि पाठ्यक्रम

विकास केन्द्र र शैक्षिक पद्धित, नीति तथा कार्यक्रमको उपलब्धि तथा प्रभाव अध्ययन गरी सुधारका मार्ग पहिचान गर्न सघाउने कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र गरी तीनओटा विभागीय विकायहरू रहेका छन् । शिक्षक छनोट, बढुवा तथा अध्यापन अनुमति पत्रसम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तिभरण लगायतका सेवानिवृत्त  शिक्षकको सेवाका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत शिक्षक किताबखाना रहेको छ । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ र कक्षा १० मा सार्वजनिक परीक्षा सञ्चालन गरिरहेको छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र यसअन्तर्गत एक एकओटा शिक्षा विकास निर्देशनालय र एक एकओटा तालिम केन्द्रहरू रहेका छन् भने केही प्रदेशहरूले केही डिभिजनल कार्यालयहरू खोल्न थालेका छन् । स्थानीय तहमा शिक्षा महाशाखा तथा शाखा रहेका छन् । प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकहरूमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ । यसका अतिरिक्त सङ्घीय शिक्षा मन्त्रालय अन्तरगत प्रत्येक जिल्लामा एउटाका दरले ७७ ओटा जिल्ला शिक्षा विकास तथा समन्वय एकाइहरू रहेका छन् । सङ्घीय संरचना अनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएका सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

अपिहिमाल गाउँपालिकाले स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धमार्फत गाउँपालिकाभित्रको शिक्षाको गुणस्तर सुधार, पहुँच वृद्धि, र समावेशी शिक्षा प्रवर्द्धनका लागि विशेष पहलहरू गरिरहेको छ । गाउँपालिकाले स्थानीय आवश्यकता, स्रोतसाधन र समुदायको सहभागितालाई प्राथमिकता दिएर नै योजना तयार पार्छ र यसको सफल कार्यान्वयन पनि गर्छ ।

## ५.३.२ समस्या तथा चुनौतीहरू

१. स्रोत केन्द्र पद्धति विघटन भई अर्को स्थानीय शिक्षक सहायता पद्धति स्थापना नहुँदा देखिएको कठिनाइ हटाउनका लागि  स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु .।

२. तत्कालमा रहेका २९ शिक्षा तालिम केन्द्रलाई ७ ओटामा खुम्च्याइएको अवस्थामा शिक्षक तालिमको क्षमता अपर्याप्त भएकाले विस्तार गर्नु ।

३. एकातिर पर्याप्त कार्यविवरणविना नै तत्कालीन जिल्ला शिक्षा कार्यालयहरूलाई जनशक्ति केही कम गरी ७७ ओटा जिल्ला शिक्षा विकास तथा समन्वय एकाइमा रूपान्तरण गरी सङ्घीय शिक्षा मन्त्रालयअन्तर्गत राखिएको छ भने अर्कोतिर स्थानीय  तहमा जनशक्ति अभाव हुनाले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित हुन नसकेको अवस्थामा सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु ।

४. विद्यालय शिक्षाका सन्दर्भमा प्रदेश तहको भूमिका तथा कार्यविवरण स्पष्ट गर्नु पर्ने र तदनुकूल कार्यान्वयन संयन्त्र पुनर्संरचित गर्नु ।

५. सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु ।

६. सङ्घ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्ने, आवश्यक सूचनाको सहज आदान प्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनु ।

## ५.३.३ योजना कार्यान्वयनको प्रबन्ध

प्रस्तुत शिक्षा योजना कार्यान्वयनको अवधिमा सङ्घीय संरचनाअनुसार हालसम्म गरिएका कार्यान्वयन प्रबन्धको अनुभवका आधारमा कार्यान्वयन प्रबन्धमा आवश्यक सुधारसहित स्पष्ट जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्नु आवश्यक छ । शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तर्जुमा, आवश्यक नीतिगत मापदण्ड परिमार्जन तथा विकास कार्यक्रम कार्यान्वयन तथा अनुगमन तथा मूल्याङ्कनका लागि तीन तहका सरकारबिच जिम्मेवारी तथा उत्तरदायित्त्वको स्पष्टताका साथै एकअर्कोबिच आपसी समन्वय, सहकार्य र आदानप्रदान पद्धतिको विकास आवश्यक छ । यसका लागि तीन तहका सरकारबिच ठाडो अन्तर्सम्बन्ध र सञ्चार प्रणाली तथा प्रत्येक सरकारका विभिन्न निकायबिचको तेस्रो समन्वय तथा सञ्चार प्रणाली पनि स्थपित हुनुपर्छ । यस योजना कार्यान्वयनको मुख्य थलो वा एकाइ विद्यालय भएकाले विद्यालयमा उक्त योजना कार्यान्वयनको उपयुक्त प्रबन्धका साथसाथै स्थानीय तहले विद्यालयका क्रियाकलापहरूको नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकतानुसार सहयोग र समन्वय गर्नु पर्ने हुन्छ । सङ्घीय तहबाट शिक्षाका लागि प्रदेश तथा स्थानीय तहमा जाने अधिकांश बजेट सशर्त अनुदान हुने भएकाले सो अनुदानको खर्च गर्दा निर्धारित मापदण्ड पालना गर्नु पर्ने हुन्छ भने प्रदेश तथा स्थानीय तहले आफ्नै तथा अन्य स्रोतबाट शिक्षामा गर्ने लगानीलाई पनि समग्रतामा शिक्षाको पहुँच, सहभागिता, गुणस्तर तथा समता र समावेशिता प्रवर्धन गर्ने किसिमले व्यवस्थित गर्नु पर्दछ । प्रदेश तथा स्थानीय तहहरूले सङ्घीय तहबाट प्राप्त सशर्त अनुदानका अतिरिक्त अन्य अनुदान र उनीहरूको आफ्नै स्रोतबाट व्यवस्था गरिएको बजेट समेटेर वार्षिक बजेट तथा कार्यक्रम निर्धारण गर्नु पर्दछ । यसप्रकार शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि तीनै तहका सरकार संरचनामा सुधार तथा क्षमता विकास गर्नुका साथै विद्यालयको पनि क्षमता विकास गर्नु आवश्यक छ । शिक्षा क्षेत्रको यस योजनाको समग्र कार्यान्वयन प्रक्रियका लागि विभिन्न तहमा निम्निलखित प्रबन्ध गरिनेछ:

## सङ्घीय तह

१. सङ्घीय शिक्षा मन्त्रीको अध्यक्षतामा शिक्षा ऐनमा व्यवस्था भएअनुसारको राष्ट्रिय शिक्षा परिषदमा प्रदेश सामाजिक विकास मन्त्री तथा स्थानीय तहका प्रमुख वा उपप्रमुखको पनि प्रतिनिधित्त्व हुने व्यवस्था मिलाउनाका साथै यस परिषदको सचिवालय स्थापना गर्ने ।

२. मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिमा गरिने चौमासिक समीक्षामा यस योजनाको कार्यान्वयन अवस्था तथा उपलब्धिको समीक्षा गरी अन्तर्मन्त्रालय तथा विभिन्न तहका सरकारहरूबिचको समन्वय र सहकार्यका लागि राष्ट्रिय विकास समस्या समाधान समितिले सहयोग गर्ने ।

३. शिक्षा सचिवको अध्यक्षतामा गठन हुने योजना कार्यान्वयन समिति शिक्षा मन्त्रालयको योजना महाशाखा प्रमुख, मन्त्रालयअन्तर्गतका केन्द्रीय निकायका प्रमुखहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायतका प्रतिनिधि र प्रदेश समाजिक मन्त्रालयका सचिवको प्रतिनिधित्व रहनेछ । यस समितिको बैठकमा आवश्यकता भएमा विकास साझेदारका प्रतिनिधिलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

४. सङ्घीय तहमा रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा मन्त्रालयको योजना महाशाखाले कार्यान्वयनका लागि सम्बन्धित निकायहरूबिच समन्वय गर्नेछ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकाको विकास गर्ने, शैक्षिक सूचना प्रणाली व्यवस्थापन र वार्षिक स्थिति प्रतिवेदन तयारी गर्नेछ ।

५. पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रदेश तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी निर्धारित कार्यक्रम सञ्चालन गर्नेछन् ।

६. शिक्षा मन्त्रालयको योजना तथा अनुगमन महशाखाअन्तर्गतको वैदेशिक सहयता समन्वय शाखाले विकास सहायता सञ्चालनका लागि विकास साझेदारहरूबिच समन्वय गर्नेछ ।

७. विभिन्न विषयक्षेत्रमा अन्तर्मन्त्रालय तथा अन्तर्निकाय समन्वय र सहकार्यका लागि आवश्यकतानुसार समन्वय संयन्त्र विकास हुनेछ ।

८. यो योजनाका प्रमुख उपलब्धि सूचकहरू (KPI), कार्यक्रम नतिजा सूचकहरू (PRF) र वार्षिक कार्यक्रम तथा बजेटका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग सहकार्य गरी मन्त्रालयको योजना महाशाखाले वार्षिक रूपमा अनुगमनसूचक तयार गरी नियमित रूपम अनुगमन प्रतिवेदन तयार गर्नेछ ।

९. शिक्षा मन्त्रलयले विकास साझेदार तथा सरकारका सम्बन्धित निकायहरू समेतको सहभागितामा कार्यक्रम कार्यान्वयनको वार्षिक समीक्षा गरी सुधारका लागि सुझाव प्रदान गर्ने तथा सुधारका लागि कार्य योजना तयार गर्न सहयोग गर्ने पद्धतिलाई व्यवस्थित गर्नेछ ।

**प्रदेश तह**

१. प्रदेश तहमा सामाजिक विकास मन्त्रालयले प्रदेश शिक्षा विकास निर्देशनालयमार्फत आवश्यक समन्वय गर्नेछ भने प्रदेश मातहतमा रहने शिक्षा डिभिजन कार्यालय तथा तालिम केन्द्रहरूले निर्धारित कार्यक्रम कार्यान्वयन गर्नेछन् ।

२. प्रदेश शिक्षा डिभिजन कार्यालयमार्फत कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तह तथा सङ्घीय तहसँग आवश्यक समन्वय गर्नेछन् ।

३. प्रदेश सामाजिक विकास मन्त्रालयले योजनाका लागि सङ्घीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानका अतिरिक्त अन्य अनुदान तथा प्रदेशको आफ्नै स्रोतबाट सञ्चालन हुने गरी एकीकृत रूपमा वार्षिक योजना तयार गर्नेछ भने कार्यान्वयनको अवस्थाको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाउने छन् ।

४. प्रदेश स्तरमा एक प्रदेश परीक्षा बोर्ड स्थापना गरी कक्षा १० को अन्तिम परीक्षा सञ्चालन गर्नेछन् ।

## स्थानीय तह

१. स्थानीय तहले सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्नेछन् ।

२. स्थानीय तहका शिक्षा महशाखाशाखाको क्षमता विकास गरी सुदृढ गरिनेछ भने स्थानीय तहले कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्नेछन् ।

३. स्थानीय तहले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वयको कार्य गर्नेछन् ।

४. कार्यक्रमहरूको समुचित कार्यान्वयनका लागि स्थानीय तहले आवश्यकतानुसारका कानुन, मापदण्ड तथा निर्देशिका विकास गर्नेछन् ।

५. स्थानीय तहले एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गर थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र सङ्घीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्नेछन् ।

६. स्थानीय तहले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदानप्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्नेछन् ।

## विद्यालय

१. विद्यालयले विद्यालय सुधार योजना (SIP) तयार गरी वार्षिक रूपमा अद्यावधिक गर्नेछन् ।

२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्नेछन् ।

३. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यपकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइनेछ ।

४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्नेछन् ।

५. विद्यालयहरूले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउनेछन् ।

६. विद्यालयले स्थानीय सरकारका सम्बन्धित एकाइहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था तथा स्रोत व्यक्ति समेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको व्यवस्था र आपतकालको व्यवस्थापनसम्बन्धी सिप प्रदान गर्नका लागि आवश्यक समिति वा संरचना तयार गर्नेछन् । विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइका साथसाथै विभिन्न अतिरिक्त क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्नेछन् ।

# परिच्छेद - छ : लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

ज्ञानविना मानवीय प्रगति सम्भव छैन भने शिक्षाविना ज्ञान सम्भव छैन। त्यसैले प्रगतिको लागि शिक्षामा लगानी अनिवार्य छ। शिक्षामा लगानीको विश्वव्यापी प्रवृत्ति तथा राष्ट्रिय आकाङ्क्षालाई विचार गरेर नेपालमा पनि सरकार तथा समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ। नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकांक्षा तथा आवश्यकता, यससम्बन्धी विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गर्दै आएको छ। यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन्।

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण तथा उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। भविष्यका लागि गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षामा लगानी गरिन्छ। त्यसैले बालबालिकाको शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका लागि महत्त्वपूर्ण सहयोग गर्दछ। राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु पर्दछ। ती तीन पक्षहरूमा पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो, सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन्। नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकाङ्क्षा तथा आवश्यकता, विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गर्दै आएको छ। यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन्। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ पनि स्वीकृत गरेको छ। संवैधानिक एवम कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ।

## ६.२ वर्तमान अवस्था

संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा महत्त्व र सरोकारको विषय भएकोले शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ। नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, सम्पूरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख

गरेको पाइन्छ । समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र सम्पूरक अनुदानको राष्ट्रिय योजना आयोगबाट वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्थापन हुँदै आएको छ । सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रक्रिया पूरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा स्थानीय र प्रदेश तहबाट हाल अभ्यास भएको देखिँदैन । सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेट पनि शिक्षा क्षेत्रमा सम्बन्धित तहले विनियोजन गर्न सक्दछ । एकातिर शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्त्वपूर्ण पक्ष हो ।

अपिहिमाल गाउँपालिकाको सन्दर्भमा यहाँको शिक्षा क्षेत्रको विकासका लागि करिब ९० प्रतिशत रकम सङ्घीय सशर्त बजेटबाट नै प्राप्त हुने गर्दछ । केही रकम गाउँपालिकाले वित्तीय समानीकरण अनुदानबाट विनियोजन गर्दछ भने थोरै मात्रामा सुदूरपश्चिम प्रदेश सरकारबाट शिक्षा क्षेत्रको लागि बजेट प्राप्त भएको अवस्था छ । बर्सेनी बजेट अपर्याप्त हुँदा शिक्षक र कर्मचारीको समेत तलब भत्ता निकासा गर्न समेत समस्या परिरहेको अवस्था छ । सङ्घीय सरकारबाट प्राप्त हुने बजेट करिब ९९ प्रतिशत रकम तलब, भत्ता र अनुदान रहेकाले गाउँपालिकाको शैक्षिक गुणस्तर उन्नयनको पाटोमा उक्त रकम निसर्त परिचालन गर्न सक्ने अवस्था रहँदैन । गाउँपालिकाले पनि कूल बजेटको करिब ३० प्रतिशतको हाराहारीमा शिक्षा क्षेत्रको लागि बर्सेनी बजेट विनियोजन गरिरहेको छ । उक्त रकमध्ये ७५ प्रतिशत बजेट गाउँपालिकाले सिर्जना गरेको शिक्षक, खेलकुद प्रशिक्षक, कर्मचारी, बालविकास शिक्षकको पारिश्रमिक तथा प्रधानाध्यापक र कर्मचारीको प्रोत्साहनमा खर्च हुने गरेको छ । गाउँपालिकाको समग्र शैक्षिक गुणस्तरमा अपेक्षा गरेबमोजिम लगानी गर्न सकिएको अवस्था देखिँदैन । अपिहिमाल गाउँपालिकाको समग्र शैक्षिक अवस्थामा सरकारको लगानी अपर्याप्त रहेको छ भने उक्त रिक्त परिस्थितिलाई पूरा गर्ने कार्य निजी लगानीबाट पनि प्राप्त भइरहेको छैन । सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेटलाई पनि सम्बन्धित तहले शिक्षा क्षेत्रमा विनियोजन गर्न सक्दछ ।

संवैधानिक प्रावधानअनुरूप मुलुकले एकातिर समता र न्यायमा आधारित समाजवादउन्मुख राज्यको परिकल्पना गर्नु र अर्कोतिर शिक्षामा निजी क्षेत्रको लगानी र संलग्नता क्रमशः बढ्दै जानुले शिक्षामा राज्यले गर्ने लगानीका सम्बन्धमा चुनौती थपिएको छ । राज्य सङ्घीय स्वरूपमा व्यवस्थापन हुँदै गर्दा सङ्घ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्त्वको विषय बनेको छ ।

शिक्षालाई फलदायी बनाउन यसमा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुनकुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लगानीको पक्ष उत्तिनै सक्षम हुन्छ र व्यवस्थित हुन्छ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना

गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## अपिहिमाल गा.पा.मा सामुदायिक विद्यालयप्रति विद्यार्थी लगानीको तुलनात्मक अवस्था

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी सङ्ख्या | औसत प्रतिविद्यार्थी लगानी | कैफियत |
|---|---|---|---|---|
| १ | खण्डेश्वरी मा.वि. क्षेती | 389 | 53570.02 | |
| २ | महादेव मा.वि. घुसा | 156 | 43576.15 | |
| ३ | महादेव आ.वि. ल्वाथी | 15 | 107772.83 | |
| ४ | भवानी आ.वि.सिति | 75 | 59571.40 | |
| ५ | महादेव आ.वि.खडियान | 30 | 59642.02 | |
| ६ | गौरीशंकर आ.वि. मज्जे | 25 | 83795.09 | |
| ७ | छिपुलकेदार मा.वि. धंकं | 146 | 51377.53 | |
| ८ | सिद्धनाथ आ.वि. दैभात | 17 | 94900.60 | |
| ९ | महादेव आ.वि. राङपाङ | 19 | 68538.98 | |
| १० | भुमिराज आ.वि. चौकिबगर | 14 | 94299.73 | |
| ११ | डाँडाबाग आ.वि. लुम्थी | 52 | 43433.39 | |
| १२ | भवानी मा.वि. सौगन्ना | 198 | 33617.56 | |
| १३ | सरस्वती आ.वि. मरखोला | 149 | 35143.36 | |
| १४ | तामाखानी आ.वि. चौविसन | 106 | 48852.00 | |
| १५ | सुर्माभवानी आ.वि. थुम्ती | 55 | 59584.19 | |
| १६ | महादेव आ.वि. काटै | 12 | 97887.05 | |
| १७ | हिमालय आ.वि. पाथा | 56 | 83434.27 | |
| १८ | सिद्धनाथ आ.वि. घाजिर | 27 | 66441.49 | |
| १९ | सानो आ.वि. माङदाङ | 23 | 51131.47 | |
| २० | भवानी आ.वि. ककनाडी | 22 | 34454.70 | |
| २१ | अपिनाम्पा आ.वि. पाटु | 18 | 70349.66 | |
| २२ | चौलानी आ.वि. तल्लोफेर | 30 | 37204.03 | |

अहिले आएर शिक्षाको क्षेत्रमा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ।

## ६.३ शिक्षामा निजी लगानी

शिक्षा क्षेत्रमा घरपरिवारको लगानी उलेख्य छ भने यसमा निजी क्षेत्रले पनि लगानी गरिरहेको छ। शिक्षामा गरिने सार्वजनिक र घरपरिवार तथा निजी लगानीलाई मुलुकले अवलम्बन गरेको दर्शन र राज्यका समग्र राष्ट्रिय नीतिको सापेक्षतामा हेर्ने गरिन्छ। नेपालको संविधानले नेपाल राज्य समाजवाद उन्मुख हुने र आधारभूत तहसम्मको शिक्षा नि:शुल्क र अनिवार्य हुने तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने कुरा मौलिक हककै रूपमा समावेश गरेको छ। त्यसैगरी शिक्षालाई नागरिक अधिकारको रूपमा राज्यका नीतिमा उल्लेख भएको छ। यो पक्षबाट शिक्षामा गरिने सार्वजनिक र निजी लागानीलाई विश्लेषण गर्दा शिक्षामा सार्वजनिक लगानी बढाउनु पर्ने अवस्था देखिन्छ।

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालमा पढ्ने विद्यार्थी सङ्ख्या कूल विद्यार्थी सङ्ख्याको २५ प्रतिशतभन्दा बढी रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षा भने ५० प्रतिशतभन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा रहेका छन्। विद्यालय तहसम्मको शिक्षाको प्रबन्ध राज्यको दायित्व हुने संवैधानिक प्रत्याभूतिलाई सम्बोधन गर्ने सन्दर्भमा निजी क्षेत्रको सहभागिता केकसरी हुने भन्ने विषय पनि शिक्षामा लगानी र स्रोत व्यवस्थामा महत्त्वपूर्ण हुन्छ। नेपालका निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थामा सरकारी खर्च (लगानी) प्रत्यक्ष रूपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ। त्यसका लागि सरकारी तथा निजी खर्च केकति भयो भनी हिसाबकिताब गरेको पाइँदैन र यो सहज पनि छैन।

अपिहिमाल गाउँपालिकाको हकमा निजी लगानी अर्थात् संस्थागत विद्यालयहरूको भूमिका नगन्य रहेको छ। गाउँपालिकाको कुनै पनि वडामा निजी विद्यालय खुल्न सकेका छैनन् तर यहाबाट बसाईसरि गएकाहरू भने निजी विद्यालयहरूमा अध्ययन गरिरहेका छन्।

अपिहिमाल गाउँपालिकामा प्रतिविद्यार्थी निजी र सार्वजनिक क्षेत्रबाट केकति लगानी भएको छ भन्ने कुनै खास प्रमाणीकरण हुन सकेको छैन। यहाँ प्रतिविद्यार्थी सार्वजनिक खर्च विभिन्न तहका सरकारले सम्बन्धित तहले शिक्षामा गरेको खर्चका आधारमा निकालिएको छ भने प्रतिविद्यार्थी निजी लगानीले सामुदयिक विद्यालयमा अभिभावकले गर्ने विभिन्न प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च र निजी विद्यालयमा पढाउने अभिभावकले तिरेको शुल्क लगायत सबै खर्चहरू समावेश भएका छन्।

नि:शुल्क विद्यालय शिक्षालाई राज्यको दायित्वका रूपमा कार्यान्वयन गर्नका लागि अहिलेकै अवस्थामा पनि सरकारको लगानी बढाउनु जरुरी देखिन्छ भने समग्रमा शिक्षा प्रवाह सुधार गरी बालबालिकामैत्री वातावरमा सबैका लागि गुणस्तरीय शिक्षाको प्रबन्धका लागि थप लगानी आवश्यक छ। अपिहिमालको समग्र अवस्था हेर्दा सामुदायिक विद्यालयमा मात्र लगानी गरेको छ।

मुलुकमा सङ्घीय स्वरूपको राज्य व्यवस्थापन गर्ने क्रममा सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारको निर्वाचन भएर ती सरकारहरू क्रियाशील भएको सन्दर्भमा संवैधानिक मार्गदर्शन तथा त्यसबाट सिर्जना भएका दायित्त्व, प्राथमिकता तथा जिम्मेवारीले शिक्षामा स्रोत तथा लगानीको स्वरूप निर्धारणलाई महत्त्वपूर्ण आधार तयार गर्दछ भने दिगो विकास लक्ष्य तथा बालअधिकार तथा शिक्षासम्बन्धी नेपालले गरेका प्रतिबद्धता, राष्ट्रिय कानुन तथा नीतिहरू पनि शिक्षामा सार्वजनिक लगानीका आधारहरू हुन्। सार्वजनिक विद्यालयहरूमा विद्यार्थीको भर्ना दर घट्न थाल्नु र संस्थागत विद्यालयमा बढ्नुले एकातिर सार्वजनिक शिक्षाको व्यवस्थापन तथा गुणस्तरप्रति अभिभावक विश्वस्त हुन नसकेको भन्ने देखिन्छ भने अर्कोतिर आर्थिक रूपले सक्षम तथा सहज परिस्थितिमा रहेका र आर्थिक रूपले कमजोर तथा सुविधाविहीनहरूका बिचको भिन्नतालाई फराकिलो पार्दै लैजाने कार्यलाई बालमस्तिष्कमा नै रोपण

गरी यसले समाजका असमानता र द्वन्दलाई मलजल गरेको देखिन्छ । यस्तो अवस्थामा शिक्षाको लगानीले यस्तो भिन्नता तथा असमानतालाई घटाउन सहयोग गर्नुपर्छ । सार्वजनिक विद्यालयहरूमा विद्यार्थीको भर्ना दर घट्न थालेको र संस्थागत विद्यालयमा बढ्न थालेको एउटा तथ्य तल प्रस्तुत आँकडाले पनि स्पष्ट पार्दछ:

**तालिका: सामुदायिक  विद्यालयमा विद्यार्थी भर्नाको अवस्था**

| क्र.स. | विद्यालयको नाम | शै.स. २०८० को विद्यार्थी भर्ना सङ्ख्या | | | शै.स. २०८१ को विद्यार्थी भर्ना सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | अपिनाम्पा आ.वि. पाटु | १८ | २३ | ४१ | १३ | ५ | १८ |
| २ | भवानी आ.वि. ककनाडी | २१ | २५ | ४६ | ११ | ११ | २२ |
| ३ | भवानी आ.वि. सिती | ५४ | ४५ | ९९ | ३४ | ४१ | ७५ |
| ४ | भवानी मा.वि. सौगन्ना | ११९ | १२३ | २४२ | १०८ | ९० | १९८ |
| ५ | भुमिराज आ.वि. चौकिबगर | ११ | १० | २१ | ८ | ६ | १४ |
| ६ | चौलानी आ.वि. तल्लोफेर | १८ | १९ | ३७ | १८ | १२ | ३० |
| ७ | छिपुलकेदार मा.वि. धङकङ | ७० | ९४ | १६४ | ७४ | ७२ | १४६ |
| ८ | डाडाँबाग आ.वि. लुम्थी | ३६ | २५ | ६१ | २१ | ३१ | ५२ |
| ९ | गौरी शंकर आ.वि. मज्जे | २३ | १८ | ४१ | १२ | १३ | २५ |
| १० | हिमालय आ.वि. पाथा | ३२ | ३२ | ६४ | २५ | ३१ | ५६ |
| ११ | खण्डेश्वरी मा.वि. क्षेत्ती | २०१ | २१० | ४११ | १८८ | २०१ | ३८९ |
| १२ | महादेव आ.वि. ल्वाथी | ७ | ११ | १८ | ९ | ६ | १५ |
| १३ | महादेव आ.वि. काटै | ९ | ८ | १७ | ५ | ७ | १२ |
| १४ | महादेव आ.वि. राङपाङ | १७ | १० | २७ | ७ | १२ | १९ |
| १५ | महादेव आ.वि. खडियान | २३ | १९ | ४२ | १४ | १६ | ३० |
| १६ | महादेव मा.वि. घुसा | ८९ | ८० | १६९ | ७५ | ८१ | १५६ |
| १७ | सानो आ.वि. माङदाङ | १५ | २१ | ३६ | १६ | ७ | २३ |
| १८ | सरस्वती आ.वि. मरखोला | ७९ | ७६ | १५५ | ७६ | ७३ | १४९ |
| १९ | सुर्माभवानी आ.वि. थुम्ती | २९ | २९ | ५८ | ३१ | २४ | ५५ |
| २० | सिद्धनाथ आ.वि. दैभात | १० | ८ | १८ | ८ | ९ | १७ |
| २१ | सिद्धनाथ आ.वि. घाजिर | १७ | ९ | २६ | ११ | १६ | २७ |
| २२ | तामाखानी आ.वि. चौविसन | ५१ | ४९ | १०० | ६४ | ४२ | १०६ |
| | **जम्मा** | **९४९** | **९४४** | **१८९३** | **८२८** | **८०६** | **१६३४** |

प्रस्तुत तथ्याङ्कलाई केलाउँदा अपिहिमाल गाउँपालिकाका सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्न थालेको प्रष्ट देखिन्छ भने संस्थागत विद्यालयमा  बढिरहेको देखिन्छ। शिक्षा नीति र लगानीमा राज्यको अदूरदृष्टिले गर्दा विद्यार्थी सङ्ख्या क्रमशः सामुदायिक विद्यालयमा घट्दै गइराखेको अवस्था छ। संस्थागत विद्यालयले शिक्षा क्षेत्रमा गरेको लगानीलाई पनि सरकारले सकारात्मक रूपमा हेर्नु पर्दछ। संस्थागत विद्यालयलाई पनि राज्यको मूल धारमा समावेश गरी गुणस्तरीय  शिक्षाको विकासमा एकरूपता ल्याउनु पर्छ।

## ६.४ शिक्षाका विभिन्न उपक्षेत्रमा भएको लगानीको अवस्था

अग्रगमनको प्रमुख आधार शिक्षा हो । शिक्षामा गरिने लगानी सिकारू अर्थात् विद्यार्थीका लागि हो । तिनै सिकारु विद्यार्थीहरू नै भविष्यमा देशका लागि नभई नहुने मानवीय स्रोत/साधन (संशाधन) हुन् । त्यसका लागि शिक्षक व्यवस्थापनमा पनि सर्वाधिक लगानी हुने गर्छ र गर्नु पनि पर्दछ । लगानीका प्रमुख विषयक्षेत्र आकर्षक एवं समय सुहाँउदो भौतिक पूर्वाधार तथा संरचना, प्रशासनिक खर्च, शैक्षिक सामग्री, छात्रवृत्ति, दिवा खाजा लगायतका विविध विषयहरू हुन सक्तछन् ।

### तालिका: आर्थिक वर्ष २०८१/०८२ को लगानीको अवस्था

| क्र.सं. | लगानीको शीर्षक | लगानीको क्षेत्र | लगानीको स्रोत | लगानी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | विद्यालय मा.वि. | सङ्घीय सरकार | 11308000.0 | |
| | | विद्यालय आ.वि. | सङ्घीय सरकार | 39374000.0 | |
| | | बालविकास/कर्मचारी | सङ्घीय सरकार | 5884000.0 | |
| | | बालविकास/कर्मचारी, आ.वि. र मा.वि. शिक्षक | स्थानीय सरकार | १६७२८००० | |
| | पारिश्रमिक शिक्षण सहयोग अनुदान | विद्यालय मा.वि. | सङ्घीय सरकार | 4624000.0 | |
| | पारिश्रमिक शिक्षण सहयोग अनुदान | विद्यालय आ.वि. | सङ्घीय सरकार | 1846000.0 | |
| २ | निशुल्क स्यानेटरी प्याड व्यवस्थापन | विद्यालय | सङ्घीय सरकार | 503000.0 | |
| ३ | दिवा खाजा | विद्यालय | सङ्घीय सरकार | 5200000.0 | |
| | | | स्थानीय सरकार | ३६८००० | |
| ४ | छात्रवृति (छात्रा/ दलित) | विद्यालय | सङ्घीय सरकार | 223000.0 | |
| | छात्रवृति (PMT) | विद्यालय | सङ्घीय सरकार | 347000.0 | |
| | अल्पसंङ्ख्यक | विद्यालय | स्थानीय सरकार | ११८००० | |
| ५ | भौतिक निर्माण | विद्यालय | स्थानीय सरकार | | |
| ६ | अतिरिक्त कक्षा सञ्चालन (कोभिड-१९) | विद्यालय | सङ्घीय सरकार | ४००००० | |
| ७ | बिधालय सञ्चालन तथा व्यवस्थापन अनुदान | विद्यालय | सङ्घीय सरकार | 1570000.0 | |
| ८ | राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता | विद्यालय | स्थानीय सरकार | १०००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सिकाइ सामग्री व्यवस्थापन | विद्यालय | सङ्घीय सरकार | 2166000.0 | |
| १० | निशुल्क पाठ्यपुस्तक अनुदान | विद्यालय | सङ्घीय सरकार | 1241000.0 | |
| | | | स्थानीय सरकार | ७००००० | |
| ११ | अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | सामुदायिक सिकाइ केन्द्र | सङ्घीय सरकार | 500000.0 | |
| | | | स्थानीय सरकार | २००००० | |
| १२. | शैक्षिक गुणस्तर सुदृढीकरण प्रोत्साहन अनुदान रकम | विद्यालय | सङ्घीय सरकार | 500000.0 | |
| १३. | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | विद्यालय | सङ्घीय सरकार | 750000.0 | |
| १४. | अतिरिक्त क्रियाकलाप | विद्यालय | स्थानीय सरकार | २००००० | |
| १५. | प्र.अ. बैठक/ मासिक समीक्षा | विद्यालय | स्थानीय सरकार | १८६००० | |
| १६. | अभिभावक शिक्षा | विद्यालय | स्थानीय सरकार | २००००० | |
| १७. | अध्यक्षसँग बालबालिका | विद्यार्थी | स्थानीय सरकार | ५०००० | |
| १८ | एक विद्यालय एक ल्यापटप वितरण | विद्यालय | स्थानीय सरकार | ७००००० | |
| १९ | शिक्षक तालिम(वि.व्य.स., वालविकास ,शिक्षक) | शिक्षक | स्थानीय सरकार | ४००००० | |
| २० | डिजिटल नमूना विद्यालय | विद्यालय | स्थानीय सरकार | ३००००० | |
| २१ | योग शिक्षा कार्यक्रम | पालिका | स्थानीय सरकार | १००००० | |
| २२ | विद्यालय अनुगमन तथा निरीक्षण | विद्यालय | स्थानीय सरकार | १००००० | |
| २३ | Under 19 Cricket | पालिका | स्थानीय सरकार | ३००००० | |
| २४ | अध्यक्ष कप भलिबल | पालिका | स्थानीय सरकार | १००००० | |

शिक्षामा गरिएको लगानीको वस्तुपरक रूपमा यति लगानी गरेकोले यति उपलब्धि भयो भनेर भन्न गाह्रो हुन्छ किनकि शिक्षामा गरिएको लगानीको प्रतिफल तत्कालै देखिँदैन । फेरि शिक्षामा गरिने लगानीलाई मानवीय सन्तुष्टिसँग पनि जोड्ने गरिन्छ; जुन कुरा मापन गर्न सहज छैन । शिक्षामा गरिने लगानी मानव संशाधन विकासको लागि गरिने लगानीको रूपमा लिइने गरेको पाइन्छ । यी दीर्घकालीन प्रभाव पार्ने विषयक्षेत्रका अतिरिक्त वस्तुपरक सूचकका आधारमा पनि शिक्षामा लगानीको उपलब्धिको रुपमा हेर्ने गरिन्छ । नेपालमा शिक्षामा लगानीका सम्बन्धमा शिक्षक व्यवस्थापनको स्वरूप र शिक्षामा राज्यको लगानीको विषय सर्वाधिक पेचिलो बनेको छ; यो विडम्बनापूर्ण अवस्था हो ।

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा अपिहिमाल गाउँपालिकामा रहेका देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ:

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्नु पर्ने,

२. सङ्घ, प्रदेशबाहेक स्थानीय सरकारलाई पनि शिक्षामा थप लगानीको लागि जिम्मेवार बनाइनुपर्ने,

३. संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्र/अभिभावकको तर्फबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सामाजिक दायित्व एवं सेवामूलक भावनालाई प्रोत्साहन गरिनुपर्ने,

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्नुपर्ने,

५. दातृ संस्थाहरूबाट सहायता प्राप्ति, परिचालन, घट्दै गएकोले त्यस प्रकारका सहायताहरूलाई बढाउन र त्यसको दिगोपना सुनिश्चित गर्नु पर्ने,

६. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोत साधनको व्यवस्था गर्नुपर्ने,

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरू: प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्नुपर्ने,

८. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्नुपर्ने,

९. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु पर्ने,

१०. वित्तीय व्यवस्थापनलाई कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्नु पर्ने,

११. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्नु पर्ने ।

१२. अपिहिमाल गाउँपालिकामा कार्यरत शिक्षकहरूको कार्यक्षमता वृद्धि गर्न तालिम तथा कार्यशालाहरू सञ्चालन गर्नुपर्ने, आदि ।

## ६.५ उद्देश्यहरू

शैक्षिक सुधारका निम्ति तयार पारिएको यस दस बर्से शिक्षा योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् :

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,

२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गरी कार्यन्वयन गर्नु,

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

४. खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु,

५. लगानीको उपयोगको अवस्था जानकारी लिने उपयुक्त विधि र प्रक्रिया प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु,

६. लगानीका कार्यक्रमहरूलाई औचित्यको आधारमा पारदर्शी, दिगो, उपलब्धिमूलक र शीघ्र परिणाम दिने खालको हुने गरी लगानीका स्रोतको पहिचान र प्रबन्ध गर्नु,

७. विद्यालयहरूमा गरिने भौतिक निर्माण तथा खरिद प्रक्रियाको लागि एउटा छुट्टै गाउँपालिका स्तरीय *विकास निर्माण विभाग (Dipartment* of *Development and Construction-DDC)* खडा गरी नियमित काम गर्ने वातावरण बनाउनु, आदि ।

## ६.६ रणनीतिहरू

अपिहिमाल गाउँपालिकाको दस बर्से शिक्षा योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन्:

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा सङ्घीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आआफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिएको छ ।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तहभित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गरिनेछ ।

३. शिक्षामा सार्वजनिक लगानी वृद्धि गर्नुको साथै स्थानीय सरकारबाट आवश्यकतामा आधारित विशेष बजेटको व्यवस्था गरिनेछ ।

४. सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिनेछ भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

५. अवस्था र आवश्यकताका आधारमा समानीकरण, सम्पूरक, सशर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिनेछ ।

६. मापदण्डका आधारमा खर्च, निष्पक्ष अनुगमन एवं यथार्थ प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ ।

७. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।

८. स्थानीय सरकारको तर्फबाट शिक्षाका नयाँ नयाँ आयाम तथा पद्धतिहरूको प्रयोग गरी शिक्षा लिने-दिने प्रक्रियालाई सहज र जीवन्त गर्न निरन्तर बजेटको व्यवस्था गर्नुको साथै नियमित फलोअप गरिनेछ।

## ६.७ लगानी र स्रोत व्यवस्थापन

अपिहिमाल गाउँपालिकाको आगामी दस बर्से शिक्षा योजना अवधिको लक्ष्य प्राप्तिको लागि निम्नानुसारको लगानीको क्षेत्र र स्रोत व्यवस्थापन अनुमान गरिएको छ:

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

## लगानीको क्षेत्र र स्रोत व्यवस्थापन

### १. सङ्घीय सरकारको लगानी

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तहका स्वीकृत दरबन्दिका शिक्षक,राहात अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तरगका शिक्षक कर्मचारी समेत | 39374000 | 41342700 | 42267989 | 43178119 | 44123593 | 45110067 | 216022468 | 237624715 |
| २ | माध्यामिक तहका स्वीकृत दरबन्दिका शिक्षक,राहात अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तरगका शिक्षक कर्मचारी समेत र प्राविधिक धारका प्रशिक्षक समेत | 39374001 | 41342701 | 42267990 | 43178120 | 44123594 | 45110068 | 216022474 | 237624721 |
| ३ | बालबिकास तथा विद्यालय कर्मचारिको त.भ. | 39374002 | 41342702 | 42267991 | 43178121 | 44123595 | 45110069 | 216022479 | 237624727 |
| ४ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवंम कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदान | 39374003 | 41342703 | 42267992 | 43178122 | 44123596 | 45110071 | 216022485 | 237624733 |
| ५ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास परीक्षा संचालन एंवम विद्यार्थी मूल्याङकन | 39374004 | 41342704 | 42267993 | 43178123 | 44123598 | 45110072 | 216022490 | 237624739 |
| ६ | निशुल्क पाठ्यपुस्तक | 39374005 | 41342705 | 42267994 | 43178124 | 44123599 | 45110073 | 216022496 | 237624745 |
| ७ | तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | 39374006 | 41342706 | 42267995 | 43178126 | 44123600 | 45110074 | 216022501 | 237624751 |
| ८ | शैक्षिक पहुँच सुनिश्चितता ,अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम | 39374007 | 41342707 | 42267997 | 43178127 | 44123601 | 45110075 | 216022507 | 237624757 |
| ९ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | 39374008 | 41342708 | 42267998 | 43178128 | 44123602 | 45110076 | 216022512 | 237624763 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री व्यवस्थापन अनुदान | 39374009 | 41342709 | 42267999 | 43178129 | 44123603 | 45110077 | 216022518 | 237624769 |
| ११ | विद्यालयका छात्राका लागि स्यानिटरी प्याड | 39374010 | 41342711 | 42268000 | 43178130 | 44123604 | 45110079 | 216022523 | 237624775 |
| १२ | विपन्न लक्षित छात्रवृत्तीका लागि छनौट भएका कक्षा ६-१२ विद्यार्थिका लागि छात्रवृत्ती | 39374011 | 41342712 | 42268001 | 43178131 | 44123605 | 45110080 | 216022529 | 237624781 |
| १३ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रावृत्ती | 39374012 | 41342713 | 42268002 | 43178132 | 44123607 | 45110081 | 216022534 | 237624787 |
| १४ | विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ(ReAL) कार्यान्वयन | 39374013 | 41342714 | 42268003 | 43178133 | 44123608 | 45110082 | 216022540 | 237624793 |
| १५ | शिक्षण सहयोग अनुदान ६-८ | 39374014 | 41342715 | 42268004 | 43178134 | 44123609 | 45110083 | 216022545 | 237624800 |
| १६ | शिक्षण सहयोग अनुदान ९-१० | 39374015 | 41342716 | 42268005 | 43178135 | 44123610 | 45110084 | 216022550 | 237624806 |

**२. स्थानीय सरकारको लगानी**

| क्र.सं. | कार्यक्रम | बजेट रू. हजारमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | 39374 | 40555 | 41343 | 42130 | 42918 | 43705 | 210651 | 231716 |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | 11308 | 11647 | 11873 | 12100 | 12326 | 12552 | 60498 | 66548 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | 5884 | 6061 | 6178 | 6296 | 6414 | 6531 | 31479 | 34627 |
| ४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | 1241 | 1278 | 1303 | 1328 | 1353 | 1378 | 6639 | 7303 |
| ५ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | 5200 | 5356 | 5460 | 5564 | 5668 | 5772 | 27820 | 30602 |
| ६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | 1570 | 1617 | 1649 | 1680 | 1711 | 1743 | 8400 | 9239 |
| ७ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | 500 | 515 | 525 | 535 | 545 | 555 | 2675 | 2943 |
| ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | 500 | 515 | 525 | 535 | 545 | 555 | 2675 | 2943 |
| ९ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | 503 | 518 | 528 | 538 | 548 | 558 | 2691 | 2960 |
| १० | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | 750 | 773 | 788 | 803 | 818 | 833 | 4013 | 4414 |
| ११ | विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | 400 | 412 | 420 | 428 | 436 | 444 | 2140 | 2354 |
| १२ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | 347 | 357 | 364 | 371 | 378 | 385 | 1856 | 2042 |
| १३ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 4624 | 4763 | 4855 | 4948 | 5040 | 5133 | 24738 | 27212 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 1846 | 1901 | 1938 | 1975 | 2012 | 2049 | 9876 | 10864 |
| १५ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | 2166 | 2231 | 2274 | 2318 | 2361 | 2404 | 11588 | 12747 |
| १६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | 223 | 230 | 234 | 239 | 243 | 248 | 1193 | 1312 |
| १७ | शैक्षिक क्यालेन्डर निर्माण | 150 | 155 | 158 | 161 | 164 | 167 | 803 | 883 |
| १८ | अध्यक्ष कप भलिबल प्रतियोगिता | 200 | 206 | 210 | 214 | 218 | 222 | 1070 | 1177 |
| १९ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | 1000 | 1030 | 1050 | 1070 | 1090 | 1110 | 5350 | 5885 |
| २० | पालिकास्तरीय परीक्षा संचालन तथा व्यवस्थापन | 150 | 155 | 158 | 161 | 164 | 167 | 803 | 883 |
| २१ | विद्यालय दिवा खाजालाई सहयोग कार्यक्रम | 368 | 379 | 386 | 394 | 401 | 408 | 1969 | 2166 |
| २२ | Under 19 Cricket | 300 | 309 | 315 | 321 | 327 | 333 | 1605 | 1766 |
| २३ | प्र.अ./ शिक्षा समिति बैठक भत्ता | 186 | 192 | 195 | 199 | 203 | 206 | 995 | 1095 |
| २४ | स्थानीय बिषयको पाठ्यपुस्तक तथा सनदर्भ सामग्री निर्माण | 700 | 721 | 735 | 749 | 763 | 777 | 3745 | 4120 |
| २५ | योग शिक्षा कार्यक्रम | 100 | 103 | 105 | 107 | 109 | 111 | 535 | 589 |
| २६ | विद्यालय अनुगमन तथा निरीक्षण | 100 | 103 | 105 | 107 | 109 | 111 | 535 | 589 |
| २७ | शैक्षिक अन्तरक्रिया तथा समिक्षा | 200 | 206 | 210 | 214 | 218 | 222 | 1070 | 1177 |
| २८ | अतिरिक्त क्रियाकलाप | 200 | 206 | 210 | 214 | 218 | 222 | 1070 | 1177 |
| २९ | विद्यालय शिक्षक अनुदान | 16728 | 17230 | 17564 | 17899 | 18234 | 18568 | 89495 | 98444 |
| ३० | सामुदायिक सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन अनुदान | 200 | 206 | 210 | 214 | 218 | 222 | 1070 | 1177 |
| ३१ | अभिभावक शिक्षा | 200 | 206 | 210 | 214 | 218 | 222 | 1070 | 1177 |
| ३२ | अल्पसंख्यक छात्रवृत्ती | 118 | 122 | 124 | 126 | 129 | 131 | 631 | 694 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | शिक्षा योजना निर्माण | 500 | 515 | 525 | 535 | 545 | 555 | 2675 | 2943 |
| ३४ | शिक्षक तालिम(वि.व्य.स., वालविकास ,शिक्षक) | 400 | 412 | 420 | 428 | 436 | 444 | 2140 | 2354 |
| ३५ | एक विद्यालय एक ल्यापटप वितरण | 700 | 721 | 735 | 749 | 763 | 777 | 3745 | 4120 |
| ३६ | डिजिटल नमूना विद्यालय | 300 | 309 | 315 | 321 | 327 | 333 | 1605 | 1766 |
| ३७ | बिषयगत शिक्षकहरुकालागि अन्तरक्रिया तथा तालिम | 50 | 52 | 53 | 54 | 55 | 56 | 268 | 294 |
| ३८ | विद्यालयहरूको भौतिक सुधार | 0 | 500 | 700 | 200 | 100 | 500 | 2000 | 2200 |

# परिच्छेद - सात : अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रमहरूमा स्रोत-साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ ? लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन ? कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन् ? शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख छन् वा छैनन् ? उल्लिखित प्रश्नले उठान गरेका विषयलाई यकिन गर्नका लागि व्यवस्थापकीय पक्षबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिका बारेमा नियमित वा आवधिक रूपमा गरिने निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझको कार्य नै अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी प्रदान गराउँछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले गरिने जाँचबुझ तथा लेखाजोखाको कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनको क्रममा सिकिएका पाठहरूको आधार तथा सङ्घीय संरचनाको सन्दर्भमा अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य, रणनीति एवम् यस शिक्षा क्षेत्रको योजनामा सङ्घीय स्वरूपअनुसारको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासका लागि सबै तहका सरकार, सम्बद्ध सबै निकाय र सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन ढाँचा, साधन, विषय र प्रतिवेदनसम्बन्धी विषयहरूलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ७.१ वर्तमान अवस्था

नेपालमा आठौँ योजनाबाट अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गको रूपमा समेटेको पाइन्छ । राष्ट्रिय स्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालय स्तरमा सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति गठन भई चौमासिक रूपमा बैठक बस्ने र विकास कार्यक्रमहरूको चौमासिक प्रगति समीक्षा गर्ने गरिएको छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना अवधि (वि.स. २०२८-२०३२) मा शिक्षा मन्त्रालयमा मूल्याङ्कन शाखा रहेकोमा २०४९ पछि यसलाई अनुगमन शाखाका रूपमा विकास गरियो भने २०६३ पछि अनुगमन महाशाखाका रूपमा विकास गरिएको थियो । देशमा सङ्घीय संरचना प्रारम्भ भएपछि मन्त्रालयको संरचनागत परिवर्तन भई हाल योजना तथा अनुगमन महाशाखाअन्तर्गत अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ । शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय पालिकाको शिक्षा शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको उपलब्धि परीक्षण गर्दै आएको छ । विद्यालय निरीक्षक तथा स्रोत केन्द्रबाट शिक्षकलाई शिक्षण प्रक्रियामा

स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवम् शिक्षण सिकाइ प्रक्रिया लगायतका विषयमा निरीक्षण तथा सुपरिवेक्षण हुने गरेकोमा अहिले आएर स्रोत केन्द्र खारेज भएका हुनाले सुपरिवेक्षणका लागि कुनै संस्थागत प्रबन्ध रहेको छैन । दिगो विकासको शिक्षासम्बन्धी लक्ष्य न. ४ को कार्यान्वयनका लागि तयार गरिएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको छ ।

वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा भएका सबल र दुर्बल पक्षको जानकारी लिने तथा लक्ष्य र वास्तविक कार्यान्वयनको अवस्थाबिचको अन्तर पत्ता लगाउनका लागि नतिजा तालिका अनुसारको सूचना सङ्कलन गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधारसम्बन्धी मुख्य सूचना प्राप्तिको आधारका रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य सुरू गरिएको छ । बाह्य मूल्याङ्कन समूहबाट विद्यालय क्षेत्र विकास कार्यक्रमको मध्यावधि मूल्याङ्कन कार्य सम्पन्न भएको छ । विद्यालय तह, स्थानीय तह, प्रदेश र सङ्घीय तहमा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रममा वैदेशिक सहयोगको कतिपय अंश लक्षित नतिजामा आधारित गरी बाह्य संस्था वा विज्ञद्वारा भुक्तानी सूचकहरू रुजु गरेर मात्र उपलब्धिअनुसार सरकारले भुक्तानी पाउने व्यवस्था पनि गरिएको छ । उल्लिखित प्रबन्ध भए पनि सङ्घीय संरचनाअनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरी आवश्यक नतिजाहरू सबै तहको सरकारले प्राप्त गर्न सक्ने गरी स्वचालित बनाइनु पर्नेछ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट तीनै तहका सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाइनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु उत्तिकै आवश्यक छ । उल्लिखित विश्लेषणका आधारमा यस योजनामा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित प्रमुख चुनौतीहरू पहिचान गरिएको छः

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु,
२. अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु,
३. अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र सङ्घीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तनपश्चात् विद्यालय निरीक्षण तथा सुपरिवेक्षणको कामलाई पुनर्सङ्गठित गर्नु,

४. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु,
५. सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता गर्नु,
६. अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु,
७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु ।

## ७.२ उद्देश्य

१. प्रभावकारी, सुधारात्मक, सहयोगी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु,
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,
४. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

## ७.३ रणनीतिहरू

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिनेछ,
२. अनुगमन पूर्णतया सहयोगात्मक एवं सुधारात्मक पद्धतिमा आधारित हुनेछ र सबै प्रकारका अनुगमनहरू शिक्षकको पेसागत विकासमा सहयोगी सिद्ध हुनेछन्,
३. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण (सफ्टवयरको निर्माण गरी) गरिने छ । शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाइनेछ,
४. सूचक विकासका लागि प्रमुख नतिजा सूचक तथा नतिजा खाकालाई मुख्य आधार बनाइनेछ,
५. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गरिनेछ,
६. विद्यालयदेखि शिक्षाका स्थानीय, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरू एवम् शिक्षासम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि वेबमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइनेछ,
७. योजनाका लागत, प्रक्रिया, परिणाम तथा उपलब्धि र प्रभाव समेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानुनी तथा संरचनागत व्यवस्थासहित जनशक्तिको प्रबन्ध गरी प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ । कुनकुन तह, स्तर र विषयको अनुगमन तथा मूल्याङ्कनलाई ध्यान दिने भन्ने निश्चित गरिनेछ,

८. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गरिनेछ,
९. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागू गर्ने प्रणालीको विकास गरिनेछ,
१०. अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्यमा जोड दिइनेछ,
११. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई अवलम्बन गरिनेछ,
१२. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिनेछ,
१३. प्रत्येक शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ,
१४. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम, योजना तथा परियोजनालाई पुरस्कृत र दण्डित गर्ने प्रणालीको विकास गरिनेछ,
१५. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, पर्यवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ ।

## ७.४ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

### उपलब्धि

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरू समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ । उपलब्धिको विषयलाई बुँदागत रूपमा तल प्रस्तुत गरिन्छ:

१. गाउँ शिक्षा समितिबाट गाउँ शिक्षा योजना कार्यक्रमको कार्यान्वयनमा समन्वय, अनुगमन र मूल्याङ्कन भएको हुनेछ,
२. गाउँ शिक्षा समितिले योजना कार्यान्वयनको अनुगमनका लागि आवश्यकतानुसार विज्ञ व्यक्ति वा समूह परिचाललन गरेको हुनेछ,
३. शिक्षा,युवा तथा खेलकुद शाखाद्वारा योजना अनुगमन तथा मूल्याङ्कनमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घलगायत अन्य सरोकारवलाहरुलाई प्रविधिक सहयोग उपलब्ध गरिएको हुनेछ,
४. प्रत्येक विद्यालयले मासिक रूपमा विद्यालय प्रगति प्रतिवेदन तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने व्यवस्था मिलाइएको हुनेछ,
५. विद्यालयमा कार्यक्रम कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौति र मुद्दा हेर्न गाउँपालिकामा विशेष समिति रहनेछ जुन समितिले विद्यालयको अनुगमन निरीक्षण गरी विद्यालयका समस्या तथा चुनौति मूल्याङ्कन गरी गाउँ शिक्षा समितिमा पेश गर्ने व्यवस्था मिलाइएको हुनेछ,
६. सुशासन र पारदर्शिता कायम राख्न सामाजिक र आर्थिक लेखा परीक्षणका कार्यक्रम प्रभावकारी ढङ्गले परिचालन गरिएको हुनेछ,

७. विद्यालयमा सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई शैक्षिक व्यवस्थापनको अभिन्न अङ्गका रूपमा विकास गरी अनुगमन मूल्याङ्कनबाट प्रभावकारी कार्यन्वयन गरिएको हुनेछ,

८. विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरणमा गाउँपालिकाभरि एकरूपता कायम गरिएको हुनेछ।

## प्रमुख नतिजाहरू

१. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने।
२. सहयोगात्मक एवं सुधारात्मक अनुगामन पद्धति लागु गरिने।
३. अनुगमनका आधारमा नतिजा सुधार हुने।
४. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने।
५. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरूका आधारमा सुधार गर्ने परिपाटि स्थापित हुने।
६. विभन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने।

## ७.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | क्रियाकलाप | एकाइ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | लक्ष्य १० वर्ष | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमनको जिम्मेवारी सहित एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन विकास | सङ्घ, प्रदेश, गा.पा. | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार तथा अद्यावधिक गर्ने | गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ३ | कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तह तथा निकायले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | सङ्घ, गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ४ | कार्यक्रम कार्यान्वयनको मासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | गाउँपालिका | प्रत्यक महिना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ५ | शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सुधार गरी तीनै | गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तहका सरकारले आवश्यक प्रभावकारी कार्यान्वयन गर्न सक्ने गरी एकीकृत तथा व्यवस्थित गर्ने | | | | | | | | | |
| ६ | स्थिति प्रतिवेदन तयार गर्ने | शिक्षा शाखा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ७ | विभिन्न कार्यक्रमहरूको आवधिक मूल्याङ्कन गर्ने | गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ८ | शिक्षा क्षेत्रको योजना कार्यान्वयनको समग्र मूल्याङ्कन गर्ने | गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ९ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | शिक्षा शखा र सम्बन्धित विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| १० | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने | वि.व्य.स. र गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ११ | स्थानीय तहले अनुगमन पद्धति विकास तथा कार्यान्वयन गर्ने | गाउँपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्न क्षमता विकास गर्ने | सङ्घ, गाउँपालिका र विद्यालय | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | गाउँपालिका |
| १३ | विद्यालयहरूमा गरिने सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | सम्बन्धित विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | सम्बन्धित विद्यालय |
| १४ | विद्यालयहरूको लेखा परीक्षण समयमै गर्ने | सम्बन्धित विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | सम्बन्धित विद्यालय |
| १५ | विभिन्न विषय तथा मुद्दामा अध्ययन तथा अनुसन्धान | विषय शिक्षक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | विद्यालय तथा शिक्षक |

# सन्दर्भ सामग्री

१. नेपालको संविधान २०७२, कानुन किताब व्यवस्था समिति, काठमाडौँ
२. उच्च स्तरीय कार्यदलको प्रतिवेदन २०५५, शिक्षा मन्त्रालय, काठमाडौँ
३. उच्च स्तरीय कार्यदलको प्रतिवेदन २०५८, शिक्षा मन्त्रालय, काठमाडौँ
४. चौधौँ (त्रिवर्षीय) योजना (२०७३), राष्ट्रिय योजना आयोगको सचिवालय, काठमाडौँ
५. विद्यालय क्षेत्र सुधार कार्यक्रम मूल दस्तावेज (२०६६-२०७२) शिक्षा मन्त्रालय, काठमाडौँ
६. विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३-२०८०), शिक्षा मन्त्रालय, काठमाडौँ
७. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौँ
८. शिक्षा ऐन (संशोधन सहित), २०२८, कानुन किताब व्यवस्था समिति, काठमाडौँ
९. शिक्षा नियमावली (संशोधनसहित), २०५९, कानुन किताब व्यवस्था समिति, काठमाडौँ
१०. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, काठमाडौँ
११. निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, काठमाडौँ
१२. दिगो विकास लक्ष्य २०१७-३० राष्ट्रिय योजना आयोग, काठमाडौँ
१३. उच्च स्तरीय कार्यदलको प्रतिवेदन, शिक्षा मन्त्रालय, काठमाडौँ
१४. नेपाल सरकारको बजेट कार्यक्रम २०८०/०८१, काठमाडौँ
१५. सोह्रौँ योजनाको आधारपत्र
१६. Emis रिपोर्ट, अपिहिमाल गाउँपालिका
१७. सरोकारवालाहरूसँगको छलफल

## अनुसूची - १ : विद्यालयगतरूपमा विद्यार्थी विवरण

| क्र.सं | विद्यालयको नाम | वडा न. | छात्र | छात्रा | जम्मा | दलित | | | जनजाती | | | अपाङ्ग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | अपिनाम्पा आ.वि. पाटु | २ | १३ | ५ | १८ | — | — | — | — | — | — | — | — | — |
| २ | भवानी आ.वि. ककनाडी | ६ | ११ | ११ | २२ | ४ | ७ | ११ | — | — | — | — | — | — |
| ३ | भवानी आ.वि. सिती | १ | ३४ | ४१ | ७५ | — | — | — | — | — | — | १ | ० | १ |
| ४ | भवानी मा.वि. सौगन्ना | ५ | १०८ | ९० | १९८ | ६ | ५ | ११ | | | | १ | ० | १ |
| ५ | भुमिराज आ.वि. चौकिबगर | ६ | ८ | ६ | १४ | — | — | — | — | — | — | — | — | — |
| ६ | चौलानी आ.वि. तल्लोफेर | ५ | १८ | १२ | ३० | ४ | २ | ६ | | | | ० | १ | १ |
| ७ | छिपुलकेदार मा.वि. धङकङ | ६ | ७४ | ७२ | १४६ | ६ | ६ | १२ | — | — | — | ० | १ | १ |
| ८ | डाडाँबाग आ.वि. लुम्थी | ५ | २१ | ३१ | ५२ | ७ | ७ | १४ | — | — | — | — | — | — |
| ९ | गौरी शंकर आ.वि. मज्जे | ६ | १२ | १३ | २५ | — | — | — | — | — | — | — | — | — |
| १० | हिमालय आ.वि. पाथा | ३ | २५ | ३१ | ५६ | ० | १ | १ | — | — | — | — | — | — |
| ११ | खण्डेश्वरी मा.वि. क्षेत्ती | ४ | १८८ | २०१ | ३८९ | ५ | ९ | १४ | — | — | — | ० | १ | १ |
| १२ | महादेव आ.वि. ल्वाथी | १ | ९ | ६ | १५ | — | — | — | — | — | — | — | — | — |
| १३ | महादेव आ.वि. काटै | ३ | ५ | ७ | १२ | — | — | — | — | — | — | — | — | — |
| १४ | महादेव आ.वि. राङपाङ | ६ | ७ | १२ | १९ | — | — | — | — | — | — | — | — | — |
| १५ | महादेव आ.वि. खडियान | ६ | १४ | १६ | ३० | — | — | — | — | — | — | १ | १ | २ |
| १६ | महादेव मा.वि. घुसा | २ | ७५ | ८१ | १५६ | — | — | — | — | — | — | — | — | — |
| १७ | सानो आ.वि. माङदाङ | ६ | १६ | ७ | २३ | १० | ४ | १४ | — | — | — | — | — | — |
| १८ | सरस्वती आ.वि. मरखोला | ४ | ७६ | ७३ | १४९ | २१ | २३ | ४४ | — | — | — | ० | २ | २ |
| १९ | सुर्माभवानी आ.वि. थुम्ती | ३ | ३१ | २४ | ५५ | — | — | — | — | — | — | — | — | — |
| २० | सिद्धनाथ आ.वि. दैभात | २ | ८ | ९ | १७ | — | — | — | — | — | — | — | — | — |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | सिद्धनाथ आ.वि. घाजिर | ३ | ११ | १६ | २७ | — | — | — | — | — | — | — | — | — |
| २२ | तामाखानी आ.वि. चौविसन | ४ | ६४ | ४२ | १०६ | २ | २ | ४ | — | — | — | १ | ० | १ |


# अनुसूची – २ : तहगत शिक्षक तथा कर्मचारी विवरण (सङ्घीय अनुदान प्राप्त)

| क्र. सं. | विद्यालयको नाम | बालविकास शिक्षक दरबन्दी | प्राथमिक तह दरबन्दी | | निम्नमाध्यमिक तह दरबन्दी | | माध्यमिक तह दरबन्दी | | माविकको उच्च माध्यमिक तह दरबन्दी | संघीय अनुदान | विद्यालय कर्मचारी | विद्यालय सहयोगी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | राहत | स्थायी | राहत | स्थायी | राहत | | | | |
| १ | अपिनाम्पा आ.वि. पाटु | १ | - | - | - | - | - | - | - | - | - | २ |
| २ | भवानी आ.वि. ककनाडी | - | - | - | - | - | - | - | - | - | - | १ |
| ३ | भवानी आ.वि. सिती | १ | ३ | १ | - | - | - | - | - | १ | - | १ |
| ४ | भवानी मा.वि. सौगन्ना | - | ४ | - | १ | - | - | - | - | ३ | १ | १ |
| ५ | भुमिराज आ.वि. चौकिबगर | - | - | २ | - | - | - | - | - | - | - | १ |
| ६ | चौलानी आ.वि. तल्लोफेर | १ | - | - | - | - | - | - | - | - | - | १ |
| ७ | छिपुलकेदार मा.वि. धडकङ | १ | ४ | - | - | - | - | - | - | ४ | १ | २ |
| ८ | डाडाँबाग आ.वि. लुम्थी | - | ३ | - | - | - | - | - | - | - | - | १ |
| ९ | गौरी शंकर आ.वि. मज्जे | - | ३ | - | - | - | - | - | - | - | - | १ |
| १० | हिमालय आ.वि. पाथा | १ | ३ | - | २ | - | - | - | - | - | - | १ |
| ११ | खण्डेश्वरी मा.वि. क्षेत्ती | १ | ५ | - | ३ | - | ४ | - | २ | - | १ | २ |
| १२ | महादेव आ.वि. ल्वाथी | - | २ | - | - | - | - | - | - | - | - | १ |
| १३ | महादेव आ.वि. काटै | - | १ | - | - | - | - | - | - | - | - | १ |
| १४ | महादेव आ.वि. राङपाङ | - | - | २ | - | - | - | - | - | - | - | १ |
| १५ | महादेव आ.वि. खडियान | - | २ | - | - | - | - | - | - | - | - | १ |
| १६ | महादेव मा.वि. घुसा | १ | ३ | १ | - | २ | - | १ | - | २ | १ | १ |
| १७ | सानो आ.वि. माङदाङ | - | १ | - | - | - | - | - | - | - | - | १ |
| १८ | सरस्वती आ.वि. मरखोला | २ | ३ | १ | - | - | - | - | - | १ | - | १ |
| १९ | सुर्माभवानी आ.वि. थुम्ती | - | ४ | - | - | - | - | - | - | - | - | १ |
| २० | सिद्धनाथ आ.वि. दैभात | १ | - | २ | - | - | - | - | - | - | - | १ |
| २१ | सिद्धनाथ आ.वि. घाजिर | १ | २ | - | - | - | - | - | - | - | - | १ |
| २२ | तामाखानी आ.वि. चौविसन | १ | ३ | २ | - | - | - | - | - | १ | - | १ |

## अनुसूची - ३ : तहगत शिक्षक तथा कर्मचारी विवरण (गाउँपालिकाबाट अनुदान प्राप्त)

| क्र. सं. | विद्यालयको नाम | बालविकास शिक्षक दरबन्दी | प्राथमिक तह दरबन्दी | नि.मा. तह दरबन्दी | माध्यमिक तह दरबन्दी | माविकको उच्च माध्यमिक तह दरबन्दी | विद्यालय कर्मचारी | विद्यालय सहयोगी |
|---|---|---|---|---|---|---|---|---|
| १ | अपिनाम्पा आ.वि. पाटु | १ | ३ | - | - | - | - | - |
| २ | भवानी आ.वि. ककनाडी | १ | २ | - | - | - | - | - |
| ३ | भवानी आ.वि. सिती | - | - | ३ | - | - | १ | - |
| ४ | भवानी मा.वि. सौगन्ना | १ | - | ३ | १ | - | - | - |
| ५ | भुमिराज आ.वि. चौकिबगर | १ | - | - | - | - | - | - |
| ६ | चौलानी आ.वि. तल्लोफेर | - | ३ | - | - | - | - | - |
| ७ | छिपुलकेदार मा.वि. धङकङ | - | १ | २ | २ | - | - | - |
| ८ | डाडाँबाग आ.वि. लुम्थी | १ | - | - | - | - | - | - |
| ९ | गौरी शंकर आ.वि. मज्जे | १ | - | - | - | - | - | - |
| १० | हिमालय आ.वि. पाथा | - | - | ३ | - | - | १ | - |
| ११ | खण्डेश्वरी मा.वि. क्षेत्ती | - | - | २ | १ | २ | - | - |
| १२ | महादेव आ.वि. ल्वाथी | १ | - | - | - | - | - | - |
| १३ | महादेव आ.वि. काटै | १ | १ | - | - | - | - | - |
| १४ | महादेव आ.वि. राङपाङ | १ | - | - | - | - | - | - |
| १५ | महादेव आ.वि. खडियान | १ | १ | - | - | - | - | - |
| १६ | महादेव मा.वि. घुसा | - | १ | २ | १ | - | - | - |
| १७ | सानो आ.वि. माङदाङ | १ | १ | - | - | - | - | - |
| १८ | सरस्वती आ.वि. मरखोला | - | १ | ३ | - | - | १ | - |
| १९ | सुर्माभवानी आ.वि. थुम्ती | १ | १ | - | - | - | - | - |
| २० | सिद्धनाथ आ.वि. दैभात | - | १ | - | - | - | - | - |
| २१ | सिद्धनाथ आ.वि. घाजिर | - | १ | - | - | - | - | - |
| २२ | तामाखानी आ.वि. चौविसन | - | १ | ३ | - | - | १ | - |
| | **जम्मा** | **१२** | **१८** | **२१** | **५** | **२** | **४** | **-** |



# Destination Api Himal



nepal

Api Himal Rural Municipality